# गोरखा जिल्लामा प्रचलित लोककथाको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय
अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो
वर्षको दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
रोलकबहादुर थापा
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०६९

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभाग, कीर्तिपुर स्नातकोत्तर तह (एम.ए.) दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि छात्र रोलकबहादुर थापाले **गोर्खा जिल्लामा प्रचलित लोककथाको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँले तयार पारेको यस शोधकार्यबाट म पूर्ण रूपमा सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुरमा सिफारिस गर्दछु ।

मिति : २०६९/०९/०४

................................

**प्रा.डा. मोतीलाल पराजुली**

(शोध निर्देशक)

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरूवर प्राध्यापक डा. मोतीलाल पराजुलीज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । यसको तयारीका क्रममा उहाँले प्राध्यापन तथा विविध व्यवहारिक कार्यव्यस्ततका बीच पनि मलाई आफ्नो अमूल्य समय दिई शोधकार्यमा अभिप्रेरित गर्नका साथै प्रस्तुत शोधपत्रलाई यस रूपमा ल्याउन समुचित मार्ग निर्देशन गर्नु भएकोमा शोधनिर्देशक श्रदय गुरूप्रति सर्वप्रथम हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधकार्यलाई स्वीकृति प्रदान गरी शोधकार्य गर्ने अवसर दिने नेपाली केन्द्रीय विभागप्रति म कृतज्ञ छु । औपचारिक शिक्षाको यस तहसम्म आइपुग्न प्रेरणा, सहयोग र मार्गदर्शन गर्नुहुने मेरा पुजनीय बुबा मीनबहादुर थापा, स्वर्गीय माता भद्रकुमारी थापा, आदरणीय ठूलोदाजु सोमबहादुर थापा मेरा सबै दाजुभाइ दिदी बहिनी, श्रीमती हीरा थापा साथै प्रस्तुत शोधपत्र लेखनको क्रममा सहयोग गर्नु हुने सम्पूर्ण शुभचिन्तकहरूमा धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

यस शोधकार्यका लागि आवश्यक पुस्तक तथा पत्रपत्रिका सरल र सहज रूपमा उपलब्ध गराई सहयोग गर्ने त्रि.वि. केन्द्रीय पुस्तकालय परिवारलाई हार्दिक धन्यवाद छ । यस शोधपत्रलाई छिटो-छरितो बनाउन तथा वास्तविक स्रोत सङ्कलनमा विशेष सहयोग गर्नु हुने श्री सिद्धार्थ मा.वि. सौरपानी, जौवारीका श्रद्धय प्र.अ. श्री निमप्रसाद ढकालज्यूलाई धन्यवाद ज्ञापन गर्दछु ।

यसका साथै शोधपत्रलाई छिटोछरितो र शुद्धसँग टङ्कन गर्न सहयोग गरिदिने युनिभर्सल फोटोकपी तथा कम्प्युटर सेन्टरका श्री सुभाष खत्री र जनक सामरीलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा म यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

...................

**रोलकबहादुर थापा**

# विषय सूची

## पहिलो परिच्छेद

## शोध परिचय


| | |
|---|---|
| १.१ विषय परिचय | १ |
| १.२ समस्याकथन | १ |
| १.३ शोधकार्यको उद्देश्य | २ |
| १.४ पूर्व प्रकाशित कृति जानकारी तथा अभिलेखको समीक्षा | २ |
| १.५ शोधकार्यको औचित्य | २ |
| १.६ अनुसन्धानको सीमाङ्कन | ३ |
| १.७ सामग्री सङ्कलन र शोधविधि | ३ |
| १.८ शोधकार्यको रुपरेखा | ४ |


## दोस्रो परिच्छेद

## लोककथाको सैद्धान्तिक परिचय


| | |
|---|---|
| २.१ लोककथाको परिचय | ५ |
| २.२ लोककथाको परिभाषा | ६ |
| २.३ लोककथाको विशेषता | ७ |
| २.३.१ अज्ञात रचनाकार | ७ |
| २.३.२ मौखिक परम्परा | ८ |
| २.३.३ रोमाञ्चकारी कल्पना तथा अद्‌भूत तत्त्वको प्राधान्य | ८ |
| २.३.४ सामूहिकताको आवश्यकता | ८ |
| २.३.५ मनोरञ्जनपूर्णता | ९ |
| २.३.६ सरल तथा हार्दिक पक्षको प्रवलता | ९ |
| २.३.७ गतिशीलता | ९ |
| २.३.८ औपदेशिका | १० |
| २.४ लोककथाका तत्त्वहरू | १० |
| २.४.१ लोकतत्त्व | १० |
| २.४.२ कथावस्तु | ११ |

२.४.३ पात्र १२
२.४.४ भाषाशैली एवम् संवाद १२
२.४.५ अभिप्राय १३
२.४.६ उद्देश्य १३
२.५ लोककथाका प्रकार १३
२.५.१ धार्मिक, साँस्कृतिक तथा ऐतिहाँसिक लोकथाहरू १४
२.५.२ अर्ती उपदेशका लोककथाहरू १४
२.५.३ पशुपन्छीका लोककथाहरू १५
२.५.४ अतिमानवीय रूपका लोककथाहरू १५
२.५.५ दैवी लोककथाहरू १५
२.५.६ फलफूलका लोककथाहरू १५
२.५.७ साहस तथा बहादुरीका लोककथाहरू १५
२.५.८ विविध लोककथाहरू १६
२.६ निष्कर्ष १६

**तेस्रो परिच्छेद**

**लोक कथाको अध्ययन क्षेत्र, सङ्कलित लोककथाहरू, तिनको विश्लेषण र वर्गीकण**

३.१ लोककथाको अध्ययन क्षेत्र १७
३.२ सङ्कलित लोककथाहरू र तिनको विश्लेषण १९
३.२.१ चिर्केश्वर महादेव उत्पत्तिको कथा १९
३.२.२ जालपादेवी उत्पत्तिको कथा २४
३.२.३ गठ साधु ३०
३.२.४. न्याउरी मुसाको कथा ३६
३.२.५ पाहुना र लोभी बुढीको कथा ४२
३.२.६ भूतको कथा ४७
३.२.७ माइला तामाङ ५३
३.२.८ युद्धको कथा ६१
३.२.८.९ लोभी बाहुनका कथा ६६
३.३ सङ्कलित लोककथाको वर्गीकरण ७१

३.३.१ धार्मिक लोककथा ७२

३.३.२ सामाजिक लोककथा ७२

३.३.३ धुर्त्याइँ र चतुऱ्याइँका लोककथा ७३

३.३.४ पशुपन्छी र भूतप्रेतका लोककथा ७३

३.३.५ अतिमानवीय लोककथा ७३

३.३.६ किंवदन्तीमूलक लोककथा ७३

**चौथो परिच्छेद**

**सारांश तथा निष्कर्ष**

४.१ सारांश ७५

४.२ निष्कर्ष ७७

४.३ भावी अनुसन्धानका लागि सुझाव ७९

**परिशिष्ट १ : सङ्कलित लोककथावाचहरूको परिचय**

**सन्दर्भ सामग्री सूची**

# ङ्क्षेपीकृत शब्दूची

| | |
|---|---|
| अप्र. | : अप्रकाशित |
| ई. | : इस्वी संवत |
| गा.वि.स. | : गाउँ विकास समिति |
| डा. | : डाक्टर |
| ते.सं. | : तेस्रो संस्करण |
| ने.रा.प्र.प्र. | : नेपाल प्रज्ञा प्रतिष्ठान |
| पा.वि.के., त्रि.वि. | : पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय |
| प्रा. | : प्राध्यापक |
| प्रा.लि. | : प्राइभेट लिमिटेड |
| पृ. | : पृष्ठ |
| वि.सं. | : विक्रम संवत् |
| त्रि.वि. | : त्रिभुवन विश्वविद्यालय |
| सम्पा. | : सम्पादक |
| सा.प्र. | : साझा प्रकाशन |
| प्र.अ. | : प्रधानाध्यापक |
| ता.मा.ला. बोट | : ताकुमाझा लाँकुरीबोट क्याप्टेन |
| जि.शि.का | : जिल्ला शिक्षा कार्यालय |

# पहिलो परिच्छेद
# शोध परिचय

## १.१ विषय परिचय

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको उत्तरतर्फ अवस्थित गोरखा पहाडी जिल्ला हो । यस जिल्ला नेपालको राजधानी काठमाडौंबाट करिब १५६ कि.मी. टाढा रहेको छ । पश्चिमा संस्कृतिको प्रत्यक्ष प्रभावको बावजुद पनि यस जिल्ला मौलिक लोककथालाई बचाइ राख्न सफल भइरहेको छ । लोक जीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् । एउटाले भन्ने र अरूले सून्ने चलन भएकोले यस्ता कथालाई भन्ने कथा पनि भनिन्छ । लोककथा शब्दको प्रचलन लोक साहित्यका धारणाको विकासपछि भएको हो । यस गोरखा जिल्लामा बसोबास गर्ने जनमुदायमा सुनाइने लोककथालाई दन्तेकथा पनि भन्ने गरिएको पाइन्छ । यस लोककथालाई कहीँ कहीँ कथाकुथुङ्गी भन्ने पनि चलन छ । परम्परागत लोककथाको संरक्षण र प्रबर्द्धनमा आइपरेका कठिनाई, चुनौती र अवसरको अध्ययन विश्लेषण गर्नु हामी विद्यार्थीहरूको गहन जिम्मेवारी हो । गोरखा जिल्लाका ताकुकोट, ताकु माझलाँकुरीबोट, सौरपानी र स्वाँरा गाउँ विकास समितिमा लोककथाहरू निकै मात्रामा फुर्सदिलो समयमा केटाकेटीहरूलाई मनोरञ्जनात्मक तथा उपदेशात्मक रूपमा सुनाउने प्रचलन यद्यपि रहिआएको छ । लोककथा मेलापात गर्दा बसिबियाँलो गर्दा, गाइवस्तु, चराउन जाँदा पनि सुन्ने र सुनाउने गरिन्छ । तसर्थ लोककथाहरूको ऐतिहासिक पृष्ठभूमिबारे यसको महत्त्व, लोककथाहरूको वर्तमान अवस्था, सामाजिक एकतामा र मनोवैज्ञानिक उपचारमा लोककथाको महत्त्व आदि पक्षबारे अध्ययन गरिने छ । जसको आधारमा शोधपत्रमा परिभाषा, पृष्ठ भूमि, उद्देश्य, तथ्याङ्क सङ्कलन विधिहरू र निष्कर्ष तथा सिफारिसहरू उल्लेख गरिएको छ ।

## १.२ समस्याकथन

गोरखा जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण, विश्लेषणजस्ता कार्य नगरिएको अवस्थामा प्रस्तुत शोधपत्रमा गोरखा जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन वर्गीकरण तथा विश्लेषण जस्ता कार्यहरू गरिएकाले यो शोधकार्य निम्नलिखित समस्यामा केन्द्रीत देखिन्छ ।

(क) गोरखा जिल्लाको ऐतिहासिक, भौगोलिक, सामाजिक अवस्था कस्तो छ ?

(ख) लोक साहित्यका क्षेत्रमा लोककथाको सैद्धान्तिक परिचय के हो ?

(ग) लोककथाले सामाजिक रूपान्तरणमा खेल्दै आएको भूमिकाहरू के के छन् ?

(घ) गोरखा जिल्लामा प्रचलित नेपाली लोककथा के कस्ता छन् र लोककथामा देखिएका चुनौतीहरू के के छन् ?

## १.३ शोधकार्यको उद्देश्य

(क) गोरखा जिल्लाको ऐतिहाँसिक, भौगोलिक, सामाजिक, अवस्थाको परिचय दिने ।

(ख) लोक साहित्यका क्षेत्रमा लोककथाको सैद्धान्तिक परिचय दिने ।

(ग) लोककथाले सामाजिक रूपान्तरणमा खेल्दै आएको भूमिकाहरू बारे विश्लेषण गर्ने ।

(घ) गोरखा जिल्लामा प्रचलित नेपाली लोककथाको सङ्कलन वर्गीकरण र विश्लेषण गर्ने ।

## १.४ पूर्व प्रकाशित कृति जानकारी तथा अभिलेखको समीक्षा

गोरखा जिल्लामा प्रचलित लोकसाहित्यका बारेमा यस भन्दा पहिले केही कार्यहरू भएका छन् कि भनेर गोरखा दर्पण, दरौदी जस्ता स्थानीय स्तरका पत्र पत्रिकाको गहन अध्ययन गर्नुका साथै स्थानी अग्रज बुद्धिजीवि व्यक्तिहरूबाट पनि जानकारी लिने प्रयासका साथै नेपाली केन्द्रीय विभाग कीर्तिपुरको पुस्तकालयमा समेत अध्ययन गर्दा गोरखा जिल्लाका केही सीमित क्षेत्रहरूमा प्रचलित उखान टुक्काको सङ्कलन, लोकगीतको सङ्कलन तथा लोक नाटकको सङ्कलन जस्ता केही लेख र कृतिहरू प्रकाशित भएको पाइए तापनि गोरखा जिल्ला अन्तर्गत ताकुकोट, ताकु माझलाँकुरीबोट, स्वाँरा र सौरपानी गा.वि.स. मा हालसम्म लिखित रूपमा यस प्रकारका कुनै पनि सामग्री प्रकाशित भएको पाइएन । यहाँका लोककथाहरू केवल भन्ने र सुन्ने प्रचलनमै सीमित पाइयो ।

## १.५ शोधकार्यको औचित्य

प्रस्तावित शोधकार्यको मूल उद्देश्य गोरखा जिल्लामा प्रचलित नेपाली लोककथाको अध्ययन गर्नु रहेको छ । यो कार्य प्राज्ञिक एवम् अनुसन्धानात्मक दृष्टिले औचित्पूर्ण रहेको छ । जसमा विभिन्न कोणबाट लोककथाको अध्ययन गरिएको छ । जसअन्तर्गत गोरखा जिल्लाको रीतिस्थिति, चालचलन भेषभूषा, सामाजिक गतिविधि, सामाजिक चेतना अभिवृद्धिमा लोककथाको भूमिका र वर्तमान चुनौती आदि पक्षका बारेमा जानकारी चाहनेहरूलाई प्रस्तुत शोधकार्यबाट लाभ मिल्दछ । यस अनुसन्धानले नेपालमा विभिन्न

क्षेत्रको लोककथाको अध्ययन-अध्यापन कार्यमा समेत केही हदयसम्म सहायता मिल्न सक्ने हुनाले यसको प्राज्ञिक औचित्य स्थापित हुन सक्ने देखिन्छ । तसर्थ प्राज्ञिक दृष्टिकोणबाट यो अनुसन्धान अपरिहार्य रहेको छ ।

## १.६ अनुसन्धानको सीमाङ्कन

गोरखा जिल्लाभरी नै नेपाली लोककथाहरू विभिन्न भाषामा सुनाइए तापनि प्रस्तत‍ु शोधकार्यमा ताकुकोट, ताकुमाझ लाँकुरीबोट, स्वाँरा र सौरपानी गाउँ विकास समितिमा भनिने नेपाली लोककथाको मात्र अध्ययन गरिएको छ । उक्त चार गा.वि.स. का लोककथाको मात्र अध्ययन गरिनु यस अध्ययनको क्षेत्रगत सीमा रहेको छ भने नेपाली भाषामा आधारित लोककथाको मात्र अध्ययन गरिने विषयगत सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन र शोधविधि

प्रस्तावित शोधपत्र तयार पार्न स्थलगत भ्रमण विधि र पुस्तकालय विधि प्रयोग गरिएको छ । लोककथाहरूको सङ्कलनका लागि गोरखा जिल्लाका ताकुकोट गाविस वडा नं. २ भालेढुङ्गाका लोकबहादुर खड्का, वडा नं. ९ उल्टेका शिवप्रसाद पनेरु, त्यस्तै ताकुमाझ लाकुरीबोट गाविस वडा नं. २ कुमाल्टारीका श्रद्धय बुबा मीनबहादुर थापा, सौरपानी गाविस वडा नं. ९ तुक्राङका रुद्रबहादुर बराम, वडा नं. ६ जौवारीका आइतमान गुरुङ, वडा नं. १ गैरीगाउँका भीमप्रसाद ढकाल, स्वाँरा गाविस वडा नं. ८ थलाका धनकाजी तामाङ वडा नं. १ काफल डाँडाका जितबहादुर तामाङहरू सँग प्रत्यक्ष भेट र भ्रमण गरी आवश्यक लोककथाहरू सङ्कलन गरी तिनका बारेमा विविध सन्दर्भहरू बुझ्ने प्रयास पनि गरियो । स्थलगत भ्रमणबाट सामग्री सङ्कलनको कार्य सकिएपछि पुस्तकालय विधिको प्रयोग गरी विभिन्न पुस्तकहरूको अध्ययनबाट सैद्धान्तिक आधार खोजी यो शोधपत्र तयार पारिएको छ ।

## १.८ शोधकार्यको रुपरेखा

प्रस्तुत शोधकार्यको संरचनालाई सुसङ्गठित व्यवस्थित पार्नका लागि निम्नालिखित परिच्छेदमा विभाजन गरी अध्ययन र विश्लेषण गरिएको छ :

| | |
|---|---|
| पहिलो परिच्छेद : | शोधपत्रको परिचय |
| दोस्रो परिच्छेद : | लोककथाको सैद्धान्तिक परिचय |
| तेस्रो परिच्छेद : | लोककथाको अध्ययन क्षेत्र, सङ्कलित लोककथाहरू, विश्लेषण र वर्गीकरण |
| चौथो परिच्छेद : | सारांश तथा निष्कर्ष |
| परिशिष्ट एक : | लोककथा वाचकहरूको परिचय |
| परिशिष्ट दुई : | सन्दर्भसामग्री सूची |

# दोस्रो परिच्छेद
# लोककथाको सैद्धान्तिक परिचय

## २.१ लोककथाको परिचय

जीवनजगत्को कथा व्यथाको आख्यानमय मनोरञ्जनमूलक गद्यात्मक अभिव्यक्ति नै लोककथा हो । उच्च कल्पना र व्यापक विषयवस्तु आफूमा समेट्न सक्षम लोककथा लोकसाहित्यको अतिलोकप्रिय विद्या हो । लोककथालाई 'कथा' 'दन्त्यकथा' 'बाँत' र सास्तर पनि भनिन्छ । यसको भन्नेसुन्ने पम्परा ज्यादै पुरानो मानिन्छन् । त्यसैले लोककथालाई संसारका समस्त कथा साहित्यको जनक पनि भनिन्छ । जीवनका सुख दुःख उकाली ओरालीहरूमा अविरल यात्राका क्रममा मान्छेका मनभित्र विभिन्न कुराहरू खेल्ने गर्दछन् । त्यसै क्रममा ती कार्य कारण सम्बन्धमा उनिँदै र बुनिर्दै भाषिक माध्यमबाट व्यक्त हुँदा नानाथरिका लोककथाहरू जन्मेका हुन्छन् ।

लोककथाका विषयहरूको सीमाक्षेत्र निर्धारण गर्नु साच्चै कठिन छ । तिनमा इतिहाँस, पुराण, धर्म, संस्कृति, समाज, प्रेम साहसिकता आदि विभिन्न कुराहरूको उपस्थिति पाइन्छ । लोकसाहित्यभित्र मान्छे मात्रै नभएर देवदेवी, भूतप्रेत, परी, पशुपन्छी र प्रकृतिका अन्य बस्तुहरू पनि पात्राका रूपमा उपस्थित भएका हुन्छन् । ती मनोरञ्जन, ज्ञानवर्धक, उपदेशात्मक, सरल, स्वाभाविक, रोमाञ्चक र श्लील शैलीमा धर्तीका विभिन्न भागमा फैलिएका पाइन्छन् ।[१] लोककथामा तत्कालीन परिवेशको छाप पाउन सकिन्छ, जुन समयक्रमसँगै बस्तु र श्रोताको माध्यमबाट परिवर्तनका लहरहरूमा उरालिएका पाइन्छन् । लोककथा गत्यात्मक र सामाजिक संस्कृतिक अनुरूप परिवर्तनशील हुन्छ । यसले परम्पराको निर्वाह मात्र नगरेर परिवर्तनशीलतालाई पनि अँगालेको हुन्छ ।[२] लोककथा भन्ने सुन्य परम्परामै जीवित रहनु पर्ने भएकाले सरल र सहज भाषा तथा सरस र प्रभावकारी भाव पनि यसका विशेषताका रूपमा रहन्छन् । आकारका दृष्टिले कुनै लोककथा ज्यादै लामा र कुनै लोककथा ज्यादै छोटा पनि हुन्छन् । मौखिक परम्पराले गर्दा ठाउँठाउँमा एउटै लोककथाका अनेक पाठ्य भेदहरू फेला पर्दछन् ।

---

१. जीवेन्द्रदेव गिरी, **लोकसाहित्यको अवलोकन**, (काठमाडौं : एकता प्रकाशन, २०५७), पृ. २४ ।
२. तुलसी दिवस, **नेपाली लोककथा : केही अध्ययन**, (काठमाडौं : रत्नपुस्तक भण्डार, २०३३), पृ. ३ ।

## २.२ लोककथाको परिभाषा

लोककथा परापूर्व काल देखि मौखिक रूपमा चल्दै आएको आख्यानयुक्त विद्या हो । यसभित्र समाजका धर्म, संस्कृति, परम्परा, विश्वास, आचर विचार तन्त्रमन्त्र जादुन्टुना आदिको प्रत्यक्ष झल्को पाइन्छ । यसको चलन वेदका सुक्तहरूदेखि नै हुँदै आएको मान्न सकिन्छ । कथाको यो परम्परा पुराण, जातक, कथा, हितोपदेश आदिमा प्रवाहित हुँदै लोकजीवनसँग धुलमिल भएको देखिन्छ । यसरी व्यापक क्षेत्र ओगटेको लोककथालाई सीमाङ्कन गरी परिभाषित गर्नु भनेको अथाह सागरमा डुबुल्की मार्नु जस्तै हो । लोक साहित्यको अध्ययनका सिलसिलामा हेर्दा विभिन्न विद्वानहरूका भनाइहरू अघि सार्न सकिन्छ ।

"लोककथाले लोकमानसको मूल भावनाका रूपलाई स्थुल प्रतिकले अभिव्यक्त गर्दछ ।"[३]

"सामान्यतया परम्परागत आख्यान र त्यसका भेद लोक कथा हुन् ।"[४]

"लोककथामा मानवको अतीतमात्र होइन वर्तमान पनि प्रतिध्वनित र निहित हुने गर्दछ ।"[५]

"लोक कथाको मतल हो, आफ्नो वर्णनात्मक भनाईद्वारा लोकलाई मजा दिने चाखिलो वर्णनात्मक विषयवस्तुद्वारा सुनिए को धतिलो रचना हो ।"[६]

"मानव मनका सुख दुःखका, कल्पना र भावलोकका रूखासुखा घटनाहरूका प्राचित कथात्मक अवशेषहरू, जो मनोरञ्जनपूर्ण कलात्मक भाषामा प्रयोग हुँदै आएका छन् । तिनलाई लोककथा भनिन्छ ।"[७]

"परापूर्व कालदेखि मौखिक रूपमा गाउँ वस्तीमा भन्दै आउने गरिएको मनोरञ्जन तथा शिक्षा प्रधान कथाकुधुङग्रीको बटुलो नै लोककथा हो ।"[८]

---

३. सत्यन्द्र, **लोकसाहित्य विज्ञान**, (दो.सं.) (आगरा : शिवलाल अग्रवाल एण्ड कम्पनी ई. १९७१), पृ. १६९ ।

४. मरियालोच् स्ट्याण्डर्ड डिक्सनरी अफ फोकलर, मिथलोजी एण्ड लिजेण्ड बगन्लस कम्पनी, ई. १९४७, पृ. १६९ ।

५. तुलसी दिवास, **नेपाली लोककथा केही अध्ययन**, (काठमाण्डौं : ने.रा.प्र.प्र., २०३२) पृ. ५ ।

६. धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचन**, (काठमाडौं : पा.वि.के., २०४१), पृ. २३३ ।

७. मोतीलाल पराजुली, **नेपाली लोकगीतको आलोक**, (काठमाडौं : वीणा प्रकाशन, २०५७), पृ. ४५ ।

८. चुडामणि बन्धु, पूर्ववत्, पृ. २८४ ।

"लोकजीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् ।"[९]

"लोककथामा अवस्य नै तत्कालीन परिवेशको छाप परेको हुन्छ तर त्यहाँका प्रतीक र सूत्रहरू पहिल्याएर यथार्थको नजिक पुग्न सकिन्छ ।"[१०]

यसरी विभिन्न विद्वानहरूले आ-आफ्नो ढङ्गले लोककथालाई परिभाषित गरेको पाइन्छ । समग्रमा भन्नुपर्दा मौखिक परम्परामा एक पुस्ताको मुखबाट अर्को पुस्ताको मुख हुँदै पुस्ता पुस्तामा सर्दै अगाडि बढिरहेको आख्यानात्मक अभिव्यक्ति नै लोकथा हो ।

## २.३ लोककथाको विशेषता

लोककथा नेपाली लोकजीवनमा निकै लोकप्रिय बन्दै गएको लोकसाहित्यको एउटा विद्या हो । यसले सिङ्गो लिखित कथाकै आधारस्रोतका रूपमा काम गरेको छ । वैदिक कालदेखिको लामो इतिहाँस बोकेको लोककथाले आजसम्म आइपुग्दा थुप्रै प्रवृत्ति, स्वरूप र थुप्रै विषय शैलीलाई अंगालिसकेको छ । त्यसैले यसले आफ्नो लामो यात्राक्रममा कहिले कसैको बसि वियाँलोको साथी, कसैको बौद्धिक विलासको सरल माध्यम, जिज्ञासा र कौतुहलता मेट्ने मनोरञ्जनकारी साधन, शिक्षा र उपदेश लिने दिने साधन एवम् वीरता सुरताको शिक्षा दिने साधनको रूपमा लोकजीवनमा मान्यता प्राप्त गरेको छ । यिनै विविध सन्दर्भ सापेक्षतामा अगाडि बढेको लोककथाका विशेषतालाई निम्न बुँदामा व्यक्त गर्न सकिन्छ ।

### २.३.१ अज्ञात रचनाकार

सिङ्गो लोकसाहित्य नै अज्ञात व्यक्तिको सृजनाको उपज हो । त्यसैले यसको एउटा हाँगा लोककथा यसबाट पृथक रहन सक्दैन । लोककथाका निर्माता कुनै एक व्यक्ति विशेष नभई श्रुतिपरम्पराबाट एक कान दुई कान मैदानको रूपमा यसको गति अगाडि बढेको हुन्छ । लोककथाकारले यस किसिमका लोककथाहरू आफ्ना अग्रजहरूबाट कोसेली, उपदेश आदिका रूपमा ग्रहण गर्छ र त्यही रूपमै आफ्ना सन्ततिलाई हस्तान्तरण गर्दछ । यस क्रममा लोककथा अगाडि बढ्दै जाँदा त्यसको चुरोलाई श्रोताले कहिल्यै विर्सिदैन तर कथाकारलाई विर्सिदिएको हुन्छ । एक व्यक्तिबाट अर्को व्यक्तिमा तथा एक पुस्ताबाट अर्को

---

९. जीवेन्द्र देव गिरी, पूर्ववत्, पृ. २४ ।

१०. कृष्णप्रसाद पराजुली, **नेपाली, लोकगीतको आलोक**, (काठमाडौँ : वीणा प्रकाशन, २०५७), पृ. ४५ ।

पुस्तामा हस्तान्तरित हुँदा त्यस बेलाको कथावाचक र श्रोताको सामाजिक साँस्कृतिक अवस्था, जाति, धर्म, उनीहरूको शैक्षिक स्तर आदिले पनि कथालाई प्रभावित बनाएको हुन्छ । यो विद्या मौखिक रूपमा पुस्तान्तरण हुँदा भाषा, भावना र लोक जीवनगत आधारमा परिवर्तित पनि हुन सक्ने भएकाले रचनाकारको महत्त्व गौण र रचना प्रधान बनिदिन्छ । यसरी लोककथाको स्राष्टा सदैव अज्ञात रहनु यसको एक विशेषता हो ।

### २.३.२ मौखिक परम्परा

लोककथा लोकगित जस्तै मौखिक परम्परामा बाँचेको हुन्छ । लोककथालाई सुनेर उत्तार्ने वा त्यसमा कल्पना मिश्रण गरेर लिपिवद्ध गर्न सकिन्छ तर छुट्टै लोककथाको सृजना भने गर्न सकिँदैन । लोककथाहरू त समयको चक्रसँगै गतिशील अवस्थाबाट प्रवाहित भइरहेका हुन्छन् । लोककथाले समय र युगअनुसार नयाँ नयाँ श्रृङ्खला जोड्दै जान्छ । कतिपय लोककथाका कथन र परिवेशमा स्थानअनुसार केही परिवर्तन भएको हुनसक्छ । तर त्यसको कथानक र सन्देश भने कायमै रहन्छ । त्यसैले पनि लोककथा मौखिक परम्परामा हुर्कन र झाँगिने विधा हो ।

### २.३.३ रोमाञ्चकारी कल्पना तथा अद्भूत तत्त्वको प्राधान्य

लोककथामा रोमाञ्चकारी कल्पना तथा अद्भूत तत्त्वको प्राधान्यता हुनु अर्को विशेषता हो । यसमा कथाकथिताको कल्पनाले अत्यधिक स्थान प्राप्त गरेको हुन्छ । सून्ने यथार्थमा पनि कथायिताको कल्पनामा माध्यमबाट सुन्दर कथाको निर्माण हुन सक्छ । लोककथामा यथार्थता होइन रोमाञ्चकता खोजिन्छ । त्यसैले पनि कथालाई रोमाञ्चक बनाउन कल्पनाको अत्यधिक सन्निवेश भएको हुन्छ । लोककथामा अनौठा अनौठा कुराहरू समावेश गरेर कथालाई चाखलाग्दो र घतलाग्दो बनाइएको हुन्छ । जीवनका यथार्थसँग मेल खाने भए तापनि अतिरञ्जनात्मक तत्त्वले गर्दा लोककथा आद्भूतिक बन्नु पुगेका हुन्छन् ।

### २.३.४ सामूहिकताको आवश्यकता

लोकसाहित्यको प्रमुख विधाका रूपमा चिनिने लोक गीत एकल पनि गाउन सकिने विधा हो तर लोककथा भने मनमनै गुनगुनाउन सकिँदैन । लोककथा सम्प्रेषणीय विधा भएकाले एउटाले भन्ने र अरूले सुन्ने गर्नुपर्दछ । यसमा सामूहिकताको आवश्यकताले कहिले काँहि सामाजिक पात्रका सुख दुःख, प्रेम, दया, करूण, धैर्य र मनोभाव पनि प्रष्फुटित

भएका हुन्छन् । लोककथात्मक उर्जालाई सामाजिक परिवर्तनका निम्ति प्रयोग गर्न सकिन्छ । त्यसैले लोककथामा सामूहिकताको आवश्यकता पर्दछ ।

### २.३.५ मनोरञ्जनपूर्णता

लोककथाको मुख्य उद्देश्य नै जनमानसलाई मनोरञ्जन प्रदान गर्नु हो । लोककथाले आदि कालदेखि नै भन्ने सुन्ने र रस लिई रमाइलो गराउने काममा सघाउ पुऱ्याउँदै आएको छ । यसले विभिन्न तह र अवस्थाका मानिसहरूलाई मुग्ध बनाउँछ । बेलुका पिढीँ, मझेरी, अगेनुको डिल कतै होस घरका आफ्ना दाजुबहिनी वा दिदीभाइ एवम् दौतरीहरूसँग बसी बुढा बाबु अथवा बूढी आमैको थोते दाँतबाट झरेका उडन्ते रमाइला कथाहरू सुनी मक्ख भएको कुरा हाम्रो दिलमा ताजै छ । यसबाट पनि हाम्रो ग्रामीण समाजले लोककथालाई मनोरञ्जन पूर्ण साधनको रूपमा उपयोग गर्दै आएको कुरा स्पष्ट हुन्छ । दिन भरि काम गरेर बेलुकीपख पट्यार र झर्कोलाग्दो समयलाई व्यतित गर्न मनोरञ्जनको साधन नै बनेको हुन्छ लोककथा ।

## २.३.६ रल तथा हार्दिक पक्षको प्रवलता

लोककथा जनमानसको हार्दिक अभिव्यक्तिपूर्ण आख्यान युक्त कथन हो । लोककथा भन्ने र सुन्य काम विशेषत : ग्रामीण समाजका नरनारी र केटाकेटीले गर्दछन् । उनीहरूले कथाकथनको कुनै औपचारिक एवम् सैद्धान्तिक ज्ञान हाँसिल गरेका हुदैनन् । उनीहरू ग्रमीण समाजका अनुभवी व्यक्ति हुन्छन् । त्यसैले श्रोताको उमेर र आफ्नै स्तर अनुरूप सरल तरिकाबाट प्राकृतिक गुणले युक्त सबैले बुझ्न सक्ने स्तरको भाषामा लोककथाको वाचन गर्ने हुनाले यो लोककथाको अर्को विशेषता हो ।

### २.३.७ गतिशीलता

लोकसाहित्यका अन्य विधा जस्तै लोककथा पनि गतिशील हुन्छ । लोककथाको स्वरूप एउटै रहदैन । एउटै कथा पनि विभिन्न ठाउँबाट सङ्कलन गर्दा आञ्चलिकताको प्रभाव देखिन्छ । एउटै कथालाई एउटै मान्छेले दुई पटक प्रस्तुत गर्दा पनि त्यसमा थोरै धेरै परिवर्तन देखिन्छ तर कथा भन्ने र सुन्य व्यक्तिलाई त्यस्तै नलाग्न सक्छ । यसरी बक्ता र सुन्य व्यक्तिलाई त्यस्तै आभास नहुन सक्छ । यसरी वक्ता र श्रोताको रूचि कथाको सन्दर्भ र भूमिका, अर्थको परिवर्तन, प्रस्तोताको उमेर र लिङ्ग आदिले अभिव्यक्त वा परम्पराको

सम्पादनमा परिवर्तन हुने स्थिति ल्याइदिन्छ । यसैले यसको गतिशीलता पनि एउटै विशेषता हो ।

## २.३.८ औपदेशिका

लोककथाको उद्देश्य बौद्धिक एवम् नैतिक किसिमका उपदेश र सन्देश दिनु हो । आफूले जीवनको लामो कालखण्ड पार गरिसकेपछि बुढाबुढीले जीवनको अनुभवका आधारमा अनेक तीता मिठा घटना र अनुभूतिलाई मिसाउँदै आफ्ना सन्ततिलाई बौद्धिक ज्ञान र नैतिक उपदेश दिने उद्देश्यले विभिन्न किसिमका देवीदेवताका, राजा, महाराजाका, राजकुमार, राजकुमारीका तथा वीरपुरूषका पराक्रम, शुरता, वीरता, आदिसँग सम्बन्धित कथाहरू सुनाउने गर्दछन् । यी कथाहरू सुनाउनुको उद्देश्य आफ्ना छोराछोरी तथा नातिनातिनालाई त्यस्तै बहादुर बन्नुपर्छ भन्ने कुराको ज्ञान दिनु हो । यसरी लोककथाले स साना बालबालिकालाई राम्रा काममा लाग्न र नराम्रा काममा नलाग्न उपदेश दिने हुनाले औपदेशिकता लोककथाको एउटा विशेषता हो ।

## २.४ लोककथाका तत्त्वहरू

नेपाली जनमानसमा प्रचलित लोककथा लोकसाहित्यको एक प्रिय विधा हो । कथोकथनका माध्यमबाट अगाडि बढ्ने यस विधाले एकातिर कथायिताको कल्पनाशक्ति र वाक्चातुर्यतालाई प्रदशित गर्दछ भने अर्कातिर श्रोतालाई अपूर्व आनन्द प्रदान गर्दछ । यस प्रकारले आनन्द प्रदान गर्ने कारकका रूपमा लोककथाभित्र संयोजित विभिन्न तत्त्वहरू नै देखा पर्दछन् । तर यी तत्त्वहरूका बारेमा कथायिता र श्रोतालाई कुनै ज्ञान हुदैन । सहज रूपमा कथाभित्रका घटना उपघटनाहरू कथायिता भन्दै जान्छ र श्रोताहरू कथायिताको कथनप्रति लीन हुँदै अपूर्व आनन्दको अनुभव गर्दै सुन्दै जान्छन् । यही कथनमा उत्सुकता र श्रवणमा तन्मयता तथा मन्मयताको सिर्जना गर्ने केही कारकहरू कथाभित्र रहेका हुन्छन् । तिनलाई लोककथाका तत्त्वका रूपमा लिन सकिन्छ । त्यस्ता लोककथाका तत्त्वहरूका बारेमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### २.४.१ लोकतत्त्व

लोकसमाजमा प्रचलनमा रहेका रीतिरिवाज र संस्कृतिलाई नै लोकतत्त्व भनिन्छ । साहित्यिक (आधुनिक) कथा लेखकको वैयक्तिक भावनामा बढी आधारित हुने हुँदा

लोकमानसको अभिव्यक्ति नगण्य रूपमा वा वैकल्पिक रूपमा आएको हुन्छ भने लोककथामा लोकमानसको अभिव्यक्ति अनिवार्य रूपमा रहेको हुन्छ ।[११] लोककथाको विशुद्ध पहिचान भनेकै लोकतत्त्व हो । कुनै पनि लोककथामा सम्बन्धित समाजको रीतिरिवाज र संस्कृति झल्किएको पाइन्छ । यस कारण लोकतत्त्व लोककथाको अनिवार्य तत्त्वका रूपमा देखापरेको हुन्छ ।

## २.४.२ कथावस्तु

कथावस्तु लोककथाको अर्को प्रमुख तत्त्व हो । लोककथा आख्यानयुक्त विधा भएकाले कथावस्तुविना लोककथा बन्न सक्दैन । सिङ्गो विश्वब्रम्हाण्डका कुनै पनि सन्दर्भ लोककथाका विषयवस्तु वा विषय हुन् । यति मात्र नभएर अलौकिक, काल्पनिक, आदि सन्दर्भलाई समेत विषयका रूपमा समावेश गरी कथोकथन गर्ने गरेको पाइन्छ । यसको तात्पर्य के हो भने लोककथामा सम्भाव्य विषयले स्थान पाएको हुन्छ ।

विषयगत दृष्टिले हेर्दा लोककथामा प्रेमका विविध सन्दर्भहरू मङ्गलकामनाका भावना व्यक्त गर्ने सन्दर्भहरू, रहस्य रोमाञ्चक र अलौकि सन्दर्भहरू यसका विषय बनेर आएका हुन्छन् ।"[१२]

यी विषयलाई कथावाचकलाई जुन रूपमा ग्रहण गरेको छ त्यही रूपमा जस्ताको त्यस्तै प्रस्तुत नगरी विभिन्न घटनाहरूसँग उपघटनाहरू जोड्दै थप्दै र बढाउँदै कल्पनाका माध्यमबाट अझ सुन्दर र आकर्षक रूपमा प्रस्तुत गरेको हुन्छ । तसर्थ विश्वब्रम्हाण्डका कुनै पनि कल्पित सन्दर्भलाई विषयवस्तु, बनाएर त्यसै विषयका प्रस्तुतिका क्रममा अनेक पात्र, पात्रा र परिवेश आउने भएकाले कथावस्तुलाई लोककथाको प्रमुख तत्त्वका रूपमा लिने गरिन्छ ।

प्रारम्भ र अन्त्यको एवम् घटना र पात्रको संयोजनलाई संघटना भन्ने गरिन्छ । संघटना आधुनिक कथाहरूमा अस्तव्यस्त रूपमा आएको हुन्छ अथवा कथाको सुरूवात कहिले मध्यबाट त कहिले अन्त्यबाट पनि गरिएको पाइन्छ तर लोककथामा कथाको सुरूवात प्रायः सुरूदेखि नै गरिएको हुन्छ ।

---

११. सत्येन्द्र, लोकसाहित्य विज्ञान (दो.सं.) (आगरा : शिवलाल अग्रवाल एण्ड कम्पनी, इ. १९७१), पृ. १७१ ।

१२. रामनाथ ओझा, **मधुसूदन गिरी, लोकसाहित्य पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध,** (काठमाडौं : वाङ्मय प्रकाशन गृह), पृ. ११० ।

### २.४.३ पात्र

पात्र लोककथाको दोस्रो तत्त्व हो । लोककथामा आउने कथावस्तु पात्र र तिनका कार्यव्यपारबाट अगाडि बढ्ने हुनाले जति मात्रामा कथाको स्थूलता र व्यापकता छ त्यति नै पात्रहरू आउन सक्छन् र लोककथा कल्पना प्रधान मौलिक विधा भएकाले यसमा प्रयुक्त पात्राहरू मानवीय, चरित्रका रूपमा राजा महाराजा, रानी, राजकुमार, राजकुमारी आदि र कतै गरिब, टुहुरो, आदि आएका हुन्छन् भने मानवेतर पात्रका रूपमा बाघ, भालु, स्याल, खरायो, सुगा, मैना आदि पशुपन्छिहरू पनि आएका हुन सक्छन् । यिनका अधिरिक्त देवी, देवता, राक्षस एवंम् निर्जिव बस्तु ढुङ्गा माटो, बादल आदिलाई पनि पात्रका रूपमा चयन गरिएको हुन्छ । लोककथामा आउने यस प्रकारका पात्रहरूलाई अलौकिक आवरण लगाइएको हुन्छ । यी पात्रका क्रियाकलापहरू अस्तित्त्व र सम्भावना भन्दा धेरै पर हुन्छन् । यिनको चारित्रिक विकासको कुनै अवसर हुदैन । यिनले कथावाचकबाट कपोलकाल्पित शक्ति प्राप्त गरेका हुन्छन् । जेहोस् यस्तै पात्र र तिनका क्रियाकलापले श्रोतालाई लठ्ठ पार्ने हुनाले यसलाई लोककथाको एउटा तत्त्वका रूपमा लिने गरिन्छ ।

### २.४.४ भाषाशैली एवम् संवाद

भाषाशैली एवंम् संवाद पनि लोककथाको महत्त्वपूर्ण तत्त्व हो । मनका भाव तथा विचारको अभिव्यक्तिको माध्यम भनेकै भाषिक माध्यम हो । त्यसैले यसको अत्यन्तै महत्त्व रहेको हुन्छ । लोककथामा भाषाशैलीलाई भाषिक कलाका रूपमा नै लिइन्छ । लोककथामा कथावाचकको भाषाशैलीले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । आकर्षक भाषाशैलीको प्रयोगले लोककथालाई रोचकता प्रदान गरेको हुन्छ । वास्तवमा भाषाको श्रृङ्गार र सौन्दर्य नै शैली हो र शैली नै रचनाकारको व्यक्तित्व पनि हो ।

लोककथामा संवाद पनि महत्त्वपूर्ण मानिन्छ । कथामा प्रयोग भएका पात्रहरूको चारित्रिक विशेषताको बखान संवादद्वारा गरिएको हुन्छ । संवादले नै कथालाई नाटकीय बनाउनमा मदत पुऱ्याउँछ भने पात्रसँग सम्बन्धित कतिपय समस्या र तिनका विचारको अभिव्यक्ति पनि संवादद्वारा नै हुने हुँदा कथाको उद्देश्य प्राप्तिका लागि यसको माध्यम अपनाइएको हुन्छ । अतः लोककथामा प्रयुक्त संवाद स्थानीय भाषा र पात्रानुकुल हुनाले लोककथा रोचक बनेका हुन्छन् ।

### २.४.५ अभिप्राय

कथाहरूमा प्रायजसो पटक -पटक पुनरावृत भइरहने एकै किसिमका दृष्टिकोणलाई अभिप्राय भनिन्छ । यो एक प्रकारको कथातन्तु हो । सैतेनी आमाको दुर्व्यवहार, राजकुमारको वीरता, स्यालको चलाखीपन जस्ता कैयन अभिप्रायका आधारमा कतिपय लोककथाहरूबीच समानता स्थापन हुन गई एउटा वर्ग पनि बन्न सक्छ । साहित्यिक कथा वैयक्तिक हुने हुँदा विभिन्नतामा आभिव्यक्त हुन्छन् भने लोककथा लोकमानसद्वारा आभिप्रेरित अभिप्रायमा अभिव्यक्त हुन्छन् । त्यसैले अभिप्राय पनि लोककथाको एउटा अनिवार्य तत्त्व हो ।

### २.४.६ उद्देश्य

उद्देश्य लोककथाको अर्को महत्त्वपूर्ण तत्त्व हो । नेपाली समाजमा लोककथाले लामो समयदेखि जरा गाड्दै आउनु र सधैं सबैलाई उत्तिकै प्यारो लाग्नाको मूल कारण यसबाट प्राप्त हुने मनोरञ्जन हो । तसर्थ लोककथा मूलतः मनोरञ्जनको उद्देश्यले वाचन श्रवण गरिन्छ । यसका अतिरिक्त यसबाट धार्मिक नैतिक शिक्षा वा उपदेश पनि प्राप्त गर्ने उद्देश्यले लोककथा भन्ने सुन्ने गरिन्छ । यिनै तत्त्वहरूको कुशल संयोजनबाट लोककथा निर्मित हुन्छ । यदि यी तत्त्वहरूको समन्वय हुन सकेन भने लोकथा सुन्दर र लोकप्रिय हुन सक्दैन ।

## २.५ लोककथाका प्रकार

लोककथा भन्ने र सुन्ने परम्परा धेरै पहिलेदेखिको हो । लोकजीवनमा धेरै किसिमका लोककथा पाइन्छन् । तिन को वैज्ञानिक वर्गीकरण भने अझै हुन सकेका छैन । लोककथाको वर्गीकरण गर्दा पूर्वीय र पाश्चात्य विद्वानहरूमा पनि भतैक्य भएको भेटिंदैन । संस्कृत साहित्यका आचार्यहरूले कथाका विषयवस्तुको आधारमा कथा र आख्यायिका गरी विभाजित गर्दा काल्पनिक कथानक भएकालाई कथा र ऐतिहाँसिक कथानक भएकालाई आख्यायिका भनी विभाजन गरेको पाइन्छ ।[१३] त्यस्तै कथाको भेद छुट्याउने क्रममा हरिभद्राचार्यले कथालाई चार प्रकारमा छुट्टएका छन् । अर्थकथा, कामकथा, धर्मकथा र संकीर्ण कथा ।[१४] बीसौं शताब्दीमा पाश्चात्य जगतमा पनि लोककथालाई अध्ययन र वर्गीकरण गने परम्परा बस्यो । अङ्ग्रेजी लोककथाका विद्वान जर्ज गोमेले लोककताहरूलाई चार प्रकारमा विभाजित गरे । दन्त्यकथा, वीरकथा, वीरगाथा र स्थानविषयक ऐतिहाँसिक कथाहरू ।

१३. चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, पूर्ववत्, २०५८, पृ. २९० ।
१४. पूर्ववत्, पृ. २९१ ।

यसरी विभिन्न आधारमा लोककथालाई छुट्याउने प्रयास गरिएको छ तैपनि कथाहरू यति नै प्रकारका हुन्छन् भनेर ठोकुवा गर्ने स्थिति भने छैन । नेपाली समाजमा विभिन्न खालका लोककथाहरू व्यवहृत हुदै आइरहेका छन् । भूतप्रेत, राक्षस, बोक्सी, धामी, परी, अप्सरासँगको चमत्कारिक विवरण, चाडपर्वहरू र मेला उत्सव सूत्रपात हुनका कारण, मानिसका विभिन्न अवस्थाका प्रत्तिहरू, छल तथा विश्वास घातका कुरा भएको नेपाली लोककथा पनि सुन्य र सुनाउने प्रचलन देखिन्छ । यी सबै तथ्यलाई निरूपण गर्दा र पूर्व र पश्चिमका मुलुकहरूमा रहेका कथा र तिनको वर्गीकरणको आधारबाट नेपाली लोकभूमिमा प्रचलनमा रहेका लोककथाहरूलाई मोटामोटी रूपमा निम्न वर्गभित्र राखेर विभाजन गर्नु वाञ्छनीय हुन्छ ।

### २.५.१ धार्मिक, सास्कृतिक तथा ऐतिहासिक लोकथाहरू

पुराण, रामायण, महाभारत, व्रत उपासना, धार्मिक अनुष्ठान आदिसँग सम्बन्धित कथाहरू धार्मिक लोककथा हुन भने साँस्कृतिक र ऐतिहाँसिक पक्षसँग सम्बन्धित कथाहरूलाई साँस्कृतिक ऐतिहाँसिक लोककथाहरू भनिन्छ । धार्मिक लोककथाहरूले श्रोतालाई नैतिक दृष्टान्त एवम् अर्ती उपदेश दिने काम गर्दछन् । विभिन्न देवीदेवता, तिनको उत्पत्ति कठमन्दिर निर्माण, जात्रा, ठाउँ आदिसँग सम्बन्धित कथाहरू कथाहरू साँस्कृतिक कथा हुन भने वीर पुरूष र तिनका साहसिक कार्यसँग सम्बन्धित कथाहरू ऐतिहाँसिक लोककथा हुन् ।

### २.५.२ अर्ती उपदेशका लोककथाहरू

लोककथाको मूल उद्देश्य मनोरञ्जन प्रदान गर्नु भए पनि गौण उद्देश्य लोकमानसलाई अर्ती उपदेश दिनु पनि हो । मनोरञ्जनमूलक लोककथाहरूमा पनि अन्त्यमा गएर कर्तव्य पालन, परोपकार, सत्य, दयाँ, धर्म, न्याय, त्याग, तपस्या, सहनशील आदि असल गुणको विकास गर्नतर्फ कथाले प्रेरित गरेको हुन्छ । असल काम गर्नेको विजय र खराब काम गर्नेको पराजय देखाउँदै पुरस्कार र दण्डका माध्यमबाट उपदेश र नीतिसम्बन्धी शिक्षा दिने उद्देश्यले रचना गरिएका लोकथाहरू यस अन्तर्गत पर्दछन् ।

### २.५.३ पशुपन्छीका लोककथाहरू

लोककथाका पात्रहरूमा पशुपन्छीको भूमिका पनि महत्त्वपूर्ण हुने गर्दछ । ती लोककथामा पशुपन्छीले बोल्ने, हिड्ने, आदि कामहरू गर्ने गर्दछन् । यस्ता चरित्र भएका कथालाई पशुपन्छी सम्बन्धी लोककथाका रूपमा लिन सकिन्छ ।

### २.५.४ अतिमानवीय रूपका लोककथाहरू

मानवेतर पात्रहरूलाई छनौट गरी तिनका विषयमा बनाइएका कथाहरू यस अन्तर्गत पर्दछन् । यस्ता कथामा पात्र मानवेतर, अप्राकृतिक, विषम, अदभूत एवम् असम्भव घटना विवरण पनि अलौकिक र अप्राकृतिक हुन्छन् । यस्ता लोककथामा कल्पनाको उच्च उडान भरिएको हुन्छ भने अत्यधिक कल्पनाका कारण त्यस्ता खालका लोककथाहरूबाट भरपूर मनोरञ्जन लिन सकिन्छ । अनौठा अनौठा घटनाहरूको उपस्थितिले गर्दा यस्ता लोककथाहरू अभिरूचिपूर्वक सुन्ने खालका हुन्छन् ।

### २.५.५ दैवी लोककथाहरू

देवीदेवतासँग सम्बन्धित लोककथाहरू यस अन्तर्गत पर्दछन् । यस्ता लोककथाहरूमा विशेषगरि व्यक्तिले देवीदेवताको तपस्या गरी शक्ति प्राप्त गरेको र त्यही शक्तिका माध्यमबाट साहसिक र अचम्मका कामहरू गरेको कुरा बताइएको हुन्छ ।

### २.५.६ फलफूलका लोककथाहरू

फलफूलहरूलाई पात्रका रूपमा उभ्याइएका लोककथाहरूलाई फलफूलका लोककथा भनिन्छ । फलफूल सम्बन्धी विषय बस्तुमा सोही अनुरूपका पात्रहरू चयन गरिएको हुन्छ । यस्ता लोककथाहरूमा मानिसले जस्तै क्रियाकलापहरू गरेर यस्ता पात्रहरूको माध्यमबाट अत्याधिक मनोरञ्जन गराउने खालका लोककथाहरूको निर्माण भएको पाइन्छ ।

### २.५.७ साहस तथा बहादुरीका लोककथाहरू

साहसिक र वीर पुरूषहरूलाई विषयवस्तु बनाइएका लोककथाहरू यस अन्तर्गत पर्दछन् । यस्ता लोककथाहरूको उद्देश्य साहसिक र वीर पुरूषहरूको जीवनीका माध्यमबाट उपदेश दिनु रहेको हुन्छ ।

### २.५.८ विविध लोककथाहरू

उपर्युक्त वर्गीकरणभित्र नपरेका विभिन्न जातिका धर्म, संस्कृति, चालचलनअनुसारका कथाहरू विविध अन्तर्गत राख्न सकिन्छ ।

## २.६ निष्कर्ष

यसरी उपर्युक्त विश्लेषणबाट के कुरा प्रष्ट हुन्छ भने लोकजीवन लोककथाका दृष्टिले उन्नत छ । लोककथा भन्ने र सुन्ने परम्परामा मात्र सीमित नरहेर अध्ययनको विषय समेत बनिसकेको छ । विभिन्न विद्वानहरूले यसको परिभाषा गरेका छन्, यसका तत्त्वहरूको निरूपण गरेका छन् । यसभित्र अथाहाँ ज्ञानको भण्डार लुकेको छ । हाम्रो समाजमा थुप्रै लोककथाहरूको प्रयोग लामो समयदेखि हुँदै आएको र थुप्रै प्रकारका लोककथाहरूको प्रयोग समाजले गर्दै आएको छ । लोककथा नेपाली समाजको लोकप्रिय विधाका रूपमा पनि प्रस्तुत भएको छ । नेपाली लोककथा लोकजीवनको गतिशील भावप्रवाहमा सधैँ प्रवाहित भइरहने, रोमाञ्चककारी अतिशयोक्तिपूर्ण कहिल्यै नरित्तिने सागर हो । असङ्ख्य लोकजीवनका अभिव्यक्तिको मर्म लोककथा हो ।

# तेस्रो परिच्छेद

# लोक कथाको अध्ययन क्षेत्र, सङ्कलित लोककथाहरू, तिनको विश्लेषण र वर्गीकण

## ३.१ लोककथाको अध्ययन क्षेत्र

नेपाल राज्यको एकीकरण गर्ने श्रेय गोरखा जिल्लालाई दिने गरिन्छ । ऐतिहासिक पृष्ठभूमिलाई हेर्ने हो भने पहिला गोरखाको लिगलिग भन्ने ठाउँमा घले राजाहरूले राज्य गर्थे । उनीहरूले प्रत्येक वर्ष दौडबाट प्रथम हुने व्यक्तिलाई राजा बनाएर राज्य सञ्चालन गर्थे । यसरी नै पछि गएर द्रव्य शाहले राज्य गरे त्यसपछि गोरखामा उनका वंशजहरू पुरन्दर शाह, छत्रशाह, रामशाह, डम्बर शाह, कृष्ण शाह, रूद्र शाह, पृथ्वीपति शाह र नरभूपाल शाहले राज्य गरेको पाइन्छ । राजा नरभूपाल शाह र रानी कौशल्यवतीको जेष्ठ सुपुत्रकोरूपमा वि.सं. १७७९ पौष २७ गते पृथ्वीनारायण शाहको जन्म भयो । तत्कालिन अवस्थामा नेपाल राज्य विभिन्न वाइसे चौविसे राज्यहरूमा विभाजित थिए । पृथ्वीनारायण शाह सानैदेखि दुरदर्शी, परिश्रम र लगनीशल भएको कारण ती विभाजित सम्पूर्ण परिश्रम र लगनशील भएको कारण ती विभाजित सम्पूर्ण राज्यहरूलाई गाभेर एउटै सिङ्गो राष्ट्र नेपालको निर्माण भयो ।

नेपालका पहाडी जिल्लाहरू मध्ये गोरखा जिल्ला पनि एक हो । यस जिल्लाको पूर्वमा धादिङ्ग पश्चिममा तनहूँ र लम्जुङ्ग, उत्तरमा चीनको तिब्बत प्रवेश र दक्षिणमा चितवन र तनहूँ जिल्ला पर्दछन् । उत्तरपट्टि ग्याला भञ्ज्याङ्ग र श्रृङ्गी हिमाल, बौद्ध हिमाल, दक्षिणमा त्रिशुली नदी, पूर्वपट्टि बूढी गण्डकी पश्चिमपट्टि मर्स्याङ्दी चेपे तथा मनाशलु श्रृङ्खला गोरखा जिल्लाका प्राकृतिक सिमाना हुन् ।

गोरखा जिल्ला २७° १५' देखि २८° १५' सम्म अक्षांश र ८४° २७' देखि ८४° ४८' सम्म देशान्तर रहेको छ । यस जिल्लाको क्षेत्रफल ३६१० वर्ग किलोमिटरमा फैलिएको छ । यस जिल्लाको उचाइ २२८ मिटरदेखि ८१६३ मिटर सम्म उचाइमा रहेका छन् । गोरखा जिल्ला पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चलमा पर्दछ । यहाँको हावापानीमा विशेष उष्ण हावापानी, समशितोष्ण हावापानी, शितोष्ण हावापानी तथा हिमाली लेकाली हावापानी पाइन्छ ।

गोरखा जिल्लामा विभिन्न ठूला साना हिमालहरू अवस्थित छन् । ती हिमालहरूमा मनाशलु (८१६३ मिटर), (हिमालचुली पूर्व ७८९५ मिटर, नागाधी चुली ७८७१ मिटर, हिमालचुली-पश्चिमा ७५४० मिटर, हिमालचुली उत्तर ७३७२ मिटर, मनासलु उत्तर ७१५१ मिटर, बौद्ध हिमाल ६६७२ आदि हिमालहरू अवस्थित छन् ।[१५] गोरखा जिल्लालाई राजनैतिक विभाजन अन्तर्गत हेर्दा यहाँ, संसदीय निर्वाचन क्षेत्र नं. ३, जिल्ला विकास समिति सङ्ख्या इलाका संस्था १३, नगरपालिका सङ्ख्या १, गाउँ विकास समिति संख्या ६६ र वडा संख्या ( गा.वि.स. को ५९४+ नगरपालिकाको ११) ६०५ रहेका छन् । जसमध्ये ताकुकोट, ताकुमाभ्फालाकुरीबोट स्वाँरा र सौरपानी गा.वि.स. यस अध्ययनक्षेत्रभित्र समेटिएका छन् । यस जिल्लालाई निवार्चन क्षेत्रका आधारमा तीन क्षेत्रमा विभाजन गरिएको छ । ती तीनवटा क्षेत्रहरूमाः १. क्षेत्र नं. १ मा १७ वटा गा.वि.स. र नगरपालिका रहेको छ । गोरखा नगरपालिका, नारेश्वर, फिनाम, ताप्ले, बोर्लाङ्ग, अश्राङ्ग, बुँकोट, नाम्जुङ, मनकामना, घैरूङ्ग, मकैसिङ, बक्राङ, ताक्लुङ्ग, ताडलीचोक, फुजेल, ह्यालचोक, भुम्लीङ्गचोक र दरबुङ । २. क्षेत्र नं. २ मा २० वटा गा.वि.स. रहेका छन् । देउराली, च्याङ्गली, मिरकोट, धुवाँकोट, गाइखुर, छोप्राक, खोप्लाङ्ग, पालुङ्गटार, हर्मी,प आँपपिपल, गाँखु, श्रीनाथकोट, जौवारी, थालजुङ्ग, केराबारी, हंसपुर, खरिबोट, ह्यालचोक, सिम्जुङ्ग र मुच्चोक । ३. क्षेत्र नं. ३ मा २९ वटा गा.वि.स. हरू रहेका छन् । वारपाख, स्वाँरा, सौरपानी, ताकुकोट, ताकु माभ्फलाकुरीबोट, धावा, पाँचखुवा, देउराली, पन्द्रङ्ग, मसेल, वगुवा, तान्द्रङ्ग, मान्वु आरूआखाङ्ग, थुमी, आरू चनौटे, आरूपोखरी, केरौंजा, काशीगाउँ, अहियाँ लाप्राक, लापु, गुम्दा, छेकम्पार, सिर्दिवास, सामागाउँ, चुम्चेत, ल्हो, बिही प्रोक ।[१६]

दसैं तिहार, ल्होसार आदि यस क्षेत्रका मूख्य चाडहरू हुन् । जातीय विविधताभित्रको एकता यस क्षेत्रको एउटा महत्त्वपूर्ण विशेषता हो । मेला, पर्व, जात्रा, आदि यहाँका संस्कार हुन् । मुख्यतः हिन्दू र बौद्ध धर्मावलम्बीहरूको बाहुल्य भएकाले सोही धर्मसँग सम्बन्धित संस्कारहरू तथा आफ्नै प्रकारका लोकसाहित्य, संस्कृतिहरू पनि यस क्षेत्रमा संस्कारका रूपमा विकसित भएका छन् ।

राजधानीदेखि टाढा पहाडी क्षेत्र भए तापनि यहाँको परम्परागत ग्रामीण समाजमा धेरै परिवर्तन आएको छ । सहरी सभ्यताको प्रभावले यस क्षेत्रलाई पूर्ण रूपमा ग्रसित

---

१५. 'गोरखा दपर्ण' जि.शि.का. गोरखाद्वारा प्रकाशित, २०५४, पृ. २३ ।
१६. ऐजन, पृ. ३५ ।

तुल्याएको छ । वैदेशिक रोजगारीले गाउँबाट युवावर्ग बाहिरिएको छ । पढेलेखेका युवा जमात पनि सहरतिरै हराएको छ । त्यही बसोबास तथा खेतीपाती गर्ने जमात पनि फुर्सदको समय सहरतिर गई बिताउँछ । गरिब मजदुरहरू पनि कामको समयमा मात्र गाउँमा बसी अन्य समयमा राजधानीमै कामकै खोजीमा हल्लिरहेका हुन्छन् । सेना प्रहरी तथा अन्य सरकारी सेवामा पनि यहाँका मानिसहरूको संलग्नता बढ्दो छ । उहिले पृथ्वीनारायण शाहको युद्धका कथाहरू, गोठालाखेतालाका कथाहरू, रनवन गुञ्जिने गरी गाइने गीतहरूका भाकाहरू यस क्षेत्रबाट लोपप्रायः भइसक्ने स्थितिमा पुगिसकेका छन् ।

## ३.२ सङ्कलित लोककथाहरू र तिनको विश्लेषण

### ३.२.१ चिर्केश्वर महादेव उत्पत्तिको कथा

'चिर्केश्वर महादेव उत्पत्तिको कथा' कथामा उल्लेख गरिएका महादेवका मन्दिर गोरखा जिल्लाको स्वाँरा गा.वि.स. मा पर्दछ ।

गोरखा जिल्लाको स्वाँरा गा.वि.स. मा पर्ने चिर्केश्वर महादेवको कथा सुन्नु होस् । स्वाँरा गा.वि.स. को थला भन्ने ठाउँ छ । त्यहाँबाट गोरखा जिल्लाका धेरै गा.वि.स.हरू देख्न सकिन्छ । त्यहाँ एउटा ठूलो थुम्को छ । त्यस डाँडाको माथिल्लो हिमाली भेकतिर तामाङ जातिका मानिसहरू बस्छन् भने अलि तल्लो भेगातिर गुरुङहरू बस्छन् । उहिल्यैको कुरा हो त्यो माथिल्लो हिमाली भेकतिर मानिसहरू गाई चराउन जाँदा रहेछन् । गोठालाहरू चरनमा गाई छाडेर आफ्नै धुनमा रमाउँथे । गाइहरू टम्म अघाएर घर फर्कन्थे । प्रायः सबै गाईले राम्रैसँग दूध दिन्थे तर एउटा गाईले जति गर्दा पनि दूध दिँदैनथ्यो । त्यस गाईको फाँचोमा दूध नै हुँदैनथ्यो । गोठालाहरूले किन गाईले यसरी दूध दिन छाड्यो भनेर चियो गरेछन् चियो गर्दै जाँदा त त्यो गाईले चरनको एउटा डाँडामा गएर दूध झार्ने गर्दो रहेछ । गाईले दुध झारेको ठाउँमा नियालेर हेर्दा एउटा ढुङ्गो जमिनबाट अलिकति बाहिर निस्किएको रहेछ । गाउँलेहरूले त्यहाँ के छ भनी खनेर हेरेछन् । खन्दाखेरी जति खन्यो उति गहिरो हुँदै गएछ । जति खनेपनि ढुङ्गाको फेद कहिल्यै भेटिएन छ । खन्दै जाँदा त्यो ढुङ्गा बिचमा चिरा परेको रहेछ । बिचमा चिरा परेको देखेर सबै मानिसहरू अचम्ममा परेछन् । त्यही क्रममा त्यही गाउँको एक जना तामाङलाई सपनामा महादेव प्रकट भएर भन्नु भएछ, तिमीहरूले जे खनिरहेका छौ त्यो ढुङ्गा होइन, त्यो त मेरो चिम्टा हो । पहिले म उत्तरा खण्डमा कालकुट विष सेवन गरेर बसेको थिएँ । त्यही बेला एक दिन यहाँ बास बस्नु परेकाले म बास बसेको थिएँ । जानेबेला मैले चिम्टा यहीँ छोडेर गएँछु । कयौँ वर्षसम्म मेरो साथमा रहेको हुँदा यस

चिम्टामा पनि मेरो शक्ति छ । तिमीहरूले जति खने पनि यसको अन्ते भेट्न सक्दैनौ भनेर देवले सूचना दिएछन् ।

त्यसपछि मानिसहरूले त्यही ठाउँमा मन्दिर स्थापना गरी चिम्टेश्वर भनेर नामकरण गरेछन् । कालन्तरमा यो मन्दिर चिम्टेश्वर र चिर्केश्वर दुवै नामले चिनिन थालेछ । त्यस मन्दिरको अगाडि एउटा बसाइ पनि छ । त्यो चाहीँ मानिसहरूको बल दाँज्ने बसाइ हो रे । यसलाई दिनहुँ उचाल्ने मानिसले जहिले सम्म पनि उचाल्न सक्छ रे तर एक दिन मात्र उचाल्न छाड्यो भने अर्को दिन उचाल्न सक्दैन रे । त्यस बसाहमा पनि शिवशक्ति रहेको छ रे भनेर मानिसहरू त्यस बसाइलाई पनि पुज्ने गर्छन् ।

**सुन्यलाई सुनको माला, भन्नेलाई फूलको माला**
**यो कथा बैकुण्ठ जाला, भन्नेबेलामा तुरून्तै आइजाला**

स्रोत : धनकाजी तामाङ्ग
स्वाँरा -८, थला

### ३.२.१.१ कथानक

'चिर्केश्वर महादेव उत्पत्तिको कथा' को कथानक किंव दन्तीमुलक छ । यहाँ स्वाँराको चिर्केश्वर महादेवको उत्पत्तिको सन्दर्भमा किंवन्ती प्रस्तुत गरिएको छ । कथानक यस प्रकार छ :

गोरखाको स्वाँरा गा.वि.स. ८ थला भन्दा माथि ठूलो थुम्कोमा गोठलाहरू गाई चराउन जानु, सबै गाईहरू टम्म अघाएर घर फर्कनु र राम्रोसँग दूधदिनु तर एउटा गाईले जति नै अघाए पनि दूध दिँदैनदिनु, गोठालाहरूले यसको कारण खोज्ने प्रयास गर्नु, त्यस गाईले चरनको एउटा डाँडामा जमिनबाट बाहिर निस्केको एउटा ढुङ्गामा दुध झार्नु, गोठाला र गाउँलेहरूले त्यहाँ के रहेछ भनेर खनी हेर्नु, जति खने पनि फेद नभेटिने एउटा ढुङ्गो फेला पार्नु, खन्दै जाँदा त्यो ढुङ्गो चिम्टाआकारमा बीचमा चिरिएको हुनु, सबै गाउँलेहरू आश्चर्यमा पर्नु, सपनामा महादेव प्रकट भई त्यही गाउँको एकजना तामाङलाई त्यो ढुङ्गो सामान्य नभएर महादेवको चिम्टा भएको, त्यो चिम्टा लामो समयसम्म महादेवसँग रहेको हुँदा शिवशक्तिले भरिपूर्ण भएको रहस्योद्घाटन गर्नु, त्यसपछि मानिसहरूले त्यस ठाउँमा मन्दिर स्थापना गर्नु र चिम्टेश्वर महादेव नामकरण गर्नु कालन्तरमा त्यो नाम चिर्केश्वर महादेवमा रूपान्तरण हुनु आदि यस कथामा मुख्य कथानकका रूपमा आएका अंश हुन् ।

प्रस्तुत किंवदन्तीमूलक कथाको कथानकमा कार्यकारण सम्बन्ध रहेको पाइन्छ । यहाँ गाई चराउन लैजानु प्रथम कार्य भएको छ । चराउन लगेका गाईमध्ये एउटाले दूध नदिनु अर्को कार्य हो । गाईले दूध नदिएको कारणको खोजि गरिएको छ । कारणको खोजी गर्ने क्रममा गाइले दूध एउटा ढुङ्गामा झारेको कुरा पत्ता लाग्दछ र त्यसको खोजी गर्दा चिम्टेश्वर महादेवको उत्पत्ति भएको देखिन्छ । यसरी यो कथा कार्यकारण सम्बन्धका आधारमा पनि सफल नै देखिन्छ ।

### ३.२.१.२ अभिप्राय

यस कथामा महादेवको सन्दर्भलाई विशेष अभिप्रायका रूपमा लिन सकिन्छ । गाईले डाँडाको ढुङ्गामा दुध झार्नु, मानिसले त्यहाँ के रहेछ भनेर खनेर हेर्नु, खन्दा कहिल्यै पनि ढुङ्गाको फेद नभेटिनु, सपनामा एउटा तामाङलाई महादेवले दर्शन दिनु र आफ्नो चिम्टाको शक्तिको वर्णन गर्नु आदि सन्दर्भहरू यस कथाका विशेष अभिप्राय हुन् ।

### ३.२.१.३ पात्र/चरित्र

गोठालाहरू गाउँलेहरू र महादेवलाई मुख्य पात्राका रूपमा लिइएको छ । गोठालाहरू गाई चराउन डाँडातिर गएको सन्दर्भ देखाइएको छ । एउटा गाईले गोठमा दूध नदिएपछि त्यसको कारण खोजी गर्ने कार्यमा पनि गोठालाहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । गाउँलेहरूले गाइले दुध झारेका ठाउँको ढुङ्गो खन्ने कार्य गरेका छन् । त्यसपछि चिकेश्वर महादेवको मन्दिर स्थापना गर्ने कार्यमा पनि गाउँलेहरूको महत्त्वपूर्ण भूमिका देखिएको छ । महादेव सपनामा प्रकट भएका छन् । महादेवलाई अलौकिक पात्रका रूपमा लिइएको छ । जसले आफ्नो छाडिएको चिम्टाका बारेमा जानकारी दिएको छ । सबै सत्पात्रकै रूपमा आएका छन् । असत पात्रको उपस्थिति देखिएको छैन । प्रायः सबै मञ्चीय पात्र नै छन् । सपनामा देखिएका महादेवलाई अलौकिक पात्रका रूपमा लिन सकिन्छ । गाईहरूले कुनै मानवीय व्यवहार नदेखाएकाले तिनलाई पात्रका रूपमा लिन सकिँदैन । त्यसैले यहाँ मानवेतर पात्रको उपस्थिति देखिँदैन ।

### ३.२.१.४ कथोपकथन

पूरै वर्णनात्मक ढङ्गमा तयार पारिएको हुँदा यस कथामा कथोपकथनको प्रयोग नभएको देखिन्छ । पात्रहरूका बीचमा भएका केही संवादात्मक स्थितिलाई पनि यहाँ कथावाचकले वर्णनकै क्रममा प्रस्तुत गरेको देखिन्छ । यति भएर पनि सपनामा महादेवले तामाङसँग गरेको एकतर्फी कुरालाई कथोपकथनका अंशका रूपमा लिन सकिन्छ ।

जस्तै :

महाँदेव: "तिमीहरूले जे खनिरहेका छौ, त्यो ढुङ्गा होइन । त्यो त मेरो चिम्टा हो । पहिले म उत्तरा खण्डमा कालकुट विषसेवन गरेर बसेको थिएँ । त्यही बेला एक दिन यहाँ बास बस्नु परेकाले म बास बसेको थिएँ । जानेबेलामा मैले चिम्टा यहीँ छोडेर गएँछु । कैयौं वर्षसम्म मेरा साथमा रहेको हुँदा यस चिम्टामा पनि मेरो शक्ति छ । तिमीहरूले जति खने पनि यसको अन्त्य भेट्न सक्दैनौं ।"

### ३.२.१.५ द्वन्द्व

सबै सत पात्रहरू मात्र भएकाले यस कथामा पात्रगत बाह्य द्वन्द्व देखिँदैन । गाईले दूध दिन छाड्दा गोठालाहरूका मनमा किन र के गरी यसो भयो भन्ने मानसिक तनाव उत्पन्न भएको छ । गाइले एउटा डाँडामा गएर दूध झार्दा पनि उनीहरूका मनमा तनाव उत्पन्न भएको छ । ढुङ्गो खन्दै जाँदा चिरा परेको अवस्था पाइएको छ । यसले पनि ती गाउँलेहरूमा मानसिक चिन्ता देखिएको छ । यी विभिन्न सन्दर्भले यहाँका पात्रहरूको मानसिक द्वन्द्व देखिएको छ । यो मानसिक द्वन्द्व सपनामा महादेव प्रकट भएर चिम्टेश्वर महादेवका बारेमा जानकारी दिएपछि समाधान भएको छ ।

### ३.२.१.६ उद्देश्य

मनोरञ्जन प्रदान गर्नु तथा गोरखा क्षेत्रमा स्थापित धार्मिक स्थल चिर्केश्वर महादेवको उत्पत्तिको किंवदन्दी मूलक सन्दर्भ प्रस्तुत गर्नु नै यस कथाको मुख्य उद्देश्य हो । गाई चराउन जाने सन्दर्भ, गाईले गोठमा दूध नदिएको सन्दर्भ, गाईले दूध नदिनाको कारणको खोजी महादेवको सन्दर्भ आदि यस कथामा आएका मनोरमपूर्ण सन्दर्भहरू हुन् । यिनै सन्दर्भहरूबाट यस कथाका श्रोताहरूलाई पूर्ण रूपमा मनोरञ्जन प्राप्त हुन्छ । गाईले भगवान्लाई चिनेर दूध चढाएको कुरा पनि यहाँ देखाउन खोजिएको छ । सपनामा

महादेवको पूजाआजाको सन्दर्भबाट देवताप्रति आस्था र विश्वासको भावना जगाउने उद्देश्य राखिएको देखिन्छ । यसरी यस कथाले मनोरञ्जन दिने र भगवान्प्रति आस्था जनाउने कार्य गरेको छ । यो नै यस कथाको मुख्य उद्देश्य हो ।

### ३.२.१.७ भाषा

भाषिक सरलता यस कथाको अर्को विशेषता हो । सरल र ग्राम्य भाषा यस कथामा बढी मात्रामा प्रयोग भएको देखिन्छ । थला, माथि, थुम्को, हिमाली, बाहुन, उहिल्यै, गोठाला फाँचा, चिथो, फेद, उचम्म, दाँज्ने दिनहुँ आदि जस्ता ठेट नेपाली शब्दहरूको प्रयोग यस कथामा भएको छ । चिर्केश्वर, उत्पति क्षत्री, प्रकट खण्ड, कालकुट, विष सेवन, शक्ति, कालान्तर, बसाह आदि जस्ता तत्सम शब्दहरूको प्रयोग पनि यस कथामा भएकै छ । तामाङ जस्ता आगन्तुक शब्दहरूको प्रयोग यस कथामा अल्प रूपमा मात्र भएको छ । अनुकरणात्मक शब्दहरूका सन्दर्भमा एउटा मात्र अनुकरणात्मक शब्द 'टम्म' प्रयोग भएको छ । र, त जस्ता निपातको प्रयोग निकै कम मात्रामा भएको देखिन्छ । वाक्यका तहमा सरल वाक्यहरूकै अधिक प्रयोग भएको देखिन्छ । केही वाक्यहरू जटिल पनि छन् । (क) गोठालाहरू चरनमा गाई छाडेर आफ्नै धुनमा रमाउँथे (ख) त्यस डाँडाको माथिल्लो हिमाली भेकतिर तामाङ जातिका मानिसहरू बस्छन् भने अलि तल्लो भेकतिर गुरूङ बरामहरू बस्छन् ।

माथिका उदाहरणमध्ये 'क' सरल वाक्य हो भने 'ख' जटिल वाक्य हो । संरचनागत रूपमा जटिल भए पनि सो वाक्य अर्थगत रूपमा सरल नै छ, त्यसैले यस कथामा प्रयोग भएका वाक्यहरू सरल नै रहेका छन् ।

### ३.२.१.८ शैली

प्रस्तुत 'चिर्केश्वर महादेवको उत्पत्तिको कथा' कथामा वर्णनात्मक शैलीको प्रयोग भएको छ । एकनासको वर्णन शैली यस कथामा आएको छ । कथावाचकले हाउभाउको साथमा कथावाचन गरेको छ । महादेव सपनामा प्रकट भई आफ्नो छाडिएको चिम्टाका बारेमा जानकारी दिँदा नाटकीकरणको प्रयोग भएजस्तै देखिन्छ । सपनामा महादेव बोल्ने बाहेक अन्य कुनै पनि सन्दर्भमा यस कथाका पात्रका बीचमा संवाद भएको छैन । सामान्य रूपमा देखिन खोजेका संवादात्मक स्थितिमा पनि कथावाचकले वर्णनात्मक रूपमै प्रस्तुत गरेका छन् ।

### ३.२.१.९ परिवेश

गोरखा जिल्लाकै ग्रामीण परिवेश यस कथामा चित्रण गरिएको छ । तामाङ जातिको र गुरूङ क्षेत्रीब्राह्मणक्षत्रीको समाज पनि यस कथाको परिवेशकै रूपमा आएको देखिन्छ । गोठालो जाने तथा गाई चराउने परिवेश पनि यस कथामा देखाइएको छ । डाँडा, ढुङ्गा आदि सन्दर्भले गर्दा यहाँको परिवेश पहाडि क्षेत्रको परिवेश हो भन्ने कुरा प्रष्ट हुन्छ । यो लौकिक परिवेशका अतिरिक्त यस कथामा महादेवको उपस्थितिले अलौकिक परिवेशको चित्रण गरेको देखिन्छ । यस अलौकिक परिवेशमा महादेव, चिर्केश्वर महादेव बसाह आदिको सन्दर्भ देखाइएको छ ।

### ३.२.१.१० निष्कर्ष

'चिर्केश्वर महादेवको उत्पत्तिको कथा' कथामा किंवन्दतीमूलक कथानकको प्रयोग भएको छ । यो किंवन्दती गोरखाको महादेवसँग सम्बन्धित एउटा धार्मिक स्थलमा आधारित छ । यसमा आएका पात्रहरू जातिगत रूपमा बाहुन, क्षत्री गुरुङ र तामाङ्ग छन् । व्यक्तिगत रूपमा कुनै पनि पात्रको उपस्थिति देखिएको छैन । सामूहिक रूपमा नै सबै पात्रहरू आएका छन् । कथोपकथन अत्यन्त न्यून रूपमा आएको छ । सपनामा महादेव बोल्नेदेखि बाहेक अन्य पात्रहरूका बीचमा कुनै बोलचालसम्म भएको देखिँदैन । संरचनागत रूपमा केही जटिल वाक्यहरू भए पनि अर्थगत रूपमा सरलता देखिन्छ । शैलीपूर्ण रूपमा वर्णनात्मक रहेको छ । मानसिक द्वन्द्वलाई मुख्य रूपमा प्रस्तुत गरिएको उक्त कथाले देवताप्रतिको विश्वासलाई प्रगाढ बनाउने उद्देश्य रहेको छ । महादेवको उपस्थिति विशेष अभिप्रायको रूपमा आएको छ ।

## ३.२.२ जालपादेवी उत्पत्तिको कथा

यस कथामा उल्लेख गरिएको जालपादेवीको मन्दिर गोरखा जिल्लाको सौरपानी गा.वि.स. वडा नं. १ मा अवस्थित छ ।

गोरखाको सौरपानी गा.वि.स. वडा नं. ९ तुक्राङ्ग भन्ने ठाउँमा वराम जातिको बसोबास थियो । उनीहरूको मुख्य पेशा कृषि नै भए पनि बाँकी समय माछा मार्ने गर्दथ्यो । उनीहरू रातका समयमा माछा मार्न जाल लिएर दरौंदी खोलातिर जान्थे, रातभरि माछा

मारेर घरका अन्य विभिन्न समस्या टार्थे । त्यसैले वरामहरू सकेसम्म बढी माछा मार्ने प्रयास गर्थे ।

एक पटक तिनै वरामहरू माछा मार्न भनी जाल बोकेर गएछन् । दरौदी नदी र अधेरी नदीमा उनीहरूले माछा मार्ने प्रयास गरेछन् । त्यसरात कति प्रयास गरे पनि जालमा माछा परेन छ । साह्रै दिक्क भएर जलारीले नदीमा लाज हानेछ । उसलाई यस पटक भने जालमा माछा परेजस्तो लागेछ । अनि जलारीले अत्यन्तै खुसी भएर जाल तानेछ । जालमा त माछा नपरेर ढुङ्गा पो परेको रहेछ । त्यो देखि जलारीलाई अझै दिक्क लागेछ । उसले फेरि पनि जाल हानेछ । यस पटक पनि अघि जालमा परी पानीमा फ्यालेकै ढुङ्गा पो जालमा परेछ । गर्दा गर्दा धेरै पटकसम्म त्यही एउटै ढुङ्गो जालमा परेपछि उसले त्यो कुरा आफ्नो साथीलाई सुनाएछ । साथीले पनि दुइचार पटक जाल हानिहेरेछ । अचम्म ! साथीको जालमा पनि त्यही ढुङ्गो पो आयो । त्यसपछि उनीहरूले त्यो ढुङ्गो सामान्य नभएर देवीको रूप हो भन्ने अनुमान गरेछन् ।

उनीहरूले सबै गाउँलेहरूलाई बोलाएछन् । गाउँलेहरू मिलेर दरौंदी नदी र अधेरी नदीको सङ्गम स्थलमा एउटा मन्दिर बनाएछन् र त्यही मन्दिरमा त्यस ढुङ्गालाई देवीका रूपमा स्थापना गरेछन् । मन्दिर स्थापना गरी रमाइलोका साथ पूजाआजा गरेछन् । उनीहरूले जालमा परेकी अथवा जालमा भेटिएकी देवी भनेर ती देवीको नाम पनि जालपा देवी राखेछन् । जालपा देवीको मन्दिरमा पूजाआजा तथा भाकल गरेर आफूले चिताएको कुरा पुग्ने जनविश्वास छ । आज पनि वैशाख पूर्णिमाको दिनमा त्यहाँ ठूलो मेला पर्व लाग्ने गर्दछ । उनीहरू वैशाखपूर्णिमाको मेलामा प्रत्येक घरबाट एक एकवटा बोका ल्याई बलि दिने गर्दछन् । यस अवसरमा गोरखा जिल्लाका धेरै गा.वि.स. का मानिसहरू धुमधामसँग मेला भर्न आउँछन् र आफ्ना विभिन्न कुराहरूको भाक गर्छन् । भाक पूरा भएपछि देवीलाई यथाशक्ति बलि अथवा भेटी चढाउने गर्छन् ।

**सुन्यलाई सुनको माला, भन्नेलाई फूलको माला**
**यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा तुरून्दै आइजाला**

स्रोत : रून्द्रबहादुर बराम
सौरपानी ९, तुक्राङ्ग

### ३.२.२.१ कथानक

'जालपादेवी उपत्तिको कथा' कथामा शीर्षक अनुसार नै देवीको उत्पत्तिसँग सम्बन्धित किंवदन्तीमूलक कथानकको प्रयोग भएको छ । संस्कार र मेलाजात्राका सन्दर्भहरू पनि यस कथाको कथानकमा आएका छन् जसलाई यस प्रकार देखाउन सकिन्छ :

गोरखा तुक्राङ्गका वराम जातिहरूको मुख्य पेशा कृषि भए पनि साँझ विहान माछा मार्ने भएकाले अधेरी र दरौंदी नदीमा माछा मार्ने प्रयास गर्नु, जति पटक प्रयास गरे पनि जालमा माछा नपरेर ढुङ्गो पर्दा आश्चर्यमा परी ढुङ्गोलाई सामान्य नसम्झी देवीका रूपमा स्वीकार गर्नु, जालमा परेकी देवी भन्ने अर्थमा देवीको नाम जालपादेवी राख्नु, हरेक पूर्णिमामा भव्य मेला लाग्नु, त्यस मेलामा वराम जातिले एकएक ओटा बोका चढाउनु, गोरखाका धेरै गा.वि.स. का मानिसहरू जात्राहरू हेर्न आउनु, त्यहाँ गरिएको भाकल पूरा हुने विश्वास गर्नु आदि यस कथाका कतानकका अंश हुन् ।

उपर्युक्त कथानकको क्रमिक विकासलाई हेर्दा तुकराङ्गका वरामहरूले माछा मार्ने प्रयास गर्नुदेखि जालमा ढुङ्गो पर्नु सम्मको अवस्थालाई कथानकको आदि भाग, ढुङ्गोलाई देवीको रूप स्वीकार गरी मन्दिर स्थापना गरेर राखी धुमधाम पूजाआजा गरी नाचगान गर्नुसम्मलाई कथानकको मध्ये भाग र हरेक वर्ष वैशाख पूर्णिमाका दिन भव्य मेलाजात्रा लाग्नुलाई कथानकको अन्त्य भागका रूपमा लिन सकिन्छ ।

यस कथानकमा कार्यकारण सम्बन्ध पनि देखाइएको छ । वरामहरू विहान र बेलुका माछा मार्न जानु पहिलो कार्य भएको छ भने माछा मार्ने प्रयास गर्दा पनि माछा नपरेर ढुङ्गा पर्नु अर्को कार्य भएको छ । पहिलो कार्यलाई दोस्रो कार्यको नमिल्दो कारणका रूपमा लिन सकिन्छ । बारम्बार एउटै ढुङ्गा पर्नुलाई आश्चर्यको कारणका रूपमा लिन सकिन्छ । त्यही आश्चर्यले ढुङ्गोलाई देवीका रूपमा कारणसम्बन्ध प्रष्ट रूपमा देख्न सकिन्छ ।

### ३.२.२.२ अभिप्राय

प्रस्तुत 'जालपादेवी उत्पत्तिको कथा' कथामा अभिप्रायगत सामान्य प्रस्तुति देख्न सकिन्छ । यहाँ एउटै ढुङ्गो बारम्बार जालमा पर्नु अनि त्यो ढुङ्गालाई सामान्य नसम्झेर विशेष ढुङ्गो सम्झी त्यसलाई देवीका रूपमा स्थापना गर्नु यस कथामा देखिएको विशेष अभिप्राय हो । यहाँ ढुङ्गामा देवीको रूप देखाइएको छ ।

### ३.२.२.३ पात्र/चरित्र

एउटा सिङ्गो जातिलाई यहाँ मुख्य पात्रका रूपमा लिइएको छ । त्यो जाति तुक्राङ्गको बरामहरू हो । जलारीलाई पनि यस कथामा मुख्य पात्रका रूपमा लिइएको छ । जो विहान र बेलुकाको समयमा माछा मार्न अधेरी र दरौंदी नदीको सङ्गमतिर गएका छन् । ती जलारीहरूमा लैङ्गिक भेद देखिएको छैन । अन्य गाउँलेहरू पनि यस कथाका पात्रका रूपमा उपस्थित भएका छन् । पूजा लगाई धुमधाम नाच्ने सबै मानिसहरू यस कथाका पात्र नै हुन् । तिनीहरूमा लैङ्गिक भेद देखिएको छैन । स्वभावका आधारमा सबै पात्रहरू अनुकूल नै देखिएका छन् । पटक पटक उही ढुङ्गो जालमा परिरहँदा र त्यस ढुङ्गालाई देवीको रूपमा समेत स्वीकारिएको हुँदा त्यसलाई पनि पात्रका रूपमा लिन सकिन्छ । यसरी कथामा मुख्य गरी एउटा समूदायलाई नै कथाको पात्रका रूपमा लिइएको छ ।

### ३.२.२.४ कथोपकथन

यस कथाको कथोपकथन कमजोर छ । पूरै कथानक वर्णनात्मक रूपमा अगाडि बढेको छ । पात्रहरूका बीचमा संवादको कुनै अवस्था देखिएको छैन । आएका एकाद संवादका स्थितिलाई पनि कथावाचकको वर्णनात्मक चेतनाले वर्णनमै प्रस्तुत गरेको हुँदा कथोपकथनको अवस्था शून्यप्रायः छ ।

### ३.२.२.५ द्वन्द्व

यस जालपादेवी उत्पत्तिको कथामा द्वन्द्वको स्थिति राम्रै रहेको देख्न सकिन्छ । यहाँ गरिवी र बराम जातिको अवस्थाबीच प्रथम द्वन्द्वात्मक स्थिति देखिएको छ । उनीहरू गरिबीसँग जुध्न रातको समयमा माछा मार्न खोलामा गएका छन् । जति प्रयास गर्दा पनि माछा नपरेकाले जलारीका मनमा मानसिक द्वन्द्वको अवस्था देखिएको छ । किन माछा परेन भन्ने कुरामा जलारीलाई चिन्ता लागेको छ । जालमा पटकपटक एउटै ढुङ्गो पर्दा पनि जलारीका मनमा तनाव उत्पन्न भएको छ । यसरी यस कथामा मानसिक द्वन्द्वकै आधिक्य देखिन्छ ।

### ३.२.२.६ उद्देश्य

यस कथामा मुख्य रूपमा मनोरञ्जन प्रदान गर्ने उद्देश्य रहेको छ । रातको समयमा जलारीहरू जालबोकेर माछा मार्न जाने सन्दर्भ, जति प्रयास गर्दा पनि माछा नपरेर जालमा

एउटै ढुङ्गो पर्ने सन्दर्भको मनोरञ्जनात्मक प्रस्तुति गरिएको छ । देवीदेवताप्रतिको विश्वासको भावना पनि यस कथाले प्रस्तुत गरेकै छ । यसैगरी गोरखा जिल्लामा प्रसिद्ध जालपादेवीको उत्पत्तिको सन्दर्भ जानकारी दिने प्रयास पनि यस कथाले गरेको हुँदा सो जानकारी दिने उद्देश्य पनि यस कथाले लिएको देखिन्छ ।

### ३.२.२.७ भाषा

भाषिक सरलता यसकथाको एउटा विशेषता नै हो । वराम बसोबास, रात, नाचगान, रमाइला, बालबच्चा जाल दिक्क, जलारी, अत्यन्त, चेली, भाकल, मन्दिर आदि जस्तो ठेट नेपाली शब्दको प्रयोगले यस कथामा निकै मीठोस थपेको छ । नदी, प्रयास, देवी, सङ्गम, स्थापना, पूर्णिमा, स्वीकार, जनविश्वास, यथाशक्ति, भेटी जस्ता तत्सम शब्दहरूको प्रयोग पनि यस कथामा भएकै छ । खुशी पेशा जस्ता आगन्तुक शब्दहरूको प्रयोग अत्यन्त कम मात्रामा भएको देखिन्छ । त, पो जस्ता निपातको प्रयोग पनि केही मात्रामा भए पनि भएकै देखिन्छ । अनुकरणात्मक शब्दहरूको प्रयोग भने यस कथामा भएको छैन । वाक्यका तहमा सरल र जटिल दुवै प्रकारका वाक्यहरू प्रयोग गरिएका छन् । जस्तै :

(क) साथीले पनि दुईचार पटक जाल हानिहेरेछ ।

(ख) गाउँलेहरू मिलेर अधेरी र दरौदी नदीको सङ्गम स्थलमा एउटा मन्दिर बनाएछन् र त्यही मन्दिरमा त्यस ढुङ्गालाई देवीका रूपमा स्थापना गरेछन् ।

माथिका उदाहरणमा पहिलो सरल वाक्य हो भने दोस्रो जटिल वाक्य हो । संरचनागत आधारमा वाक्य जटिल भए पनि अर्थगत आधारमा सरल नै रहेको छ ।

### ३.२.२.८ शैली

यो कथा वर्णनात्मक शैलीमा तयार गरिएको छ । कथा वाचकले सरासर अविरल रूपमा घटनाको वर्णन गरेको छ । यहाँ ‘गोरखाको तुक्राङ्ग भन्ने ठाउँमा बराम जातिको बसोबास थियो ।’ बाट कथा प्रारम्भ भएको छ र ‘सुन्यलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा तुरून्तै आइजाला’ बाट कथान्त भएको छ । कथामा गद्य शैलीको प्रयोग भए पनि कथावाचकले लयात्मक रूपमा कथावाचन गर्न सक्ने स्थिति छ । कथाको अन्तिम सन्दर्भ भन्नेलाई फूलको माला...” चाहिँ प्रष्टै लयात्मक शैलीमा प्रस्तुत गरिएको छ । पात्रहरूका बीचमा हुने संवादहरूलाई पनि कथावाचकले वर्णनात्मक

रूपमै प्रस्तुत संवादहरूलाई पनि कथावाचकले वर्णनात्मक रूपमै प्रस्तुत गरेको छ । खोलामा जाने जालहान्ने माछा मार्ने प्रयास गर्ने, नाचगान गर्ने, आदि जस्ता सन्दर्भले कथाभित्र नाटकीकरणको सामान्य अवस्था देखाएको छ साथै कथावाचकले वाचन गर्दाको अवस्थामा शारीरिक हाउभाउ पनि देखिएकै छ । कथाभरि कुनै पनि सन्दर्भमा पात्रहरू आफैँ बोलेको अवस्था देखिएको छैन । त्यसैले यो कथा पूरै वर्णनात्मक शैलीमा तयार भएको देखिन्छ ।

### ३.२.२.९ परिवेश

यस कथामा सामान्य लौकिक, ग्रामिण, परिवेशको चित्रण गरिएको छ । यहाँ गोरखाको तुक्राङ्ग गाउँ, बराम जाति, अधेरी र दरौ नदी आदि स्थान तथा स्थानीय बासिन्दालाई मुख्य परिवेशका रूपमा लिन सकिन्छ । देवी देवताको मानभाउ गर्ने, रूढिवादी परिवेश पनि यहाँ चित्रण गरिएको छ । पूजाआजा तथा नाचगान गर्ने परिवेश पनि यस कथाको लौकिक परिवेश अन्तर्गत नै पर्दछ । पटक पटक फ्याले पनि उही ढुङ्गो जालमा पर्नु र त्यसलाई देवीका रूपमा स्वीकार्नु यस कथाको अलौकिका परिवेश हो । अलौकिक परिवेशमा पटकपटक एउटै ढुङ्गो जालमा पर्नु भन्दाबाहेक अन्य कुनै सन्दर्भ आएको छैन । बरामहरूको गरिबी र समस्याको स्थितिले कारूणिक परिवेशको चित्रण गरेको छ ।

### ३.२.२.१० निष्कर्ष

आदि, मध्य र अनत्य भागमा प्रष्टसँग विभाजित यो कथाको कथानक ग्रामीण समाज र त्यहाँ कै परिवेशसँग सम्बन्धित छ । व्यक्ति पात्रको प्रयोग नगरेर सामूहिक रूपमा पात्रगत उपस्थिति देखाउनु यस कथाको पात्रगत विशेष प्रस्तुति हो । यस कथामा गाउँलेहरू र जलारी पात्रका रूपमा आएका छन् । मानसिक द्वन्द्वलाई विशेष प्राथमिकता दिएको यस कथामा सामान्य रूपमा बाह्य द्वन्द्वको अभाष पाउन सकिन्छ । मनोरञ्जन र जालपादेवीको उत्पत्तिमूलक किंमदन्तिको जानकारी दिने उद्देश्य यस कथामा पाउन सकिन्छ । भाषागत सरलता र शैलीगत वर्णनात्मकता पनि यस कथामा विशेषताका रूपमा आएका छन् । ढुङ्गो र देवीको सन्दर्भलाई विशेष अभिप्रायका रूपमा लिन सकिन्छ ।

### ३.२.३ गठ साधु

एकादेशमा साने र माने नाम गरेका दुई जना धुर्त दाजु भाइ रहेछन् अरे । तिनीहरूले गाउँलेलाई दिनसम्म दु:ख दिएका रहेछन् । एक दिनको कुरा हो, बारी खन्न लगाएर उनीहरूका बाबु अन्त कतै हिँडेछन् । ती दुवै दाजुभाइलाई बारी खन्न अल्छी लागेछ । सानेले भाइलाई भनेछ "हेर भाइ कुनै जुक्ति ननिकाली भएन । तँ गएर बारी खन्दै गर, म कुनै जुक्ति लगाउँछु" यति भनेर भाइलाई बारी खन्न पठाइ सानेले एउटा जुक्ति लगाएछ ।

डाँडामा बजार लाग्ने दिन थियो । बाटामा बजारेहरू हिँडिरहेका थिए । साने आफूले परदेशबाट ल्याएका नक्कली सुनका गहनाहरूमा माटैमाटो दली एउटा भाँडामा पानी र अर्को भाँडामा ती गहनाहरू बोकी दोबाटोतिर लाग्यो । ऊ दोबाटोमा "उफ् ! कत्रो बिग्न... यो देशको राजै हुने भइयौ" भन्दै नक्कली सुनका गहना धुँदै गर्दो रहेछ । बटुवाहरूले के गरेको भनी सोध्द, "यी देखेनौ बारीमा खनेका सनुका गहना धोएको" भन्दो रहेछ । सुन फल्ने यसको कस्तो बारी रहेछ भनी बटुवाहरू छक्क परी सोध्दा रहेछन् । सानेचाहीँ "मेरो बारीमा सुन फल्छ, म त्यहाँ कसैलाई जानै दिन्न" भन्दोरहेछ । बटुवाले उसोभए तेरो बारी मलाई बेच भनेछ । साने बारी त ज्यान गए पनि नबेच्ने बरू एक दिनलाई सुन खन्न दिने भएछ । सानेको कुरा मन्जुर गरी दश जना बजारे सय सय रूपियाँ तिरीबारी खन्न गएछन् । साने र माने हजार रूपियाँ बोकी कुलेलम ठोकेछन् ।

ती दुई दाजुभाइ जाँदाजाँदा एउटा गाउँमा पुगेछन् । त्यहाँ उनीहरूले अर्कै देशका एकजना राजकुमारलाई भेटेछन् । राजकुमार घरमा ठाकठूक परी रिसाएर घर छोडेका रहेछन् । राजकुमारले अर्कै देशकी एउटी सुन्दर राजकुमारीसँग बिहे पनि गरेका रहेछन् । ती धूर्त केटाहरूले कुनै उपायले ती राजकुमारसँग मित्रता गरी त्यो देशको र राजकुमारको सबै हाल बुझेछन् । त्यसपछि उनीहरू ती राजकुमारका देशतिर लागेछन् ।

उनीहरू ती राजकुमारको देशमा साधुको भेषमा उत्तर र दक्षिण दुई दिशाबाट प्रवेश गरेछन् । उनीहरू माथ्लो घरमा बस्ने र तल्लो घरमा सबै कुराहरू बुझ्ने गर्दारहेछन् । अघिल्लो दिन बुझेका घरमा भोलिपल्ट ज्योतिषि भएर जाँदो रहेछन् । हुँदाहुँदा तिनीहरू जान्ने ज्योतिषि भएर कहलाएछन् । उनीहरूको ज्योतिष विधाको चर्चा राजदरबार सम्म पुगेछ । उनीहरूलाई राजाले झिकाएछन् । दरबारमा उनीहरूले आफ्नो भेट संयोगले भए

जस्तै बनाएर एकआपसमा पूर्वपरिचय नभएझै व्यवहार गरेछन् । यसो गर्दा दुईजना ज्योतिषीबाट एउटै कुरा भनिएको बुझी राजालाई उनीहरूका कुरा पत्याउन सजिलो हुन्थ्यो । दरबारमा गएर उनीहरूले राजा रानीका अनुहार राजकुमारले धेरै प्रगति गरेको, राम्री परीजस्ती राजकुमारीसँग बिहे गरेको आदि कुरा बत्ताएछन् । त्यसपछि उनीहरूले तन्त्रमन्त्र गरेर राजकुमारलाई अबका एक महिना भित्रमा ल्याइदिने कुरा पनि गरेछन् । राजदरबारका शत्रुभित्रु आदिका बारेमा पनि उनीहरूले बत्ताएछन् । साने र माने यी सबै कुराहरू राजकुमारहरूबाट पहिले नै थाहा पाइसकेका थिए । यो कुरा राजारानीलाई थाहा भएन, उनीहरू दाजुभाइ भएको कुरा पनि कसैले अनुमानसम्म गर्न सकेनछन् ।

मीठोमीठो खाएर उनीहरू राजदरबारमा सम्मानसाथ बसेछन् । उनीहरूले भनेकै दिन राजकुमार पनि परी जस्तै सुन्दर दुलही लिएर आइपुगेछन् । पहिलेभन्दा निकै मोटाघाटा भएका तथा साधुको भेषमा भएकाले राजकुमारले उनीहरूलाई चिन्नै सकेनछन् । त्यसपछि त उनीहरू अत्यन्तै जान्ने त्रिकालदर्शी, ज्योतिषिका रूपमा प्रख्यात भएछन् । उनीहरूको जयजयकार भएछ । एक दिन मानेलाई निकै चिन्ता लागेछ । उसले सानेसँग सोधेछ "दाइ हामी यहाँ धेरै दिन सुरक्षित रहन सक्दैनौं किनकि हामी जान्ने ज्योतिषि होइनौं । यिनीहरूले हाम्रो भेद बुझ्नसक्छन् । त्यो भन्दा पहिले नै कुनै उपाय गर्नु पर्‍यो" सानेलाई पनि यो कुरा मनपरेछ । उसले "हुन्छ, म विचार गर्छु" भनेछ ।

उपयुक्त अवसर पारेर सानेले राजालाई आफू तिर्थ गर्न जाने भएँ भन्दै विदा मागेछ । मानेले पनि "उहाँसँग म पनि धामघुम्न जानुपर्‍यो महाराज" भनेछ । त्यसपछि राजाले दुवै ज्योतिषिलाई आफ्नो भविष्यवाणी गर्न लगाएछन् । उनीहरूले उचित अवसरको फाइदा उठाई सबै राम्रैराम्रा कुराहरू मात्र बत्ताएछन् । अब आफ्ना सुदिन आएका तथा जिनैजित आएको कुरा निश्चित भएकाले राजा खुशी भई तिनीहरूलाई धेरै धन दौलत उपहारका रूपमा दिएछन् । सानेले विचराहरू धेरै दिन नझुक्कियून भनेर आफ्नो पहिचान खुल्ने पत्र लेखी राजकुमारमा कोटका खल्तीमा हालिदिएछ । पछि यो कुरा थाहा पाएर राजकुमारले राजालाई भने तर त्यतिखेरसम्ममा ठग साधुहरू बेपत्ता भइसकेका थिए । त्यसैले अहिले पनि जोसुकैलाई ज्योतिषि हेराउनु हुँदैन भनिन्छ ।

**सुन्यलाई सुनको माला, भन्नेलाई फूलको माला**
**यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा तुरून्दै आइजाला** स्रोत : लोकबहादुर खड्का
ताकुकोट २, भालेढुङ्गा

### ३.२.३.१ कथानक

'ठग साधु' कथामा सामाजिक विषयवस्तुले स्थान पाएको छ । यहाँ दुइ ठग दाजुभाइले कसरी मानिसलाई ठगेका छन् भन्ने कुरालाई मुख्य विषयवस्तुका रूपमा लिइएको छ । यस कथाको कथानक यसप्रकार छ :

साने र माने नाम गरेका दुई जना धूर्त दाजुभाइले गाउँलेलाई दिनसम्म दुःख दिनु, बजार हिँडेका यात्रुहरूलाई झुक्याएर पैसा लिइ आफ्नै बारी खनाउनु, आफ्नो गाउँबाट भागी अर्कै देशमा साधुका भेषमा पुगेर त्यहाँका राजा र गाउँलेहरूलाई पनि ठग्नसम्म ठग्नु, राजालाई भएभरका राम्राराम्रा कुराहरू भविष्यवाणीका रूपमा सुनाई प्रशस्त धन लिएर भाग्नु आदि यस कथाका मुख्य कथानकका अंशहरू हुन् ।

यस कथामा आएको कथानकको विकास रैखिक ढाँचामा भएको छ । त्यस विकासको स्वरूपलाई ठग्नुदेखि बजारेहरूलाई पैसा लिएर आफ्नो बारी खनाउनुसम्मका घटनाहरूलाई यस कथाको आदि भागका रूपमा, घरबाट भागेर अर्कै देशको राजकुमारलाई भेट्नु, त्यहाँबाट विभिन्न कुराको जानकारी लिएर राजदरबार गई राजारानीलाई ठग्नु र प्रशस्त पैसा लिनुसम्मलाई कथानकको मध्यमागर तीर्थ जाने भनी राजाबाट पैसा लिएर भागी राजकुमारलाई आफ्नो वास्तविकता खोल्ने कार्य गर्नु आदिलाई कथानकको अन्त्य भागका रूपमा लिन सकिन्छ ।

यस कथामा वर्णनात्मक तथा विश्लेषणात्मक ढङ्गले विषयवस्तुको प्रस्तुति गरिएको छ । कथामा कार्यकारण सम्बन्धको खोजी गर्दा कारण एक र कार्य अनेक देखिन्छन् । यस कथामा विभिन्न घटनाहरू वर्णन गरिएका छन्, ती सबैको एउटै कारण छ त्यो हो, साने र मानेको ठग स्वभाव । अत्यन्तै धूर्त भएका हुनाले ती दुई दाजुभाइहरू अरूलाई नठगी बस्नै सक्दैनन् । उनीहरूले आफ्ना बारीमा सुन फलेको छ भन्दै बजारेहरूलाई बारी खनाएका छन् । दरबारबाट हराएको राजकुमारलाई पहिले नै भेटेर राजकुमार स्वयंबाट उसको राज्य राजारानी आदिका बारेमा राम्ररी बुझेर ज्योतिषिका रूपमा राजदरबार गई राजारानीलाई ठग्नसम्म ठगेका छन् ।

### ३.२.३.२ अभिप्राय

यस कथामा अभिप्रायगत विशेष प्रस्तुति पाइदैन । सबै सन्दर्भ र परिवेशहरू सामान्य र लौकिक रहेका छन् । ठगहरूले ठगी गर्दा वा राजकुमारले विवाह गर्दा वा

ठगिएका राजाले त्यसको बदला लिन कुनै विशेष अभिप्रायको प्रयोग गरेको देखिँदैन । ठगहरू चलाखचाहिँ अवस्य छन् तर तिनीहरूले ठगी गर्न सबै मानवीय यत्न नै प्रयोग गरेका छन् । त्यसैले यहाँ विशेष अभिप्रायको प्रयोग भएको छैन ।

### ३.२.३.३ पात्र/चरित्र

यस कथामा सबै मानवीय पात्रहरू प्रयोग भएका छन् । साने र माने दुई दाजुभाइ हुन् । यिनीहरू नै यस कथामा मुख्य पात्रका रूपमा प्रयोग भएका छन् । कथाको आदिदेखि अन्त्यसम्म यी दुई पात्रहरूको सक्रिय भूमिका रहेको छ । यिनीहरू गठ हुन् । यिनीहरूले गाउँलेहरू, बटुवा, अर्कै देशका राजारानी आदिलाई ठग्नसम्म ठगेका छन् । मानिसहरूलाई ठग्ने भएकाले यिनीहरूलाई असल पात्रका रूपमा लिन सकिन्छ । यिनीहरू मञ्चीय, बद्ध र स्थिर स्वभाव भएका पात्रहरू हुन् । बटुवाहरू साने र मानेबाट ठगिएका पात्रहरू हुन् । बजार जाँदाखेरि ती ठगहरूले सुन फल्ने बारी भनेर पैसा लिएर आफ्नो बारी खनाएका थिए । राजकुमार अर्कै देशको राजकुमार अर्थात राजाको छोरो हो । ऊ घरमा कुरा नमिलेर घर छाडी हिँडेको छ र निकै पछि घर फर्किएको छ । राजकुमारसँग भेट भएकै कारणले ती ठगहरूले दरबारमा गइ राजारानीलाई ठगेका छन् । राजारानी अर्कै देशका राजारानी हुन् । यिनीहरू पनि ती दुई ठगबाट ठगिएका छन् । दुलही राजकुमारकी श्रीमती हो । घर छाडेर हिँडेपछि राजकुमारले ल्याएको नारी दुलही हो । कथामा उसको भूमिका केही पनि छैन ।

यस कथामा ठगी गर्ने र ठगिने गरी दुई प्रकारका पात्रहरू छन् । ठगले हरेक ठाउँमा अन्य पात्रहरूलाई ठगेको छ । साने र माने यस कथामा ठग पात्रका रूपमा आएका छन् भने गाउँलेहरू, बटुवा, राजारानी आदि ठगिएका पात्रहरू हुन् ।

### ३.२.३.४ कथोपकथन

यस कथामा कथोपकथनको झलक देख्न पाइन्छ । यहाँ वर्णनात्मक शैली कै प्रयोग भए पनि केही सन्दर्भमा पात्रहरूका बीचको संवाद यसरी देखाएको छ :

माने : हेर भाइ, कुनै जुक्ति ननिकाली भएन । तँ गएर बारी खन्दै गर, म कुनै जुक्ति लगाउँछु ।

माने : उफ् ! कत्रो बिग्न ! यो देशको राजै हुने भइयो ।

साने : दाइ, हामी यहाँ धेरै दिन सुरक्षित रहन सक्दैनौ किनकि हामी जान्ने ज्योतिषि होइनौ । यिनीहरूले हाम्रो भेद बुझ्न सक्छन् । त्यो भन्दा पहिले नै कुनै उपाय गर्नु पर्‍यो ।

माने : उहाँसँग म पनि धाम घुम्न जानुपर्‍यो महाराज ।

यसरी यसकथालाई अगाडि बढाउन केही मात्रामा भए पनि कथोपकथनका प्रयोग भएको देखिन्छ । त्यो कथोप कथन सान्दर्भिक पनि छ ।

### ३.२.३.५ द्वन्द्व

'ठग साधु' कथामा अप्रत्यक्ष रूपमा ठगिनेहरू र ठगी गर्नेहरूका बीचमा द्वन्द्व देखिएको छ । यहाँ ठगी गर्नेहरू जसरी भए पनि सर्वसाधारणलाई ठग्न चाहन्छन् भने सर्वसाधारणहरू अन्जान्मै ठगिन पुगेका छन् । ठगिनेहरूले ठग भागिसकेपछि मात्र आफू ठगिएको थाहा पाउँछन् । त्यसैले यिनीहरूका बीचमा प्रत्यक्ष रूपमा द्वन्द्व देखिएको छैन । राजकुमारको पनि राजारानीसँग सामान्य द्वन्द्व भएको देखिन्छ । घरमा ठाकठुक परेर राजकुमार हिँडेका भन्ने सन्दर्भले पनि राजकुमार र राजारानीका बीचको द्वन्द्वलाई सङ्केत गरेको देखिन्छ ।

### ३.२.३.६ उद्देश्य

मनोरञ्जन दिने तथा ठगिनेबाट जोगिने उपदेश दिनु नै यस कथाको मुख्य उद्देश्य हो । यहाँ ठगहरूले विभिन्न वहानामा सामान्य मानिसलाई ठगेका विभिन्न सन्दर्भहरू निकै नै आकर्षक छन् । तिनै आकर्षक ठगीका सन्दर्भहरूले भरपुर मनोरञ्जन दिएका छन् । हाम्रो समाजमा हात तथा चिना हेर्ने-हेराउने प्रचलन अझसम्म छँदैछ । त्यसरी हात तथा चिता हेर्ने तथाकथित ज्योतिषिहरू एक नम्बर ठग हुन सक्छन् । त्यसैले त्यस प्रकारका ठगहरूबाट जोगिनु पर्ने सन्देश यस कथामा मुख्य उद्देश्यका रूपमा आएको छ ।

### ३.२.३.७ भाषा

'ठग साधु' कथामा भाषिक सरलता पाइन्छ । शब्द, वाक्य तथा अर्थ आदिका दृष्टिबाट यस कथामा सरल भाषाको प्रयोग भएको देखिन्छ । यहाँ साने र माने, बारी, अन्त, कतै, जुक्ति, डाँडा, नक्कली, गहना, भाँडा, दोबाटो, उफ्, बटुवाहरू छक्क, ज्यान, कुलेलम, माथ्लो, तल्लो, अघिल्लो, भोलिपल्ट, बिहे, तन्त्रमन्त्र ठाकठुक आदि जस्ता ठेट नेपाली शब्दहरूको भरपुर प्रयोग भएको छ । साधु, भेष, उत्तर, दक्षिण, दिशा प्रवेश, ज्योतिषि, विद्या,

संयोग, प्रगति, राजकुमारी, परी, त्रिकालदर्शी, प्रख्यात, जयजयकार, भेद, धाम, महाराज, भविष्य वाणी, राजा, विचरा, धूर्त आदि जस्ता तत्सम शब्दहरूको प्रयोग पनि निकै भएको छ । दरबार, बजार, मन्जुर, खुसी फाइदा, खल्ती, आदि जस्ता आगन्तुक शब्दहरूले पनि मीठास थपेकै छन् । अरे, त, रे आदिजस्ता निपातहरूले पनि यस कथाको भाषिक सौन्दर्य बढाएका छन् । यस कथामा वाक्यका तहमा सरल र जटिल दुवै प्रकारका वाक्यहरू प्रयोग भएका छन् । संरचनाका तहमा वाक्यहरू सरल र जटिल भए पनि अर्थका तहमा सबै वाक्यहरू सरल नै छन् । संरचनाको तहमा पनि जटिल भन्दा सरल वाक्यहरू नै बढी प्रयोग गरिएका छन् । जस्तै :

(क) डाँडामा बजार लाग्ने दिन थियो ।

(ख) सानेले विचराहरू धेरै दिन नझुक्कियून भनेर आफ्नो पहिचान खुल्ने पत्र लेखी राजकुमारका कोटका खल्तीमा हालिदिएछ ।

उपर्युक्त दुई उदाहरणमध्ये 'क' को सरल वाक्य हो भने 'ख' को जटिल वाक्य हो । यी दुवै वाक्यहरू अर्थका तहमा सरल नै छन् ।

### ३.२.३.८ शैली

यस कथामा वर्णनात्मक शैली प्रयोग गरिएको छ । कथा वाचकले विभिन्न हाउभाउका साथ कथा वाचन गरेको छ । गद्य शैलीको प्रयोग भए पनि वाचनका सन्दर्भमा अन्तर लयात्मक स्थिति देखिएको छ । त्यसले नै कथालाई निकै रोचक बताएको छ । वर्णनका अतिरिक्त यस कथामा संवादात्मक शैलीको पनि प्रयोग भएको छ । यहाँ साने र मानेका बीचमा, राजा र साने, मानेका बीचमा संवादको प्रयोग भएको छ । यी अनुकुल र सान्दर्भिक संवादहरूले यस कथाको कथन शैलीलाई आकर्षक र रोचक बनाएको छ ।

### ३.२.३.९ परिवेश

यस कथामा सामान्य लौकिक परिवेशको चित्रण गरिएको छ । यहाँ आएका बारी खन्ने, बजार जाने, डाँडा आदि सन्दर्भले पहाडी ग्रामीण परिवेशको झलक दिन्छन् । निश्चित स्थान नतोकिएर पनि देशदेखि परदेखि परदेशसम्मको परिवेश यस कथामा अटाएको छ । यहाँ ज्योतिष हेर्ने हेराउने र ज्योतिषिले भनेका कुराहरूमा विश्वास गर्ने परिवेश पनि चित्रण गरिएको छ । यहाँको परिवेशमा ठगी गर्ने र ठगिनीहरूको सन्दर्भ पनि आएको छ । ठगी

गर्नेहरूले विभिन्न प्रसङ्गहरू निकालेर सोझा सिधा सामान्य व्यक्तिदेखि लिएर दरबारका राजारानी समेतलाई ठगेका रमाइला परिवेशहरू यस कथामा चित्रण गरिएका छन् ।

## ३.२.३.१० निष्कर्ष

'ठग साधु' सामान्य सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथाले समाजमा ठग्ने र ठगिने व्यक्तिहरूलाई नै मुख्य पात्र बनाई ठगिनाबाट जोगिने सन्देश दिनु यस कथाको मुख्य उद्देश्य हो । सरल र बोधगम्य भाषाको प्रयोग यस कथामा भएको छ । ठेट नेपाली शब्द, तत्सम शब्द, आगन्तुक शब्द र केही निपातको पनि यस कथामा प्रयोग भएको छ । सत र असत पात्रका बीचमा भएको सामान्य द्वन्द्व यस कथामा उचित रूपमै आएको छ । सामान्य र सामाजिक विषयमा आधारित भएको र अलौकिक, विशेष प्रसङ्हरू यस कथामा नपाइने हुनाले यहाँ विशेष अभिप्रायगत प्रयोग भएको देखिँदैन ।

## ३.२.४. न्याउरी मुसाको कथा

एउटा घरमा तीन जनाको जहान थियो अरे, एउटा छोरा र दुइजना बाबुआमा । तिनीहरू सधैंभरि यसो मागेर (निमेक सिमेक) गरेर खान्थे अरे, गरिब भए पनि तिनीहरू एकअर्कालाई खुबै माया गर्थे रे । एक दिन खाने बेलामा एक जना पाहुना आइपुगे छन् । घरमा एउटा दुहुना गाई रहेछ । त्यो गाईको दूधमा पायस बनाएर तीन भाग लगाई तिनीहरू खाना लागेका रहेछन् । त्यसैबेला पाहुना आइपुगेपछि त उनीहरूलाई के गरौं कसो गरौ भएछ बाँकी खीर पनि थिएन घरमा अरू खानेकुरा पनि थिएन । पाहुना आएपछि बूढीचाहिँले, "मेरो भाग म पाहुनालाई दिन्छु, तपाइ र छोरा खानुहोस् ।" भनिछ बूढीले त्यति भनेपछि बूढाले, "तँ खा न । मेरो भाग दिइहाल्छु नि । तँलाई धेरै भोक लागेको होला" भनेछ बूढाले त्यति भनेपछि फेरि छोरो बोलेछ । छोराले पनि "मेरो भाग दिन्छु तपाईंहरू खानुहोस्, म अलि बलियो र उमेरको पनि छु" भनेछ ।

त्यस परिवारका सदस्यहरूका त्यति कुरा सुनेपछि पाहुना आफैं बोलेछन् । उनले भनेछन्, "भैगो भैगो, तपाइहरू केही नगर्नुहोस्, म एउटा अर्थ मिलाउँछु" पाहुनाले त्यति भनेपछि यिनले के गर्न लागे भनि त्यो परिवारका सबै मान्छेहरू छक्क परेछन् । त्यसपछि पाहुनाले ती तीनवटै भाग लिएर एकै ठाउँमा मिलाएछन् अनि फेरि त्यसलाई चार भाग लगाएछन् । ती चार भाग चारै जनाले बाँडेर खाएछन् । ती तीनजनाले आ-आफ्नो भाग

चाहिँ चाटचुट बनाएर खाइहालेछन् । उता पाहुनाले चाहिँ सबै खाना नखाई अलिअति लापलुप पारेर केराको पात कुनातिर फ्यालेछन् ।

त्यो पायस लागेको पात फ्यालेको ठाउँ नजिकै एउटा दुलोमा एउटा न्याउरी मुसो बस्दोरहेछ । त्यो न्याउरी मुसाको दुलामा पायसको वासना हरर्र आएछ । त्यसपछि बसिराखेको त्यो न्याउरी मुसालाई छटपट भएछ । न्याउरी मुसो दुलाबाट बाहिर निस्केछ । उसले हरर्र वासना आउने पायस देखेछ र उसलाई त्यो खाउँखाऊँ लागेर आएछ रे । अनि केराको पातमा लागेको खीर त्यस न्याउरी मुसाले अलि कतिचाहिँ चाटेर खाएछ । भोलिपल्ट खीर सम्झेर बाहिर आउँदा त बाँकी खीरचाहिँ सुन भईं राखेको रहेछ । यसरी खीर सुन भएको देख्दा न्याउरी मुसोलाई त्यो बाँकी खीर पनि मैले खाएको भर पनि सुनको हुन्थैं भन्ने लागेछ । त्यसपछि, उसलाई आफू कसरी सुनको बन्ने भन्ने रहर र चिन्ताले सताएछ । न्याउरीलाई अब केगरूँ, कसो गरूँ, भन्ने भएछ ।

न्याउरी मुसाले भगवानलाई प्राथना गरेछ । सपनामा भगवान् प्रकट भएछन् । न्याउरी मुसाले आफ्नो कुरा भगवान्लाई राखेछ । भगवान्ले न्याउरी मुसाको लोभ बुझे छन् । उनलाई न्याउरी मुसो जिस्काउने विचार मनमा आएछ र भगवानले भनेछन् “जहाँ धेरै पाहुना आएका छन्, त्यहाँ गएर धेरै जुठो खाएपछि सुन मात्र हैन हीरामोती सबैले जडिएको भइन्छ” त्यसपछि न्याउरी मुसो राजाको दरबारमा गएछ । त्यहाँको जुठेल्नोमा गएर सबै जुठोभाँडो चाटचुट पारेछ तर न्याउरी सुनको भएनछ । त्यसैले ऊ हिस्स परेर घर फर्किएछ ।

**सुन्यलाई सुनको माला, भन्नेलाई फूलको माला**
**यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरूखुर आइजाला**

स्रोत : मीनबहादुर थापा
ता.मा.ला. बोट-२, कुमाल्टारी

### ३.२.४.१ कथानक

'न्याउरी मुसाको कथा' किंवदन्तीमूलक कथा हो । यस कथामा लोभ गर्न नहुने, अतिथिको सम्मान गर्नुपर्ने जस्ता कुराहरूलाई मुख्य कथानकका रूपमा समावेश गरिएको छ । यस कथामा आएका कथानकका सन्दर्भहरूलाई

यस प्रकार देखाउन सकिन्छ :

बाबु आमा र एउटा छोरो गरी तीन जनाको भागजोग गरी खाने एउटा गरिब परिवार हुनु, त्यस परिवारका सदस्यका बीचमा गहिरो प्रेम हुनु, साझको खाना खाने बेलामा एकजना पाहुना आउनु, आफूलाई मात्र पुग्ने गरी खीर पकाएको हुनु, खीर पकाउने अरू सामाग्री केही नहुनु, त्यही खीर चारजनाले बाँडेर खानु, तीन जनाले खीर सबै खाए पनि पाहुनाले जुठो मात्र हाल्नु, पाहुनाले पाहुनाले खाइनसकेको खीर बाहिर फ्याल्नु त्यस खीरको बासनाले त्यहीँ छेउमा बसेको न्याउरी मुसालाई प्रभावित पार्नु, न्याउरी मुसाले अलिकति खीर खानु, बाँकी खीर सुन हुनु, न्याउरीलाई खीर सुन भएको देख्दा लोभ लाग्नु, छटपटी हुनु उसले भगवानलाई सम्झनु, भगवानले न्याउरीको लोभ बुझ्नु, भगवानले आफूलाई जिस्क्याएको कुरा नबुझी न्याउरी राजाको जुठेल्नो चाट्न पुग्नु, न्याउरी सुनको नभएपछि जिल्ल परेर फर्कनु आदि यस कथामा आएका कथानकका अंशहरू हुन् ।

यस कथानकको क्रमिक विकासलाई हेर्दा तीनजना जहान भएको गरिब परिवारले पाहुनासमेत भई खीर बाँडेर खाएको अवस्था सम्मलाई आदि भाग, पाहुनाले फ्यालेको अलिकति खीर न्याउरीमुसाले खानु र बाँकी चाहीँ सुन बन्नुदेखि न्याउरीले भगवानसँग प्राथना गरी राजदरबारको जुठेल्नो चाट्न जानु तथा सुनमा परिवर्तन नहुनु आदि सन्दर्भहरू कथानकको मध्ये भाग र न्याउरी जिल्ल परेर फर्कनु कथानकको अन्त्य भागका रूपमा आएका छन् ।

यस कथामा कार्यकारण सम्बन्ध पनि बलियो सँग आएको छ । एउटा गरिब परिवारले आफूलाई मात्र पुग्ने गरी पकाएको खीर फ्याल्नु स्वभाविक हो । फ्यालिएको खीरको बासनाले नजिकै दुलोमा बसिरहेको न्याउरी मुसोलाई प्रभाव पार्नु स्वभाविक हो । खीर फ्यालिएको कारणले नै भोकाएको न्याउरीले खीर खाना पाएको छ । बाँकी रहेको खीर सुनमा बदलिनु यस कथामा आएको अर्को चमत्कारी घटना हो । यस घटनालाई देखेर

न्याउरीले सबै खीर खाएको भए सुनको हुने थिएँ भनी सोचेको छ । यस घटनालाई देखेर भगवानले न्याउरीलाई जिस्क्याउने कार्य गरेको छ । यसरी यस कथामा कार्यकारण सम्बन्ध पनि देखाइएको छ ।

### ३.२.४.२ अभिप्राय

यस कथाका केही सन्दर्भहरूमा विशेष अभिप्रायको प्रयोग भएको देखिन्छ । यहाँ पाहुनाले खाइनसकेर फ्यालेको जुठो खीर देख्दादेख्दै सुन हुनु, तथा न्याउरीलाई सपनामा भगवानले सल्लाह दिनु, न्याउरी मुसाले मानिसले झैँ लोभ देखाउनु आदि यस कथामा प्रयोग भएको अलौकिक र विशेष अभिप्रायहरू हुन् ।

### ३.२.४.३ पात्र चरित्र

गरिब परिवारका तीन जना सदस्य पाहुना, पाहुना, भगवान, र न्याउरी यस कथाका पात्रका रूपमा उपस्थित भएका छन् । यस कथाका सबै पात्रहरू उत्तिकै महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गरी उपस्थिति भएका छन् । गरिब परिवारका तीन जना सदस्यहरू इमान्दर छन् । एक आपसमा अति नै प्रेम गर्ने तिनीहरूले अतिथितिलाई मान गर्न पनि जानेका छन् । तीनजनालाई खान ठीक पारिएको खीर स्नेहपूर्वक चारजनाले बाँडेर खाएका छन् । पाहुनाको उपस्थिति विशेष रूपमा रहेको छ । पाहुनाले खाइसकेर फ्यालेको जुठो खीर सुनमा परिणत भएको छ । न्याउरी मुसो यस कथाको मानवेतर पात्र हो । उसमा विशेष लोभ देखिएको छ । भगवानको उपस्थिति सपनामा भएको छ । जो यस कथामा अलौकिक पात्रका रूपमा आएको छ । भगवानले न्याउरीलाई जिस्क्याउने कार्य गरेको यस कथामा सबै पात्रहरू सतपात्रका रूपमा उपस्थित भएका छन् । त्यसै गरी सबै मञ्चीय पात्र नै छन् ।

### ३.२.४.४ कथोपकथन

यस कथामा कथोपकथनको यपोचित प्रयोग भएको पाइन्छ । यस एउटा परिवारका तीनजना सदस्य, पाहुना, भगवान र न्याउरीका बीचमा यथोचित संवाद भएको छ । जस्तै :

स्वास्नी : मेरो भाग पाहुनालाई दिन्छु, तपाई र छोरा खानुहोस्

लोग्ने : तँ खा न । मेरो भाग दिइहान्छु नि । तँलाई धेरै भोक लागेको होला ।

छोरो : मेरो भाग दिन्छु तपाइहरू खानुहोस् म अलि बलियो र उमेरको पनि छु ।

पाहुना : भैगो भैगो, तपाईहरू केही नगर्नुहोस् म एउटा अर्थमि लाउँछु ।

भगवान : जहाँ धेरै पाहुना आएका छन् त्यहाँ गएर धेरै जुठो खाएपछि सुन मात्र हैन हीरामोती सबैले जडिएको भइन्छ ।

यसरी यस कथामा वर्णनात्मक शैलीका बीचमाकथो पकथनको राम्रो प्रयोग भएको छ ।

### ३.२.४.५ द्वन्द्व

एक आपसमा मेल भएका सबै सत पात्रहरू भएको हुँदा यसकथामा बाह्य द्वन्द्व खासै नदेखिए पनि पाहुनालाई खीर दिने बेलामा परिवारका तीनै जना सदस्यले म दिन्छु म दिन्छु, भन्दा सामान्य रूपमा द्वन्द्वत्मक स्थिति उत्पन्न भएको देखिन्छ । आन्तरिक वा मानसिक द्वन्द्व भने आएकै छ । तीन जना सदस्यले खीर खान ठीक पारेका बेला पाहुना आइपुगे, जहाँ अरू केही पनि खाने कुरा थिएन त्यस अवस्थामा ती तीन जना सदस्यका मनभित्र के र कसो गरौँ भन्ने मानसिक द्वन्द्व उत्पन्न भएको छ । जब न्याउरी मुसाले अलिकति खीर खायो र बाँकी खीर सुनमा परिणत भयो तब न्याउरी मुसाको पनि मानसिक द्वन्द्व उत्पन्न भएको छ ।

### ३.२.४.६ उद्देश्य

मनोरञ्जनका साथै एक आपसको प्रेम, पाहुनाको सत्कार र लोभको त्यागसँग सम्बन्धित शिक्षा दिने उद्देश्य यस कथाले लिएको छ । रोचक ढङ्गमा कथा प्रस्तुत गरिएको हुँदा यसले भरपुर मनोरञ्जन दिएको छ । गरिब परिवारका सदस्यका बीचको अधात प्रेम देखाई त्यस प्रकारको प्रेम अनुकरणीय हुने कुरा अप्रत्यक्ष रूपमा प्रस्तुत गरिएको छ । धेरै लोभ गरेकाले न्याउरी राजाको जुठेल्नो चाटी हिस्स परेर फर्किएको हुँदा धेरै लोभी बन्नु हुँदैन भन्ने सन्देश प्रकट भएको छ । यसरी विभिन्न प्रकारका शिक्षा तथा मनोरञ्जन यस कथामा मुख्य उद्देश्यका रूपमा आएका छन् ।

### ३.२.४.७ भाषा

यस कथामा सरल ग्राभ्य भाषाको प्रयोग भएको छ । घर जहान, छोरो, मागिजुगी, मेलापात, एक अर्का, पाहुना दुहुनो, भैगो, बाँडेर, न्याउरी, दूलो, बाहिर जुठेल्नो आदि जस्ता ठेट नेपाली शब्दहरूको प्रयोग यस कथामा केही मात्रामा भएको छ । भाग, वासना, चिन्ता, भगवान, प्रकट, हीरामोती आदिजस्ता तत्सभ शब्दहरूको प्रयोग यस कथामा केही मात्रामा भएको छ । अरे, ला, त न नि, जस्ता निपातहरूको प्रयोगले पनि भाषिक मीठास बढाएको

देखिन्छ । छक्क, चाटचुट, लापलुप, हरर्र, चाटचुट, हिस्स जस्ता अनुकरणात्मक शब्दहरूको सहज प्रयोग भएको छ ।

### ३.२.४.८ शैली

यस कथामा मुख्य रूपमा वर्णनात्मक शैलीकै प्रयोग भएको छ । गद्य शैलीमा वर्णन गरिएको भए पनि कथाबाचकको विशेष कलात्मकताले अन्तरलयात्मकताको स्थिति देखिएको छ । वर्णनात्मकताका साथसाथै संवादात्मक शैली पनि यस कथामा देख्न सकिन्छ । यही वर्णनात्मक र संवादात्मक शैलीले यस कथालाई निकै रोचक बनाएको छ ।

### ३.२.४.९ परिवेश

यस कथामा सामान्य ग्रामीण परिवेश र अलौकिक परिवेशको चित्रण गरिएको छ । तीन सदस्य भएको गरिब परिवारले सामान्य ग्रामिण परिवेशलाई चित्रण गरेको छ । गरिबीकै कारण उनीहरू मागेर खाने गर्दछन् । उनीहरूले एउटा गाई पनि पालेका छन् । त्यस परिवारमा आएका पाहुनाले पाहुनापाछा लाग्ने पर सम्मान गरिने परिवेशलाई सङ्केत गरेको छ । पाहुनाले खाइसकेको खीरबाट सुन बनेको सन्दर्भ विशेष परिवेश हो । त्यसै गरी सपनामा भगवान प्रकट भएका सन्दर्भले विशेष परिवेशलाई सङ्केत गरेको छ । यसरी यस कथामा सामान्य ग्रामीण परिवेश र विशेष अलौकिक परिवेशको चित्रण गरिएको छ ।

### ३.२.४.१० निष्कर्ष

'न्याउरी मुसाको कथा' कथा लौकिक र अलौकिक विषय वस्तुको संयोजनबाट निर्मित भएको छ । यहाँ आएको कथानकमा विश्वसनीय र अविश्वसनीय दुबैखाले घटनाहरू क्रमबद्धरूपमा प्रस्तुत भएका छन् । पात्राहरूमा मानवीय र मानवेतर पात्रहरूको उपस्थिति देखिन्छ । मानवीय पात्रमा पुरूष र स्त्री दुबै प्रकारका पात्रहरू छन् भने मानवेतर पात्रमा न्याउरी र देवताको उपस्थित छ । मुख्य परिवेश लौकिक भए पनि अलौकिक पात्रहरूका सन्दर्भबाट उत्पन्न परिवेश अलौकिक नै छ । बाह्यभन्दा आन्तरिक द्वन्द्व प्रवल रूपमा आएको छ । कथोपकथन पनि यथास्थानमा राम्रै गरी आएको देखिन्छ । मनोरञ्जन र विभिन्न प्रकारका उपदेशात्मक शिक्षा प्रदान गर्नु यस कथाको उद्देश्य रहेको छ । सरल भाषा तथा वर्णनात्मक शैलीमा विशेष अभिप्रायको प्रस्तुति देखिएको छ ।

## ३.२.५ पाहुना र लोभी बुढीको कथा

एकादेशमा दुइजना बुढाबूढी रहेछन् । बूढीचाहिँ कस्ती रहिछ भने पाहुना आएदेखि बुढालाई मानमर्यादा गर्ने, खान दिने पाहुना नआएका दिन पेटभरी खान पनि नदिने गर्दिरहिछे । अनि बूढोचाहिँ पेटभरि खाना खानका लागि पाहुना घरमा ल्याउँदै, राख्दैँ, थुपार्दै गर्दोरहेछ बुढीलाई चाहिँ बुढाको त्यस्तो व्यवहारले असाध्यै रिस उठ्दो रहेछ तर पाहुनाको अगाडि भन्नु पनि भएन् ।

एक दिन बुढाले सधैको जस्तो पाहुना खोजेर ल्याएछ अनि बाहिरफेर अन्त कतै गएछ । बुढीलाई साह्रै रिस उठेछ । उसले पाहुना धपाउने उपाय सोचिछे त्यसपछि बूढीले ढिकीमा धानकुट्न ठीक पारिछे र धान कुट्न थालिछे । बूढी रूँदै धान कुट्दै गर्न थालिछे । रूदैँ धान कुटेको देखेर पाहुनालाई अचम्म लागेछ । पाहुनाले बुढीका छेउमा आएर सोधेछ "ए आमा किन रूँदै हुनुहुन्छ ?" बूढीले अवसर भेटाइहाली, किन छाड्थी र ? बूढीले उत्तर दिइछे, "के गर्नु मेरा बुढाले सधै पाहुना खोज्दैँ ल्याउँदै गर्छन्, म धान कुटेर भात पकाउँछु । बुढाचाहिँ पाहुनालाई काटकुट पारेर तरकारी पकाउँछन् । खाँदा त साह्रै मीठो हुन्छ तर तिमी कति राम्रा रहेछौँ, यति राम्रो मान्छेलाई निष्ठूरी बूढाले काट्ने भए भनेर मलाई त पीर लाग्यो बा ।" पाहुनाले बूढीको चलाखी बुझ्न सकेनछ अनि सोचछ, "लौ बा यो बुढाले त मलाई यति कर गरेर किन ल्यायो भनेको त, काटेर खाना पो ल्याएको रहेछ ।" त्यसपछि बूढीले पनि थाहाँ नपाउने गरी पाहुनाले त्यहीँबाट बाटो तताएछ । पाहुना भागेको मात्र के थियो बूढो आइपुगेछ, अनि "पाहुना खोइत ?" भनी बूढीलाई सोधेछ । बूढीले फेरी चलाखी गरेर जवाफ दिई, "पाहुना मुसल हेरूँ मुसल हेरूँ भन्दै थिए, धान कुटिसक्छु अनि मुसल देखाउँला भन्याँ त, पाहुना त भागे ।"

पाहुना त फर्काउनै पर्‍यो नत्र पेटभरी खान पाइदैन भन्ने सोचेर बुढाले मुसल हतपत फुकालेछ । त्यसपछि बुढो बूढीका कुरा पत्याएर पाहुना गएतिर कुदेछ । 'मुसल ल्याएँ, पाहुना, मुसल ल्याएँ भन्दै दौडिरहेको बुढालाई देखेर पाहुनाको सातो गएछ । अब लौ यस पापी बुढाले त मार्ने भयो भनेर पाहुना झन दौडिदो रहेछ । बुढो चाहिँ पाहुनालाई पछिपछि खेद्दैँ रहेछ । यसरी लोभी बुढीले देखाइछे रे ।

**सुन्यलाई सुनको माला भन्नेलाई फूलको माला**
**यो कथा वैकुण्ठ जाला, भन्ने बेलामा खुरूखुरू आइजाला**

स्रोत : आइतमान गुरुङ
सौरपानी ६, जौवारी

### ३.२.५.१ कथानक

यस कथामा सामाजिक विषयवस्तुमा आधारित कथानकको प्रयोग भएको छ । लोग्ने र स्वास्नीका बीचको सम्बन्धलाई नै यस कथाले मुख्य कथानक बनाइएको छ । कथानक यसप्रकार आएको छ :

लोग्ने र स्वास्नी हुनु, स्वास्नीले लोग्नेलाई पाहुना आएका बेलामा मीठोमिठो खाना दिनु अरू बेला पेटभरि पनि खाना नदिनु लोग्ने दिनहुँ पाहुना खोजेर ल्याउने गर्नु, त्यसकार्यबाट आजित अएकी स्वास्नीले पाहुना धपाउन लोग्नेले पाहुना ल्याएर भादैं मासु खाँदै गर्ने झुटो कुरा पाहुनालाई लगाई भगाउनु, लोग्नेलाई चाहिँ पाहुनाले मुसल खोजेको जाली कुरा लगाउनु, लोग्ने मुसल बोकेर पाहुना भागेतिर दौडनु, पाहुना झन भाग्नु आदि यस कथामा प्रयोग भएका मुख्य कथानकका अंश हुन् ।

यस कथामा आदि मध्य र अन्त्यको क्रमिक विकास पाइन्छ । यहाँ लोग्नेलाई स्वास्नीले पाहुना ल्याएका दिन मात्र पेटभरी खान दिनेसम्मका सन्दर्भहरू कथानकको आदि भाग पर्दछन् । त्यसपछि लोग्नेले दिनहुँ नयाँनयाँ पाहुना ल्याउने सम्मका सन्दर्भहरू मध्य भागमा पर्दछन् भने स्वास्नीको चलाखीले पाहुना खेदेका सन्दर्भहरू अन्त्य भागमा पर्दछन् ।

यस कथामा कार्यकारण सम्बन्ध पनि राम्ररी मिलेको देखिन्छ । स्वास्नीले पाहुना आएका दिन मात्र माया गर्ने तथा मिठोमिठो खान दिने कारणले गर्दा लोग्ने दिनहुँ नयाँ नयाँ पाहुना ल्याउने गर्छ । लोग्नेको यो स्वभावका कारण स्वास्नीलाई रिस उठ्छ । त्यही कारण ऊ घरमा आएका पाहुनालाई अनेक बहाना गरी खेद्छे । यस कथाको विकास कार्यकारण सम्बन्धका आधारमा पनि राम्रो देखिन्छ ।

### ३.२.५.२ अभिप्राय

प्राय सामान्य सामाजिक विषयवस्तुको प्रयोग भएकाले यस कथामा विशेष अभिप्रायको प्रस्तुति देखिदैन । तथापि लोभी बुढी र पाहुनाका बीचमा भएको संवादले विशेष अभिप्रायको सङ्केत देखिएको छ । यहाँ पाहुनाले नाटक गरेर ढिकी कुट्दै रोइरहेकी लोभी बुढीलाई रूने कारण सोध्दा उसले आफ्ना लोग्नेले पाहुना ल्याएर त्यसलाई काटकुट पारी पकाएर खाने कुरा व्यक्त गरेकी छ । मान्छेले मान्छेको मासु खाने विशेष संवादलाई यस कथामा विशेष अभिप्रायका रूपमा लिन सकिन्छ ।

### ३.२.५.३ पात्र/चरित्र

यस कथामा लोग्नेस्वास्नी नै मुख्य पात्रका रूपमा रहेका छन् । पाहुना पनि पात्रकै रूपमा उपस्थित भएको छ । सबै पात्रहरू मानवीय नै देखिन्छन् । लोग्नेस्वास्नी मध्ये स्वास्नी अलि छुच्ची स्वभावकी छे । ऊ आफ्नो लोग्नेलाई माया पनि गर्दिन र खाना पनि पेटभरी दिन्ना उसको एउटा स्वभाव छ, ऊ पाहुना आएका बेला भने आफ्नो लोग्नेलाई पेटभरि खान पनि दिन्छ र विशेष माया पनि गर्छे । त्यसैले लोग्नेचाहिँ दिनहुँ नयाँ नयाँ पाहुना खोजेर ल्याउने गर्दछ । लोग्ने अलि सोझो किसिमको छ । ऊ आफ्नी स्वास्नीलाई न त फकाउन नै सक्छ न कज्याउन । त्यसैले ऊ स्वास्नीका जाली कुरा पनि सजिलै पत्याउँछ र मसुल बोकी पाहुना गएको बोटोतिर पाहुना फर्काउन कुद्छ । पाहुना एउटा विवश पात्र हो । ऊ करकापमा परि पाहुना बनेको छ र छलमा परि खेदिएको छ । यस कथामा कुनै पनि मानवेतर पात्रको प्रयोग भएको छैन । लोग्ने र स्वास्नी यस कथाको मुख्य पात्र हुने भने पाहुना सहायक पात्र हो । आसन्नताका आधारमा सबै पात्र बद्ध नै देखिन्छन् भने मञ्चीयताका आधारमा पनि उपस्थित पात्रहरू मञ्चीय नै छन् ।

### ३.२.५.४ कथोपकथन

वर्णनात्मक शैलीलाई नै अपनाइएको प्रस्तुत कथामा कथोपकथनको पनि उचित प्रयोग भएको छ । यहाँ पाहुना र लोभी बूढीका बीचमा, लोग्ने र स्वास्नीका बीचमा भएका संवादले कथानकलाई अगाडि बढाएका छन् । तिनै संवादात्मक स्थिति यस कथामा राम्रो कथोपकथनका रूपमा देखिएका छन् । यस कथामा आएका कथोपकथनका केही सन्दर्भहरूलाई यस प्रकार देखाउन सकिन्छ :

पाहुना : “ए आमा किन रूदैं हुनुहुन्छ ?”

बूढी : “के गर्नु, मेरा बुढाले पाहुना खोज्दै ल्याउँदै गर्छन म धान कुटेर भात पकाउँछु । बूढाचाहिँ पाहुनालाई काटकुट पारेर तरकारी पकाउँछन् । खाँदा त साहैँ मिठो हुन्छ तर तिमी कति राम्रा रहेछौं, यति राम्रो मान्छेलाई निष्ठूरी बूढाले काट्ने भए भनेर मलाइ त पीर लाग्यो बा ।”

बूढी : “पाहुना मुसल हेरूँ मुसल हेरूँ भन्दै थिए, धानकुटि सक्छु अनि मुसल देखाउँला भन्याँ, पाहुना त भागे ।”

यसरी पाहुना र लोभि बूढीको कथामा सामान्य रूपमा भए पनि कथोपकथन प्रयोग गरिएको छ ।

### ३.२.५.५ द्वन्द्व

खास गरी यस कथामा लोग्ने र स्वास्नीका बीचमा द्वन्द्व भएको छ । स्वास्नीले लोग्नेलाई हेप्ने, पेटभरि खान नदिने माया नगर्ने कारणले नै यहाँ लोग्ने र स्वास्नीका बीचमा द्वन्द्व उत्पन्न भएको छ । स्वास्नीले पेटभरि खाना नदिएका कारणले नै लोग्नेले दिनहुँ पाहुना ल्याउने गरेको हो । यसरी लोग्ने दिनहुँ पाहुना ल्याई मीठोमीठो खाने र स्वास्नीको माया पाउने प्रयास गर्दछ । लोग्ने र पाहुनाका बीचमा पनि छलगत द्वन्द्वात्मक स्थिति देखिएको छ । स्वास्नीको छल नबुझे र पाहुनाले लोग्नेलाई शत्रु सम्झिएको छ भने स्वास्नी कै छल नबुझेर लोग्ने पनि पाहुनालाई शत्रुका रूपमा लिने व्यावहार गरेको छ ।

### ३.२.५.६ उद्देश्य

मनोरञ्जन दिनु नै यस कथाको मुख्य उद्देश्य हो । यहाँ लोग्ने र स्वास्नीका बीचको सामान्य अनमेललाई रमाइलो पारामा प्रस्तुत गरी भरपुर मनोरञ्जन दिने प्रयास गरिएको छ । त्यसै गरी लोग्नेस्वास्नीको नराम्रो सम्बन्धका कारण अन्य व्यक्तिले दुःख पाएको सन्दर्भ प्रस्तुत गर्दै अप्रत्यक्ष रूपमा त्यो गर्न नहुने कुरा पनि प्रंष्ट पार्ने जमर्को गरिएको छ । स्वास्नीको लोभ र छल तथा लोग्नेको कमजोरीपनलाई हटाउनु पर्ने सन्देश पनि यस कथामा उद्देश्यका रूपमा आएको देखिन्छ ।

### ३.२.५.७ भाषा

भाषिक सरलता यस कथाको विशेषता नै हो । यसमा सरल ग्राम्य भाषाको प्रयोग भएको छ । अर्थगत दुरूहता पाइदैन । वाक्यका तहमा पनि प्राय : सरल वाक्यकै प्रयोग भएको छ । एकाध जटिल वाक्यको प्रयोग पनि भएकै छ । संरचनाका आधारमा वाक्य जटिल भए पनि अर्थका आधारमा सरल नै छन् । जस्तै :

(क) एकादेशमा दुइजा बूढाबूढी रहेछन् ।

(ख) ‘मुसल ल्याएँ’ पाहुना, ‘मुसल ल्याएँ’ भन्दै दौडिरहेको बुढालाई देखेर पाहुनाको सातो गएछ ।

माथि 'क' मा दिइएको वाक्य सरल हो भने 'ख' मा दिइएको वाक्य जटिल हो । यस कथामा संरचनागत जटिलता देखिए पनि वाक्यका तहमा अर्थगत जटिलता देखिदैन् ।

### ३.२.५.८ शैली

यस कथामा वर्णनात्मक शैली नै प्रयोग भएको छ । कथा बाचकले आफ्नै सुरमा कथावाचन गरेको स्थिति देखिन्छ । यसका अतिरिक्त केही संवादात्मक शैली पनि प्रयोग गरिएको देख्न सकिन्छ । यस प्रकार संवादात्मक स्थितिको प्रयोग भएको देखिन्छ :

पाहुना : ए आमा किन रूदै हुनुहुन्छ ?

लोभी बूढी :"के गर्नु, मेरा बूढाले पाहुना खोज्दै ल्याउँदै गर्छन म धान कुटेर भात पकाउँछु । बूढाचाहिँ पाहुनालाई काटकुट पारेर तरकारी पकाउँछन् । खाँदा त सा मिठो हुन्छ तर तिमी कति राम्रा रहेछौं, यति राम्रो मान्छेलाई निष्ठूरी बूढाले काट्ने भए भनेर मलाई त पीर लाग्यो बा ।"

लोग्ने : पाहुना खोइत ?

लोभी बूढी : पाहुना मुसल हेरूँ मुसल हेरूँ भन्दै थिएँ, धान कुटिसक्छु अनि मुसल देखाउँला भन्याँ त पाहुना त भागे ।

यसरी वर्णनात्मक र संवादात्मक शैलीमा तयार पारिएको उक्त कथालाई कथावाचकको विशेष प्रस्तुतिले अझ आकर्षक बनाएको छ ।

### ३.२.५.९ परिवेश

यस कथामा ग्रामीण परिवेशको चित्रण भएको छ । यहाँ पुरूष प्रधान समाज भए पनि स्वास्नीले लोग्नेलाई कज्याएको देखाइएको छ । स्वास्नी निकै लोभी स्वभावकी भएकाले लोग्नेले पेटभरी खान पनि नपाएको अवस्था छ । पाहुनापाछाको सन्दर्भ पनि यस कथामा परिवेशकै रूपमा आएको देखिन्छ । पाहुनाको सकेसम्म सम्मान गर्ने चलन पनि यस कथामा वर्णित समाजको सामाजिक परिवेश नै हो ।

### ३.२.५.१० निष्कर्ष

सामान्य ग्रामिण विषयवस्तुमा यो पाहुना र लोभी बूढी भन्ने कथा आधारित छ । यस कथामा लोग्नेलाई स्वास्नीले पाहुना हुँदा मात्र राम्रो गर्ने, खान दिने अन्यथा माया नगर्ने

र खान पनि नदिने समस्या छ । सोही समस्या निधानका लागि लोग्नेले दिनहुँ पाहुना ल्याउने गरेको र स्वास्नीले बहाना गरेर ती पाहुना धपाउने गरेको सन्दर्भ पनि यस कथामा कथानकका रूपमा आएको छ । नर र नारी दुबै वर्गका पात्रको उपस्थिति देखिए पनि यस कथामा मानवेतर पात्र भने प्रयोग भएका छैनन् । सामान्य द्वन्द्व पनि यस कथामा आएकै छ । कथोपकथनको यथोचित प्रयोग भएकै देखिन्छ । विशेष अभिप्रायको प्रयोग त्यति देखिदैन् ।

## ३.२.६ भूतको कथा

धेरै वर्ष पहिलेको कुरा हो, दरौदि खोला भन्दा अलि पर एउटा गाउँ थियो । त्यस गाउँमा एउटा भट्ट बाहुनको परिवार थियो । त्यो निकै गरिब परिवार थियो । अर्काको खेतीपाती, निमेक गरेर त्यो परिवारले जीविकोपार्जन गर्दथ्यो । भट्टबाहुनको निकै परिश्रमी एउटा छोरो थियो । ऊ घरका र खेतवारीका सबै काम मनलगाएर गर्थ्यो ।

एक पटक सबै गाउँलेहरू धर्मावती मन्दिरमा लाग्ने ठूलो एकादशीको जात्रा हेर्न जाने भएछन् । भट्ट केटाले आफ्ना बाआमासँग मेला हेर्न जाने कुरा गरेछ तर उसका बाआमाले उसलाई काम गर्नुपर्छ भन्दै मेला जान दिएनछन् । दिउँसो सबै काम सकेर ऊ राति बार्दलीमा गएर सुतेछ तर जात्रा जान नपाएपछि उसलाई निन्द्र लागेनछ । आधा रात भैसक्दा पनि निन्द्रा लागेन । राति सबै निदाइसकेपछि ऊ वार्दलीबाट फालहानी जात्रा हेर्न गएछ । जात्रा जान हुडी खोला र दमौदी खोला तरेर जानु पर्ने रहेछ । जाँदा जादैं ऊ हुडी र दरौदी खोलाको बीचमा पुगेर । उसले त्याहाँ मान्छे रोएको आवाज सुनेछ । त्यहींनेर दरौदी खोलामा एउटा गहिरो रह थियो । त्यस रहलाई घुमाने भुत्याहा रह भन्ने चलन थियो । त्याहाँ भूत बस्थ्यो रे । मध्य रातको समयमा त्यहीँ भुत्याहा रहका छेउमा आइपुगेको हुँदा उसलाई अलि अलि डर पनि लागेछ । तथापि मुटु दह्रो पारेर के हो भनेर चियो गर्दै जाँदा एउटी आइमाई रूदैं आएर “हे मनुस्य मेरा भूतहरू सबै जात्रा हेर्न गएका छन् तिमी पनि त्यतै जाँदै रहेछौं मलाई सुत्केरी व्यथा लागेको छ । म जान पनि सक्दिन, तिमी गएर मेरा श्रीमान् भूतलाई खबर गरिदेऊ ।” भनेर भनिछे । त्यो केटा, “त्यति टाढा म पुग्दा कतिबेर हुन्छ, फेरी म तिम्रो लोग्नेलाई कसरी चिन्नु ?” भनेछ । त्यसपछि भूतिनीले, “म तिमीलाई मेरो शक्तिले छिट्टै अदृश्य रूपमा त्यहाँ पुऱ्याइदिन्छु र त्यहाँ गएर त्यहाँ भएको सबभन्दा ठूलो मान्छेलाई तिमी छुनु । उसले किन छोएको भनेर भन्दा सबै कुरा भनिदिनु ।” भनिछे ।

त्यो केटाले पनि पनि हुन्छ भनेछ । त्यसै अनुसार त्यो मान्छे भूतिनीको शक्तिले तुरून्तै त्यस ठाउँमा पुगेछ र भूतिनीले भनेको मानिसलाई छोएछ अनि सबै कुरा भनिदिएछ । त्यसपछि त्यो भूतले, "ल ठीक छ, अब तपाई पनि मसँगै जानु पर्छ ।" भनेर त्यस मानिसलाई सँगै लिएर खुशी हुदैँ फर्किएछ ।

जादाँ जादाँ तिनीहरू विहान उज्यालो हुनेहुने बेलामा भुत्याहा रहमा पुगेछन् र भूतको इसारामा दुबैजनाले रहमा झ्याम्म हाम फालेछन् । भित्र जाँदा ठूलो राजमहल जस्तो दरवार पो रहेछ । उता भूतिनी सुत्केरी भइसकेकी रहिछ । त्यो भूतले तपाइँले मलाई ठूलो गुन लगाउनु भयो अब एक दुई दिन यहाँ बस्नु पर्छ भनेर अतिथि सत्कार गरेछ रे । अनि त्यो मानिससँग मीत पनि लगाएछ रे । केही समय भव्य समानका साथसँग बसेपछि त्यस मानिसले घर जाने कुरा गरेछ । मीतज्यूलाई विदाई गर्दा केही चिनो लिएर जानु पर्ने कुरा भूतिनीले राखेछन् । त्यस पछि उनिहरूले मीतज्यूलाई एउटा ढुङ्गाको लोहोरो दिएर पठाएछन् । त्यो भट्ट बाहुनको छोरो ढुङ्गो लिएर आएछ तर पानीबाट बाहिर आउँदा त त्यो ढुङ्गा सुन भएछ रे । ढुङ्गा सुन भएपछि त बाहुन धनी भएछ र सुखसँग बसेछ रे ।

**सुन्यलाई सुनको, माला, भन्नेलाई फुलको माला**
**यो कथा बैकुण्ड जाला, भन्ने बेलामा तुरून्तै आइजाला**

स्रोत : शिवप्रसाद पनेरू
ताकुकोट- ९ उल्टे ।

## ३.२.६.१ कथानक

भूतको कथामा काल्पनिक कथानकको उपयोग गरिएको छ । त्यो रेखिक ढाँचामा आधारित छ । भट्ट बाहुनको परिवार निकै गरिब हुनु, अर्काको खेती गरेर जीविकोपार्जन गर्नु, उनीहरूको एउटा निकै परिश्रमी छोरो हुनु, उसले धेरै काम गर्नु, गाउँलेहरू धर्मावती मन्दिरमा लाग्ने ठूलो एकादशीको जात्रा हेर्न जानु, मेला हेर्न जाने मन भएपनि भट्ट बाहुनले छोरालाई मेला हेर्न जान नदिनु, सबै काम सकेर भट्ट बाहुनका छोरो राति बार्दलीमा सुत्न जानु, उसलाई निद्रा नलाग्नु, बार्दलीबाट फालहानी जात्रा हेर्न जानु, बाटामा भूतिनीसँग भेट हुनु, भूतिनीले समचार पठाउनु, भट्ट बाहुनका छोराले भूतलाई समाचार सुनाइ सुनाउनु, भूत भट्ट बाहुनका छोरालाई लिएर घर फर्कनु, भूतभूतिनी अत्यन्त खुसी हुनु, उनीहरूले भट्ट बाहुनका छोरालाई सम्मानका साथ राख्नु, घर फर्कने बेलामा बेलामा सुन हुनु र भट्ट परिवार धनी हुनु, जस्ता सन्दर्भबाट यस कथाको कथानक विकसित भएको छ ।

रैखिक ढाँचामा आधारित भएको हुँदा यस कथाको कथानकमा आदि, मध्य र अन्त्यजस्ता भागहरू प्रष्ट देख्न सकिन्छन् । प्रारम्भदेखि बार्दलीबाट हामफाली मेला हेर्न गएसम्मको अवस्था आदि भागमा पर्दछ । भूतलाई समचार सुनाई भूतका महलसम्म आइपुगेको अवस्था मध्य भागमा पर्दछ भने भूतका महलमा केही दिन पाहुना भई बसेको र लोहोरो लिएर निस्किएको घटना अन्त्य भागमा पर्दछ ।

यस कथामा कार्यकारण सम्बन्ध पनि यथोचित रूपमा मिलेको देखिन्छ । धर्मावती मन्दिरमा मेला लाग्नु एउटा घटना वा कार्य हो त्यसकै कारणले गाउँले मेला हेर्न जानु अर्को कार्य हो । सबै गाउँले मेला गएका कारणले भट्ट बाहुनका छोरालाई पनि मेला जान मन भएको छ : मेला जान नपाएका कारणले निन्द्रा लागेको छैन् । त्यही कारणले बार्दलीबाट फालहानी मेला हेर्न गएको, रातको समय भएकाले बाटामा भूतिनीसँग भेट भएका ........... जस्ता प्रत्येक सन्दर्भहरू कार्य कारण सम्बन्धमा राम्ररी बाँधिएका छन् ।

यसरी रैखिक ढाँचा र काल्पनिक विषय वस्तुमा आधारित बलियो कथानक यस कथामा प्रयोग भएको छ ।

### ३.२.६.२ अभिप्राय

लोककला तथा लोककथाका निमार्ण तन्तुका रूपमा रहने समान रूपमा रहने समान धर्म, गुण वा, स्वभाव भएका धेरै बस्तु, घटना तथा चरित्रको परपरित रूपलाई अभिप्राय भनिन्छ । यो आदिम मानीस तथा सामूहिक अवचेतनाबाट सिर्जित लोकसमुदायको परम्परित विश्वासका रूपमा लोककथामा प्रयोग हुन्छ ।[१७] यो कथा अभिप्रायगत सन्दर्भहरू खोजी गर्न सकिन्छ । जस्तै 'भूत्याहा रहमा भएको भूतहरूको बसोबास' 'भूतिनीको सुत्केरीव्यथा' 'भूतको राजमहल' आदि सन्दर्भहरूलाई अभिप्रायका रूपमा लिन सकिन्छ । यहाँ भूत्याहा रहले डरलाग्दा भूतहरू बसोबास गर्ने स्थानलाई 'भूत' र 'भूतिनी' ले डरलाग्दा अतिमानवीय कल्पनालाई, सङ्केत गरेका छन् ।

### ३.२.६.३ पात्र चरित्र

'भूतको कथा' मा पात्र वा चरित्रगत विविधता पाइन्छ । यस कथाको मुख्य पात्र भट्ट बाहुनको छोरो हो । उसकै परिधिमा कथाको रचना भएको छ । भट्ट बाहुनको परिवार र

---

१७. मोतीलाल पराजुली, **नेपाली लोककथाका अभिप्रायहरूको अध्ययन**, (त्रि.वि. ने.के.वि. २०५४ अप्र.), पृ. २१ ।

भूतभूतिनी यस कथामा सहायक पात्रका रूपमा आएका छन् । उनीहरूको सम्बन्ध भट्ट बाहुनका छोरासँग भएको छ । गाउँलेहरू, मेलामा भएका मान्छेहरू, भूतहरू आदि यस कथाको गौण पात्र हुन् ।

भट्ट बाहुनको छोरो परिश्रमि छ । उसकै परिश्रमले उसको चलेको छ । ऊ घर र खेतका सबै काम गर्दछ । ऊ मिलन सार र सहयोग छ । त्यसैले उसले बाटामा भेटिएकी भूतिनीलाई उसको लोग्ने समक्ष समचार पुऱ्याई सहयोग गरेको छ । यस पात्रालाई निडर पनि भन्न सकिन्छ । किनकी ऊ रातको समयमा एक्लै मेला हिडेको छ । बाटामा भूतिनीसँग पनि मानिससँगझैँ नडराई बोलेको छ ।

यस कथामा मानवीय र मानवेतर पात्रहरूको प्रयोग भएको छ । मानवीय पात्रमा भट्ट बाहुनको परिवार उनीहरूको छोरो। गाउँलेहरू र मेला जाने मानिसहरू प्रयोग भएका छन् । मानवेतर पात्रहरूमा भूतभूतिनीको प्रयोग भएको छ । यी सबै मानवीय र मानवेतर पात्रहरूले मानवीय व्यवहार नै गरेका छन् । भूतिनीले मानिसलाई भेटी समचार पठाउनु, मानिसको समचार पाएर भूत घर फर्कनु आदि मानवेतर पात्रले गरेका मानवीय व्यवहारहरू हुन् ।

लैङ्गिक दृष्टिले यस कथामा पुरूष र स्त्री दुबै वर्गका पात्रहरूको प्रयोग भएको छ । भूत, भट्ट बाहुन, उनको छोरो पुरूष पात्र हुन भने भूतिनी, भट्ट बाहुनको श्रीमती स्त्री पात्र हुन् । यहाँ पुरूष पात्र घरबाहिरका काममा व्यस्त हुने र स्त्री घरभित्रका काममा संलग्न हुने सन्दर्भ देखाइएको छ । यति भएर पनि भट्ट बाहुनको छोरो घरभित्र र बाहिर सबैतिरका काममा संलग्न हुने किसिमको पात्रका रूपमा प्रयोग भएको छ ।

### ३.२.६.४ कथोपकन

कथोपकनका दृष्टिबाट यो कथा त्यति सशक्त देखिदैन यस कथामा मुख्य गरी कथावाचकको वर्णनले नै स्थान पाएको छ । लोककथाको मतलब आफ्नो वर्णनात्मक भनाइद्वारा लोकलाई मजा दिने चाखिलो वर्णनात्मक विषयवस्तुद्वारा सुनिएको घतिलो रचना हो ।[१८] यति भएर पनि यस कथामा केही संवादात्मक स्थिति पनि आएका छन् । जस्तै :

---

१८. धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, (काठमाण्डौ : पा.वि.के.त्रि.वि. २०४१),पृ. २३३ ।

३२ धर्मराज थापा र हंसपुरे सुवेदी, नेपाली लोकसाहित्यको विवेचना (काठमाण्डौं पा.वि.के.त्रि.वि.२०४१) पृ.२३३ ।

भूतिनी : हे मनुस्य मेरो भूतहरू सबै जात्रा हेर्न गएका छन्, तिमी पनि त्यतै जाँदै रहेछौं, मलाई सुत्केरी व्यथा लागेको छ । म जान पनि सक्दिँन, तिमी गएर मेरो श्रीमान् भूतलाई खबर गरिदेऊ ।

बाहुन केटो : त्यति टाढा म पुग्दा कति बेर हुन्छ, फेरि म तिम्रो लोग्नेलाई कसरी चिन्नु ?

यस कथामा प्रत्यक्ष कथानको प्रयोग भएको छैन । पात्रहरूका संवादात्मक स्थितिलाई पनि कथावाचकले वर्णनात्मक रूपमै प्रस्तुत गरेको देखिन्छ । यति भएर पनि कथामा रोचकताको साह्रै कमी छैन् ।

### ३.२.६.५ द्वन्द्व

यस कथामा कम मात्रामा भए पनि आन्तरिक द्वन्द्वको प्रयोग भएको छ । भट्ट बाहुनका छोराले जात्रा हेर्न जान्छु, भन्दा उसका बाबुआमाबाट उसलाई जात्रा हेर्न जाने अनुमति दिएको छैन । भूतिनीलाई सुत्केरी व्यथा लाग्दा व्यथा र भूतिनीका बीचमा सामान्य द्वन्द्व भएको जस्तो देखिन्छ : जहाँ पीडाले भूतिनीलाई सताएको र भूतिनीले त्यो पीडा सहेको अवस्था देख्न सकिन्छ । भट्ट बाहुनको परिवारले गरिबीसँग गरेका संङ्घर्षलाई पनि सामान्य द्वन्द्वकै रूपमा लिन सकिन्छ । प्रस्तुत कथामा अन्यत्र द्वन्द्वको खासै सन्दर्भ पाइदैन् ।

### ३.२.६.६ उद्देश्य

"परापूर्व कालदेखि मौखिक रूपमा गाउँ बस्तीमा भन्दै आउने गरिएको मनोरञ्जन तथा शिक्षाप्रधान कथाकुथुङ्ग्रीको बाटुलो नै लोककथा हो ।"[१९] यस परिभाषाअनुसार लोककथाको एउटा उद्देश्य भन्नु नै मनोरञ्जन हो । यस कथामा पनि त्यहीँ मनोरञ्जनलाई एउटा उद्देश्यका रूपमा लिइएको छ । यसै गरि यस कथाको मुख्य पात्र कर्मढ भए झैँ कर्मप्रति विश्वास दिलाउने उद्देश्य पनि कथामा रहेकै छ । भट्ट बाहुनको छोरो बार्दलीबाट फालहानी जात्रा हेर्न गएको सन्दर्भबाट प्रस्तुत हुन्छ भन्ने कुरा पनि यस कथाको अर्को

१९. कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, (काठमाडौं : वीणा प्रकाशन, २०५७), पृ. ४५ ।

उद्देश्य हो । निर्मीकता र सहयोगीपन यस कथाका उद्देश्यका रूपमा आएका छन् । सहयोगी मानिसले फल प्राप्त गर्ने कुरालाई पनि यस कथाले देखाएकै छ ।

### ३.२.६.७ भाषा

यस कथामा सरल ग्राभ्य भाषाको प्रंयोग भएको छ । वाक्यागठन र शब्द विन्यासमा पनि सरलता नै पाइन्छ । निकै, बाहुन खेती पाती, खेतबारी, राति, फालहानी, भूत्याह आदि जस्ता ढेट नेपाली शब्दहरूको प्रयोगले यस कथालाई निकै आकर्षक बनाएको छ । एकादशी, भट्ट जीविकोपार्जन, आग्रह, हुडी, मनुस्य, श्रीमान् अदृष्य आदि जस्ता तत्सम शब्दहरूको प्रयोग पनि यस कथामा भएकै देखिन्छ । यस कथामा जात्रा, बार्दली, खबर, दरवार, इसारा आदि जस्ता आगम्तुक शब्दहरूको प्रयोग भएकै देखिन्छ । वाक्यका तहमा हेर्दा सरल र जटिल दुबै प्रंकारका वाक्यहरूको प्रयोग भएको देखिन्छ । जस्तै :

(क) 'त्यस गाउँमा एउटा भट्ट बाहुनको परिवार थियो ।'

(ख) 'त्यो निकै गरिब परिवार थियो ।'

(ग) 'भट्ट केटाले आफ्ना आमाबासँग मेला हेर्न जाने कुरा गरेछ तर उसका बाआमाले उसलाई काम गर्नुपर्छ भन्दै मेला जान दिएनछन् ।'

संरचनाका आधारमा माथि 'क' र 'ख' मा दिइएका वाक्यहरू सरल हुन भने 'ग' मा दिइएको वाक्य जटिल हो । यसरी बनोटका आधारमा सरल र जटिल दुबै प्रकारका वाक्यहरू प्रयोग भए पनि बोधगभ्यताका दृष्टिले सबै वाक्यहरू सरल नै छन् । त्यहाँ अर्थगत जटिलता छैन ।

### ३.२.६.८ शैली

यस कथामा वर्णनात्मक शैली प्रयोग गरिएको छ । कथा वा चकले सरासर अविरल रूपमा वर्णन गरेको छ । यहाँ 'धेरै वर्ष पहिलाको कुरा हो । बाट कथाको प्रारम्भ र सुन्यलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा तुरून्तै आइजाला, बाट कथान्त भएको छ । कथामा गद्य शैलीको प्रयोग भएको प्रष्ट देखिन्छ । अन्तिम सन्दर्भ 'भन्नेलाई फूलको माला' चाहिँ लयात्मक शैलीमा प्रस्तुत गरिएको छ । पात्रहरूको बीचमा हुने संवादहरूलाई पनि कथावाचकले वर्णनात्मक रूपमै प्रस्तुत गरेको छ । कथाभित्र नाटकीकरणको अवस्था देखिएको छैन तथापि कथावाचकले बाचन गर्दाको अवस्थामा शारीरिक हाउभाउ भने देखिन्छ ।

### ३.२.६.९ परिवेश

यस कथामा ग्रामीण परिवेशको चित्रण गरिएको छ । यस कथामा निवेल धर्मावतीमा लाग्ने ठूलो एकादशीको जात्रा हुडी, खोला दरौदी खोला, भुत्याह रह आदि स्थानगत सन्दर्भहरू चर्चा गरिएका छन् । कथामि प्रयुक्त उक्त स्थानगत सन्दर्भहरू नेपालको गोरखा जिल्लाअन्तर्गत पर्दछन् । यसका साथै कथाका बाचक अथवा सूचक गोरखा जिल्लाका बासिन्दा हुन् । त्यसो भएकाले पनि कथाको मुख्य परिवेश गोरखा जिल्लाको गाउँ नै हो भन्ने बुझिन्छ । यसमा दिनको र रातको समय आएको छ । 'धेरै वर्ष पहिलेको कुरा हो भनी कथा वाचनको प्रारम्भ भएकाले कथाभित्रको समय निकै पुरानो भएको कुरा खुलासा भए पनि त्यसको निश्चित तिथिमिति खुल्न सकेको छैन् । यहाँ घरभित्र तथा खेलबारीमा काम गर्ने परिवेश पनि चित्रण गरिएको छ । भूतसँगका सन्दर्भ तथा भूत्याह रह अनि भूतको दरबार आदि अलौकिक परिवेशअन्तर्गत पर्दछन् । रातको समय, एक्लो केटाको मात्रा, भूतसँगको भेट आदि सन्दर्भले मययुक्त परिवेश पनि निर्माण गरेको छ ।

### ३.२.६.१० निष्कर्ष

छोटो आयाम भएको प्रस्तुत 'भूतको कथा' सरल रैखिक ढाँचाको कथानकको कथानको प्रयोग भएको छ । घटनाहरूका बीच कार्यकारण सम्बन्ध भएको उक्त कथालाई आदि, मध्य र अन्त्य भागमा सजिलै विभाजन गर्न सकिन्छ । मानवीय मानवेतर, स्त्री पुरूष, मुख्य, सहायक र गौण जस्ता विभिन्न प्रकारका पात्राहरू यस कथामा समावेश गरिएका छन् । भट्ट बाहुनको छोरो यस कथाको मुख्य पात्र हो । रात दिन मेला पर्व, खेतबारी, मय त्रास आदि सन्दर्भहरू यस कथाका परिवेशका रूपमा आएका छन् । कथोपकथनका दृष्टिले आशक्त प्रस्तुत कथामा सामान्य रूपमा द्वन्द्वको प्रयोग देख्न सकिन्छ । तत्सम, तत्भव र आगान्तुक मूलका सरल शब्दहरू, सरल र जटिल दुबै प्रंकारकारका वाक्यगठन भए पनि अर्थगत आधारमा सरल वाक्यहरूको प्रयोगले यस कथालाई आकर्षक बनाएको छ । वर्णनात्मक शैलीलाई नै मुख्य आधार बनाइएको प्रस्तुत कथामा अभिप्रायको पनि सामान्य प्रयोग भएको पाइन्छ ।

### ३.२.७ माइला तामाङ

एका देशमा एउटा माइला तामाङ नाम गरेको केटो थियो । ऊ निकै परिश्रमी थियो । बलमा पनि निकै बल वान थियो । ऊसँग कुस्ती खेलेर जित्ने कोही पनि थिएन ।

माइलो निकै अनुशासित पनि थियो । ऊ आफूभन्दा ठूलालाई आदर र सानालाई माया गर्न कहिल्यै पछि पर्दैन थियो । माइलालाई मन नपराउने गाउँभरि कोही पनि थिएन । विचरा माइलो बालक कालमै टुहुरो भएको थियो । उसका बाबुआमा गरिब भएकाले उसले कुनै पुख्यौली सम्पति पाएको थिएन । उसले आफ्नै परिश्रमले एउटा घर र केही जमिन जोडेको थियो । ऊ आफ्नो काम सकेर फुर्सदको समय सामाजिक कार्यमा विताउँथ्यो ।

दिनदिनै माइलाको कीर्ति बढ्न थालेको थियो । ऊ गाउँमा कसैले कसैलाई अन्याय गरेको पटक्कै सहन सक्दैनथ्यो । त्यसबेला गाउँका ठूलाबडाहरूले गरिबहरूलाई सितैमा काम लगाउने तथा हेप्ने गर्दारहेछन् । माइलो अगाडि सरेर त्यस्ता कुराको विरोध गर्दो रहेछ । माइलाको कुनै अवगुण थियो भने यहीँ विद्रोही स्वभाव नै थियो ।

माइलाका यिनै स्वभाव देखेर उसका शत्रुपनि बढेका थिए । एक दिन उसलाई उसका शत्रुहरूले सिध्याउने प्रयास गरेछन् । डम्मरे नै उसका मुख्य शत्रु थियो । धनीको छोरो भए पनि डम्मरेको इज्जत माइलाको जति थिएन । बलमा पनि डम्मरे माइलाभन्दा निकै कमको नै थियो । डम्मरेका बाबुले गर्ने शोषणको माइला खुलेरै विरोध गर्थ्यौं । डम्मरे र डम्मरेको बाबु मिलेर माइलालाई सिध्याउने योजना बनाएछन् ।

सधैँ झैँ माइलो बेलुकाको खाना खाएर डम्मरे कहाँ गफ गर्न गएछ । गफका क्रममा रात पनि निकै वित्न लागेछ । डम्मरेले माइलालाई तँ भन्दा म निकै वीर छु म त आँटी पनि छु तँ जस्तो काँ तर छैन भनेछ । त्यही कुरामा डम्मरे र माइलाको विवाद बढेछ । त्यस विवादलाई टुङ्गो लगाई न्याय दिने न्यायदाता डम्मरेका बुबा भएछन् । उनले ती दुइटा केटालाई बोलाएर भनेछन् “तिमीहरू दुइमा जो पहिले भूत्याहा दहमा पुगी त्यहाँको कमलको फूल ल्याउन सक्छौं त्यो नै वीर हो ।” दुबैले यो कुरा स्वीकार गरे । दुबैजना हस्याङ् फस्याङ्ग गर्दै भुत्याह दहतिर दौडिए । बल र तागतमा माइलालाई कसैले भेटनै सक्दैनथ्यो । उसले डम्मरेलाई उछिनिहाल्यो । उता डम्मरेचाहिँ बाबुसँगको पहिलेको सल्लाहअनुसार अलि पर पुगेर घर फर्कियो ।

विजुलीको गतिमा दौडिएको माइलो तुरून्तै भूत्याह दहमा पुग्यो । त्यहाँ पुग्दा त उसले नानाभाँतिका पत्याउनै नसकिने कुराहरू देख्यो । त्यस दहमा त झलमल्ल उज्यालो रहेछ । दहमाथि बडेबडेका आसनहरू राखिएका रहेछन् । ती आसनमा भद्रभलाद्मी जस्ता बसेका रहेछन् । कोही नाचिरहेका, कोही खानपिनमा व्यस्त खानपिन त मान्छेको मासु पो

रहेछ । मान्छेको खप्परको माला लगाएका चौकिदारहरू रहेछन् । त्यहाँ त भूतको महाउत्सव रहेछ । यो के हो ? कमलको फूल कहाँ छ भनी माइलो सोच्न थालेछ । त्यत्तिकैमा खप्परको माला लगाएका तीनवटा चौकीदार आएर माइलालाई च्याप्प पक्डेछन् । माइलो झसङ्ग भयो । अनि यिनीहरूलाई पछारेर भागौँ कि भन्ने एक मनले सोच्यो भने अर्को मनले के गर्दा रहेछन् हेरौँ न भन्ने सोच्यो । अनि ऊ ती चौकिदारका साथमा गयो । चौकिदारहरूले माइलालाई उनीहरूका महाराज भएका ठाउँमा पुऱ्याए । त्याहाँनेर सारा भूतहरू जमजमाइरहेका थिए । जिउँदो मान्छेको मासु खाना पाइने भइयो भन्ने उनीहरूमा खुसियाली छाएको थियो । माइलाले सबैभन्दा पाकोर भद्र व्यक्ति देखेर त्यहाँको महाराजलाई झुकेर नमस्कार गरेछ । यसरी मानिसले भूतलाई नमस्कार गरेको देखेर भूतहरूको महाराज पनि छक्क परेछ । महाराजले माइला किन र कसरी त्यहाँ आइपुग्यो भन्ने बारेमा सबै कुरा जानकारी लिएछ । र आफूले पनि आफ्नो शक्तिले विचार गरी हेरेछ । महाराजले माइलो टुहुरो भएको, इमान्दार तर सुरो र विद्रोही भएको, डम्मरेर उसका बाबुले छल गरेर मार्न पठाएको जस्ता सबै कुरा बुझेपछि आफ्नै सेवकका रूपमा नियुक्त गरेछ ।

यता गाउँमा रात वित्यो, दिन वित्यो तर माइलो आएन । तामाङ्ग गाउका सारा सोझा सीधा मानिसहरू चिन्तामा परे । उता डमरे र उसको बाबु आफ्नो एक छत्र राज्य चल्ने भो, ब माइलो आउन सक्दैन, त्यसलाई त भूतले सिध्यायो भनेर खुसी भए ।

माइलो मन लगाएर भूतहरूका महाराजको सेवामा तल्लीन भयो । महाराज पनि माइलाको सेवाबाट अत्यन्त प्रसन्न भएछ । महाराजका अन्य अल्छी र धूर्त सेवकहरू माइलासँग रिसाएछन् । माइलाको कारणले गर्दा उनीहरूको कीर्तिमा कमी आएको थियो । उनीहरूको माइलालाई सिध्याउने अनेक प्रयास गरेछन् तर जस्तासुकै प्रयास गर्नेलाई पनि माइलाले सफल हुन दिएनछ । एक पटक त छिमेकी भूत देशले गरेका आक्रमणमा त्यस देशका युवराजको ज्यान झन्नै गएको थियो, त्यसमा पनि माइलाले नै युवराजलाई बचाएको थियो । आफ्नो विश्वासी सेवकमाथि आफ्ना धूर्त सेवकले गरेको आक्रमण महाराजलाई मनपरेछन् । त्यसैले उसले माइलालाई आफ्नो विशेष दिव्यदृष्टि पनि दिएछ । त्यो शक्ति पाएपछि माइलो त्रिकालदर्शी बनेछ । महाराजले खुबै प्यारो गरेर माइलालाई भूतहरूका अनेक विधा पनि सिकाएछ ।

सबै विधा र बुद्धि सिसिसकेपछि माइलाले महाराजसँग भनेछ । “महाराज ! म त मान्छेको छोरो हुँ, यहाँ मेरो कुनै संस्कार मिल्दैन मेरो बिहे गर्ने उमेर पनि भयो, यहाँ मलाई

मिल्ने केटी पनि छैनन्, भइहाले पनि मान्छेले भूतसँग बिहे गर्ने कुरो आउँदैन । त्यसैले म अब बिदा पाऊँ, बिहे गरेर आफ्नै घर जम बसाउँछु ।" माइलाले यसरी विन्ती गरेको सुन्दा महाराज केही बोल्न सकेनछ । एक पटक त ऊ रूनरून पनि खोजेछ र फेरि आफ्नो मनलाई दह्रो पारेर मनछे, "माइला, बाबु ! तिमीले भनेका कुरा ठीक हुन् । म ती सबै बुझ्छु । यत्तिका दिन मेरो सेवा गर्‍यौ, आफ्नै जस्तो लागेछ । तिमीलाई कसरी बिदाई गर्नु भन्ने पीर परिरहेको छ ।" त्यति भनेर महाराजले माइलाको विदाइको सरजाम तयार पार्न लगाएछ । राजकुमारसँग माइलाको मीत लगाइदिएछ र भनेछ "ल बाबु ! अब तिमी मेरो मीत छोरो भयौ, आउने जाने गर्नु, माया नमार्नू, टुहुरो छु भनेर दिक्क नमान्नु, म तिम्रो बुबासमान हुँ । तिम्रो बिहेमा अवश्य बोलाउनू, हामी कुनै जुक्तिले आउँछौ र तिमीलाई सहयोग गर्छौं ।" यति भन्दै प्रशस्त धनदौलत दिई भूत महाराजले माइलालाई बिदाइ गरेछ । माइलो पनि भूतबाट त्यत्रो माया पाएकोमा हर्षले आँशु झार्दै आफ्नो गाउँमै फर्किएछ ।

उता गाउँमा माइलाको रिस गर्ने डम्मरे जस्ताको तस्तै रहेछ । माइलो भने ज्ञानगुन र धनसम्पत्तिले भरिपूर्ण भएर आएछ । आफ्नै जातकी केटीसँग धुमधामसँग बिहे गरेछ । उसको विहेमा भूतहरू मानिसकै रूपमा लिएर आएछन् र खाना बनाउनेदेखि डोली बोक्नेसम्म सहयोग गरेछन् । डम्मरे र उसका बुबा हेरेको हेर्‍यै भएछन् ।

**सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला**
**यो कथा बैकुण्ठ जाला, भन्ने बेला खुरूखुरू आइजाला ।**

स्रोत : जितबहादुर तामाङ्ग
स्वाँरा-१, काफ्लडाँडा

### ३.२.७.१ कथानक

'माइला तामाङ्गको कथा' कथामा सामाजिक तथा अतिरञ्जित विषयवस्तुसँग सम्बन्धित कथानकको प्रयोग भएको छ । यो चरित्रप्रधान घटनामा आधारित कथा भएकाले माइला तामाङलाई नै मुख्य विषयवस्तु बनाइएको छ । यस कथाको कथानक यसप्रकार आएको छ :

माइला तामाङ नाम गरेको एउटा परिश्रमी बलवान अनुशासित, आफूभन्दा ठूलालाई आदर र सानालाई माया गर्ने, बालक, कालमै टुहुरो भएको, गरिब, आफ्नै परिश्रमले एउटा घर र केही जमित जोडेको, केटो हुनु, अन्याय, अत्याचार सहन नसक्ने, विद्रोही र समाजसेवी जस्ता गुणले ऊ लोक प्रिय बन्नु डम्मरेका बाबेको शोषणको खुलेर विरोध गर्ने

हुँदा डम्मरे र उसका बाबु माइला तामाङका शत्रु हुनु, डम्मरे र उसको बाबुको जालमा परी एक दिन रातको समयमा माइला तामाङ एक्लै जूत्याह दहमा पुग्नु, खप्परका माला लगाएका तीवनटा चौकिदार आएर माइलालाई पकड्नु, उत्सव मनाइरहेका भूतहरू मध्ये सबभन्दा भद्र व्यक्ति, जो भूतहरूको महाराज होलाई माइलाले झुकेर नमस्कार गर्नु, भूतहरूको महाराजले माइला तामाङको यथार्थ स्थिति बुझ्नु र उसलाई आफ्नो सेवकको रूपमा नियुक्ति गर्नु, महाराजका केही धूर्त सेवकहरू माइलाका शत्रु बन्नु र माइलालाई सिध्याउने प्रयास गर्दा माइला तामाङ आफ्नै बुद्धिले बच्नु, उसले राजकुमारलाई पनि बचाउनु, महाराजले उसलाई धेरै बुद्धि विवेकका कुरा सिकाउनु, माइलाले घर जाने अनुमति माग्नु, माइला र राजकुमारले मीत लगाउन, माइलालाई धेरै सम्पत्ति दिएर बिहेमा सहयोग गर्ने बाचाका साथ महाराजले विदा गर्नु आदि यस कथाका मुख्य कथानकका अंशहरू हुन् ।

यस कथानकको क्रमिक विकास हेर्दा आदि मध्य र अन्त्य भाग सजिलै छुटट्याउन सकिन्छ । माइला तामाङका सामान्य परिचयदेखि लिएर डम्मरे र उसको बाबुको जालमा परी भूत्याह दहमा पुगुन्जेलसम्मका घटनाहरूलाई कथानको आदि भाग, माइला तामाङले भूत महाराजका दरबारमा बसी काम गरेको, विभिन्न विधा सिकेको आदि लगायत भूतसँग विदा नहुन्जेलका घटनाहरू मध्ये भाग र भूतसँग विदा भई घर आई बिहे गरेका सन्दर्भहरू यस कथानकका अन्त्य भागका रूपमा आएका छन् ।

यो कथानक कार्यकारण सम्बन्धले पनि बलियोसँग कसिएको छ । माइला तामाङ टुहुरो, इमान्दार, अनुशासित, बहादुर र परिश्रमी, विद्रोही भएकै कारणले गाउँमा उसका शत्रु र मित्र दुवै छन् । डम्मरे र उसका बाबु माइलालाई मार्ने प्रयास गर्छन् । माइलाको इमान्दारिता, परिश्रम, अनुशासन आदिका कारण माइलो भूतहरूका महाराजको सेवकका रूपमा नियुक्त भएको छ । उसको राम्रो कार्य देखेर भूतमहाराजका धूर्त सेवकहरू माइलासँग रिसाएका छन् भने महाराज झन खुशी भएको छ । यसरी यस कथामा कार्यकारणको बलियो सम्बन्ध रहेको देख्न सकिन्छ ।

### ३.२.७.२ अभिप्राय

भूतका विभिन्न सन्दर्भहरूको वर्णन गरिएको हुँदा यस कथामा विशेष अभिप्रायको प्रस्तुति देख्न सकिन्छ । नरमुण्ड माला लगाएका भूतहरू विशेष अभिप्रायका रूपमा देखिएका छन् । तिनीहरूले भय सिर्जना गरेका छन् । भूतको महाराज, राज कुमार तथा अन्य

सेवकहरूले पनि विशेष अभिप्रायको प्रस्तुति गरेको देखिन्छ । भूतको दरबारले ऐस आरमलाई सङ्केत गरेको छ । भूतहरूले माइला तामाङको विहेमा अदृश्य रूपमा गरेको सहयोग पनि विशेष अभिप्रायका रूपमै आएको छ ।

## ३.२.७.३ पात्र/चरित्र

शीर्षक अनुसार नै यस कथाको मुख्य पात्र माइला तामाङ हो । यसकै केन्द्रीयतामा कथानक अगाडि बढेको छ । माइलो तामाङ बाल्यकालमै टुहुरो भएको पात्र पनि हो । ऊ इमान्दार परिश्रमी, अनुशासित, विद्रोही स्वभावको र बलवान पनि छ । ऊ आफ्नो कर्म र बुद्धिमा विश्वास राख्दछ । उसले आफ्नो परिश्रम तथा इमान्दारिताका कारण भूतका महाराजको समेत मन जितेको छ । डम्मरे र उसका बाबु माइला तामाङका मुख्य शत्रु हुन् । ऊ अनुकूल, मञ्चीय बद्ध स्थिर स्वभावको पात्रका रूपमा देखा परेका छन् । डम्मरेका बाबुलाई गाउँको शोषकका रूपमा चित्रण गरिएको छ । उनीहरू धुर्त स्वभावका पनि छन् । उनीहरूले नै छल गरेर माइला तामाङलाई मार्ने योजना बनाई रातको समयमा भूत्याह दहमा पठाएका थिए । यी दुवै यस कथाका सहायक तथा मञ्चीय पात्रका रूपमा देखापरेका छन् । भूतको महाराज, राजकुमार, सेवकहरू र अन्य सिपाहीहरू यस कथामा अलौकिक पात्रका रूपमा देखा परेका छन् । त्यहाँ पनि सत र असत दुवै प्रकारका पात्रहरू छन् ।

## ३.२.७.४ कथोपकन

वर्णनात्मक शैलीलाई नै मुख्य रूपमा अपनाए पनि यस कथामा कथोपकथनको प्रयोग पनि भएकै छ । भूतको महाराज र माइला तामाङका बीचमा कथोपकथनको राम्रो प्रयोग भएको देखिन्छ ।

माइला तामाङ "महाराज ! म त मान्छोके छोरो कुनै संस्कार मिल्दैन, मेरो बिहे गर्ने उमेर पनि भयो, यहाँ मलाई मिल्ने केटी पनि छैनन् भइहाले पनि मान्छेले भूतसँग बिहे गर्ने कुरो आउँदैन । त्यसैले म अब बिदा पाऊँ, बिहे गरेर आफ्नै घरजम बसाउँछु ।"

भूत महाराज : "ल बाबु ! अब तिमी मेरो छोरो भयौ, आउने जाने गर्नु, माया नमार्नु, टुहुरो छु भनेर दिक्क नमान्नु, म तिम्रो बाबुसमान हुँ । तिम्रो बिहेमा अवश्य बोलाउनू, हामी कुनै जुक्तिले आउँनेछौ र तिमीलाई सहयोग गर्ने छौ ।"

उपयुक्त सन्दर्भका अतिरिक्त यस कथामा डम्मरे, उसका बाबु र माइला तामाङका सन्दर्भमा पनि कथोपकथनका केही सन्दर्भहरू देखिएका छन् ।

### ३.२.७.५ द्वन्द्व

यस कथामा द्वन्द्वको राम्रै प्रयोग भएको पाइन्छ । यहाँ धनी र गरिबका बीचको द्वन्द्वलाई डम्मरे र उसका बाबुसँग भएको माइला तामाङको द्वन्द्वले सङ्केत गरेको छ । सत्यको जित हुन्छ भने झैँ यस द्वन्द्वमा सत्य र न्यायको पक्षपाती माइला तामाङकै जित भएको छ । उता भूत महाराजका धूर्त सेवकहरू र माइला तामाङको बीचमा पनि द्वन्द्व भएको छ । यस द्वन्द्वमा पनि माइला तामाङकै जित भएको छ । डम्मरे र उसका बाबुमा माइला तामाङको विषयले गर्दा के गरौ र कसो गरौ भन्ने मानसिक द्वन्द्व उत्पन्न भएको छ । त्यसै गरी माइला तामाङ रातका समयमा एक्लै भूत्याह दहमा पुगेपछि त्यहाँको परिवेश देखेर के र कसो गरौं भन्ने मानसिक द्वन्द्व उत्पन्न भएको छ । यसरी यो कथा द्वन्द्वका दृष्टिले सफल नै भएको छ ।

### ३.२.७.६ उद्देश्य

यस कथाका उद्देश्य भन्नु नै मनोरञ्जन प्रदान गर्नु र विभिन्न उपदेशहरू दिनु रहेको छ । यस कथाले माइला तामाङका सन्दर्भबाट शूरता, धैर्य, इमान्दारिता, अनुशासन, परिश्रम आदि कुराहरूको उपदेश दिने उद्देश्य राखेको छ । माइला तामाङलाई नायक बनाई ऊ जस्तै निडर, वीर, अन्यायको विरोध गर्ने साहसी हुनुपर्ने उद्देश्य पनि यस कथामा रहेको देखिन्छ ।

### ३.२.७.७ भाषा

भाषिक सरलता यस कथाको महत्त्वपूर्ण विशेषता हो । यस कथामा सरल, सम्प्रेश्य, ग्राम्य भाषाको प्रयोग भएको छ । यस कथामा कहिल्यै, बिचरा, टुहुरो, प्यारो, छोरो, घरजम, सधैँ, गफ, आँटी, काँतर, भूत्याह, नानाभाँती, पाखा, खप्पर, सिध्याउन, बिजुली, दिनदिन, सित्तैमा आदि जस्ता ठेट नेपाली शब्द प्रयोग भएका छन् । त्यसै गरी यहाँ परिश्रमी, आदर, अनुशासित बल, शोषण, स्वीकार, महाराज, नमस्कार, इमान्दार, छल शत्रु तल्लीन प्रशन्न कीर्ति, त्रिकालदर्शी, विधा, बुद्धि वीर, स्वभाव, विद्रोही अन्याय आदि जस्ता तत्सम शब्दहरू पनि मनग्ये पाइन्छन् । गरिब, जमिन, इज्जत, फुर्सद आदिजस्ता आगान्तुक शब्दहरू कमै

मात्र प्रयोग भएका छन् त, न आदिजस्ता निपातहरूको पनि आंशिक प्रयोग भएको छ । पटक्क हस्याङफस्याङ, च्याप्प जस्ता अनुकरणात्मक शब्दले यथास्थानमा निकै मीठास थपेका छन् ।

### ३.२.७.८ शैली

यस कथामा वर्णनात्मक शैलीलाई नै मुख्य रूपमा अँगालिएको छ । कथावाचकले सुरूदेखि अन्त्यसम्म अविरल रूपमा रोचक ढङ्गले कथावाचन गरेको छ । गद्य शैलीमा भए पनि वाचकको वाचन शैलीले एक प्रकारको लयात्मक स्थिति सिर्जना गरेको छ । कथाका अन्तिम दुई हरफ पूर्ण रूपमा लयात्मक देखिएका छन् । वर्णनात्मक शैली नै भए पनि यस कथाका केही सन्दर्भमा संवादको पनि राम्रो प्रयोग भएको छ । भूत महाराज र माइला तामाङका बीचमा राम्रो संवादको प्रयोग भएको छ । जस्तै :

माइला तामाङ "महाराज ! म त मान्छेको छोरो हुँ यहाँ मेरो कुनै संस्कार मिल्दैन, मेरो बिहे गर्ने उमेर पनि भयो, यहाम् मलाई मिल्ने केही पनि छैनन्, भइहाले पनि मान्छेले भूतसँग बिहे गर्ने कुरो आउँदैन । त्यसैले म अब बिदा पाऊँ, बिहे गरेर आानै घरजम बसाउँछु ।"

भूतमहारा : "ल बाबु अब तिमी मेरो मीत छोरो भयौ, आउने जाने गर्नु, माया नमार्नू, टुहुरो छु भनेर दिक्क नमान्नू, म तिम्रो बाबुसमान हुँ । तिम्रो बिहेमा अवस्य बोलाउन्, हामी कुनै जुक्तिले आउँनेछौ र तिमीलाई सहयोग गर्नेछौं ।"

यसरी मुख्य रूपमा वर्णनात्मक र आंशिक रूपमा संवादात्मक शैली यस कथामा प्रयोग गरिएको देखिन्छ ।

### ३.२.७.९ परिवेश

यस कथामा लौकिक ग्रामीण र अलौकिक गरी दुई प्रकारका परिवेशहरू चित्रण गरएका छन् । डम्मरे, डम्मरेका बाबु, माइला तामाङ जन्मेहुर्केको परिवेश लौकिक ग्रामीण परिवेश हो भने भूतहरूको संसार अलौकिक हो । लौकिक परिवेशमा जाली, फटाह तथा सज्जत दुवैखाले पात्रहरूको उपस्थिति रहेको छ । लौकिक परिवेशमा शोषक र शोषित व्यक्तिहरू रहेका छन् भने अलौकिक परिवेशमा नरमुण्ड माला लगाएका भूतहरू मानिसको

मासुखाएर रमाएका छन् भने लौकिक परिवेशका पात्रहरूले आफ्नो मेहनतले खेतीकिसानी गरेर जीविकोपार्जन गरेका छन् ।

### ३.२.७.१० निष्कर्ष

लौकिक र अलौकिक परिवेशलाई मुख्य आधार बनाई तयार पारिएको प्रस्तुत कथामा माइला तामाङ्गके चरित्रप्रधान विषयवस्तु मुख्य कथानकका रूपमा आएको छ । सरल रैखिक ढाँचामा यसको कथानक अगाडि बढेको छ । माइला तामाङ नै यस कथाको प्रमुख पात्र हो । डम्मरे र उसको बाबु यस कथाका सहायक र असत पात्रका रूपमा देखा परेका छन् । भूतसँगको अलौकिक र द्वन्द्व दुवै दृष्टिले यो कथा सफल नै देखिन्छ । कथोपकथन कथा विधाको अनिवार्य तत्त्व नभए र आंशिक तत्त्व हो । त्यसैले यस कथामा पनि आंशिक रूपमकै कथो पकथनको प्रयोग भएको देखिन्छ । सरल सम्प्रेश्य भाषा र वर्णनात्मक अभिप्रायगत प्रस्तुति देखिएको छ ।

### ३.२.८ युद्धको कथा

पृथ्वीनारायण शाहले नेपालको एकीकरण अभियान थाले छन् । त्यस अभियानलाई उनका भाइभाइदारहरूले पनि निरन्तरता दिएछन् । यही क्रममा रणबहादुर शाहका पालामा नेपाल र तिब्बत दिएछन् । यही क्रममा रणबहादुर शाहका पालामा नेपाल र तिब्बत बीचमा युद्ध भएछ । त्यो युद्धमा नेपाली फौजहरू थोरै रहेछन् ।

तिब्बती फौजको सङ्ख्या धेरै रहेछ । त्यतिमात्र होइन तिब्बतीहरूसँग आधुनिक हातहतियार थिए भने नेपालीहरूसँग गुलेलीभट्याङग्रा मात्र र केही बन्दुक पनि रहेछन् । यस्तो युद्धमा नेपाली फौजले जित्नु त के विचराहरूको सातो जान लागेछ ।

त्यस फौजको नाइके आँटिलो र बाठो पनि रहेछ । उसले नेपाली फौजलाई ढुङ्गा जम्मा गर्न लगाएछ । नाइकेको कुरा मानेर सबै फौजीले कालिका डाँडोमा ढुङ्गा जम्मा गरेछन् । उता तिब्बती सेनाहरू हाइफाईका साथ नेपाली सेनासँग युद्ध गर्न आइरहेका रहेछन् । जब तिब्बती सेनाहरू फिनामको उकालो लागे अनुकल समय मिलाएर नेपाली फौजले पहिले नै जम्मा पारिरहेको ढुङ्गाको थुप्रो तिब्बती सेनातर्फ लडाई दिएछन् । यसरी उकालोमा अचानक आफूतिर ढुङ्गा बर्सन लाग्दा तिब्बती सेनाको केही लागेनछ । धेरै तिब्बती सेनाहरू हताहत भएछन् । केहीले भागेर ज्यान जोगाएछन् । त्यहाँ नेपाली फौजले प्रयोग गरेको ठूलो ढुङ्गाको टुक्रो आजसम्म पाइन्छ रे ।

नेपालीहरूको आक्रमणबाट तिब्बती फौज तितर वितर भएछ त्यसपछि नेपाली सेनाले केही तिब्बती लामाहरूलाई भेटेछन् शत्रु सम्झेर तिनीहरूलाई गोरख कालिका डाँडामा ल्याई तरबारले काटेछन् । यसरी तरबारले काट्दा एउटाको शरीरबाट रगत र अर्को शरीरबाट दुधजस्तो सेतो पदार्थ आएछ । त्यसपछि नेपालीहरूले काटिएका ती दुई लामाहरूलाई बुद्धका दुतका रूपमा लिएछन् । अनि रगत आएका लामाका ठाउँमा दुधे लामा मन्दिर स्थापना गरेछन् । ती दुई लामालाई बुद्धको दुतका रूपमा स्वीकार गरी आज पनि ती मन्दिरमा पूजापाठ गर्ने प्रचलन छँदैछ ।

**सुन्यलाई सुनको माला, भन्नेलाई फूलको माला**
**यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरूखुरू आइजाला**

स्रोत : क्याप्टेन, हर्कवीर गुरुङ
ताकुकोट-१, डाँडाथोक

### ३.२.८.१ कथानक

'युद्धको कथा' ले ऐतिहाँसिक विषयवस्तुमा आधारित कथानक लिएको छ । यस कथाले वीर नेपालीहरूको वीरता र गुरिल्ला युद्धको कथानक बोकेको छ । यस कथाको कथानक यस प्रकार छ :

पृथ्वीनारायण शाहले प्रारम्भ गरेको एकीकरणको अभियानलाई भाइभारदारहरूले निरन्तरता दिने क्रममा रणबहादुर शाहका पालामा थोरै नेपाली फौजीहरू धेरै तिब्बती फौजहरूका बीचका युद्ध हुनु, आधुनिक हातहतियारयुक्त तिब्बती सेनाका साथमा गुलेलीमट्याङ्ग्राका भरमा गर्नु पर्ने युद्धमा नेपाली फौजको सातो जान लाग्नु, आँटिलो र बाटो नेपाली फौजको नाइकेले नेपाली फौजलाई एउटा डाँडामा ढुङ्गा जम्मा गर्न लगाउनु, तिब्बती सेनाहरू फिनामको उकालो लागेका बेला थुपारिएका ढुङ्गा लडाईदिनु, तिब्बती सेनाहरू तितरवितर हुनु, नेपाली सेनाले भेटेका केही तिब्बती लामालाई गोरखा कालिका डाँडामा ल्याई तरबारले काट्दा एउटाको शरीरबाट रगत र अर्काको शरीरबाट दूधजस्तो सेतो पदार्थ आउनु, काटिएका ती लामाहरूलाई बुद्धका दूतका रूपमा लिई रगत आएका लामाका ठाउँमा कालिकास्थान र दूध आएका लामाका ठाउँमा दुधे लामा मन्दिर स्थापना गरी आज पनि ती मन्दिरमा पूजा पाठ गर्ने प्रचलन कायमै रहनु आदि यस कथाका मुख्य कथानक हुन् ।

### ३.२.८.२ अभिप्राय

'युद्धको कथा' कथामा अभिप्रायगत प्रस्तुति कमै भएको छ । यहाँ नेपाली सेनाले तिब्बती लामाहरूलाई समाएको सन्दर्भ देखिन्छ । नेपाली सेनाले ती तिब्बती सेनालाई समाएपछि तरबारले काटी मारेका छन् यसरी दरबारले काट्दा दुई मध्ये एकको शरीरबाट रगत र अर्काको शरीरबाट सेतो पदार्थ निस्किएको छ । त्यसपछि ती लामाहरूलाई नेपाली पक्षले बुद्धका दुतका रूपमा लिएको छ । मान्छेका शरीरबाट सेतो पदार्थ रगतका रूपमा आउनु विशेष सन्दर्भ हो । यही विशेष सन्दर्भबाट यस कथामा विशेष अभिप्राय प्रस्तुत भएको छ ।

### ३.२.८.३ पात्र/चरित्र

यस 'युद्धको कथा' कथामा पृथ्वीनारायण शाह, नेपाली फौजहरू, तिब्बती फौजहरू, भाइभारदारहरू, नेपाली फौजको नाइके, दुई तिब्बती लामा आदि पात्रका रूपमा आएका छन् । ती मध्ये पृथ्वीनारायण शाह रणबहादुर शाह, भाइभारदारहरू नेपथ्य पात्रका रूपमा देखिएका छन् । यिनीहरू कथाभित्र सक्रिय रूपमा प्रस्तुत भएका छन् । यिनीहरू राष्ट्र प्रेमको भावले भरिपूर्ण भएका छन् । राष्ट्रियताकै लागि यी दुई पक्षका बीचमा युद्ध हुन्छ, जहाँ नेपाली फौजीले गरेको आक्रमणपछि नेपाली फौजले नै समाएका तिब्बतीहरू हुन् । यिनीहरूलाई नेपाली फौजले काटेर मारेको छ । मृत्युपश्चात यिनीहरूलाई बुद्धको दूतका रूपमा लिइएको छ र उनीहरूको स्मरणस्वरूप दुई मन्दिर बनाइएका छन् । यस कथामा मानवेतर तथा अलौकिक कुनै प्रकारका पात्रहरूको पनि उपस्थित देखिँदैन ।

### ३.२.८.४ कथोपकथन

यस कथामा कथोपकथनको अंश पाइँदैन । यो कथा पूर्ण रूपमा कथा वाचकले वाचन गरेर नै तयार भएको छ । यहाँ पात्रका बीचमा कुनै गफगाफ भएको देखिँदैन । नेपाली सेनाको नाइकेले नेपाली सेनालाई अह्राएका केही सन्दर्भहरू पनि कथावाचकले नै वर्णन गरेको अवस्था छ ।

### ३.२.८.५ द्वन्द्व

शीर्षक अनुसार नै यस कथामा आन्तरिक भन्दा बाह्य द्वन्द्व नै प्रवल रूपमा देखिएको छ । तिब्बती र नेपाली सेनाका बीचको युद्ध यस कथामा मुख्य द्वन्द्वको रूपमा

आएको छ । यस द्वन्द्वमा नेपाली सेनाको जित र तिब्बती सेनाको हार भएको छ । सङ्ख्यामा धेरै र आधुनिक हात हतिहारले भरिपूर्ण तिब्बती सेनालाई नेपाली सेनाले चलाखीपूर्ण अक्रमणबाट हराएका छन् । नेपाली सेनाको नाइके नबोलन्जेल तिब्बती सेनाको धेरै ठूलो फौज देखेर नेपाली सेनाको सातो जान लागेो थियो । त्यस बेला नेपाली सेनाका मनमा के र कसो गरौ भन्ने मानसिक द्वन्द्व पनि उत्पन्न भएको पाइन्छ ।

### ३.२.८.६ उद्देश्य

मनोरञ्जन प्रदान गर्नुका साथै वीरता, चतुरता आदिको शिक्षा दिनु पनि यस कथामा उद्देश्यका रूपमा आएको देखिन्छ । नेपाली सेनाको चलाखीपूर्ण युद्धको वर्णनबाट राम्रो मनोरञ्जन प्राप्त गर्न सकिन्छ । सङ्ख्यामा थोर तथा हतियारमा कमसल भएर डराएका नेपाली सेनासेना नाइकेको वीरता र चुतुरताका कारण विजयी भएको छ । नेपाली सेनाले चतुरतापूर्ण युद्ध लडेका छन् । यसै गरी वीर पूर्खाहरूको गौरवगायन गर्नु पनि यस कथाको मुख्य उद्देश्यका रूपमा आएको छ ।

### ३.२.८.७ भाषा

भाषिक सरलता यस कथाको अर्को विशेषता हो । यहाँ सरल शब्दहरूको अधिक प्रयोग पाइन्छ । यस कथामा पालामा, भाइभारदार, गुलेलीमट्याङ्ग्रा, सातो, आटिलो, ढुङ्गा, डाँडा, उकालो, थुप्रो, अचानक, ज्यान आदिजस्ता ठेट नेपाली शब्दको प्रयोग भएको छ । एकीकरण, अभियान, निरन्तर, क्रम, युद्ध, सङ्ख्या, फिनाम, अनुकुल, प्रयोग, आक्रमण, स्वीकार, दूत, पूजापाठ, प्रचलन, स्थापना आदिजस्ता तत्सम शब्दको प्रयोग पनि भएको देखिन्छ । तिब्बत, फौजी, बन्दुक तरबार लामा, आदिजस्ता आगन्तुक शब्दहरूको प्रयोग अल्प रूपमा भएको पाइन्छ । त, नै र जस्ता निपात तथा हताहत, तितरवितर जस्ता अनुकरणात्मक शब्दको कमै भए पनि प्रयोग भएको छ । वाक्यका तहमा सरल वाक्यहरूकै आधिक्य छ । केही जटिल वाक्य नभएकाचाहिँ होइनन् ।

(क) पृथ्वीनारायण शाहले नेपालको एकीकरणको अभियान थालेछन् ।

(ख) जब तिब्बती सेनाहरू फिनामको उकालो लागे तब अनुकुल समय मिलाएर नेपाली फौजले पहिले नै जम्मा पारिरहेको ढुङ्गाको थुप्रो तिब्बती सेनातर्फ लडाइदिएछन् ।

उदाहरणमा वाक्य ‘क’ सरल हो भने वाक्य ‘ख’ जटिल हो तथापि दुवै वाक्य अर्थका दृष्टिले सरल छन् ।

### ३.२.८.८ शैली

'युद्धको कथा' कथाको शैली वर्णनात्मक छ । यहाँ कथावाचकले नेपाल र तिब्बतबीच भएको युद्धको वर्णन अविरल रूपमा गरिएको छ । कथोपकथनको अवस्था देखिएको छैन । एकदुई सन्दर्भ जहाँ पात्रहरूका बीचमा संवाद हुने संभावना थियो । त्यहाँ कथावाचकले नै ती पात्रले भनेका कुराहरूलाई अप्रत्यक्ष कथनका रूपमा प्रयोग भएको छ । नाटकीकरणको अवस्था पनि देखिएको छैन ।

### ३.२.८.९ परिवेश

यस कथामा युद्धको परिवेश चित्रण गरिएको छ । नेपालको इतिहासमा रणबहादुर शाहकालीन नेपाल र तिब्बतबीचको युद्ध नै यस कथाको मुख्य परिवेशका रूपमा आएको छ । यहाँ थोरै नेपाली सेनाले चतुर युद्ध नीति अपनाई आधुनिक हातहतियारले सुसज्जित धेरै तिब्बती सेनालाई परास्त पारेको सन्दर्भ मुख्य परिवेशका रूपमा आएको छ । नेपाली सेनाले काटेका तिब्बती सेनाको शरीरबाट सेतो पदार्थ निस्किएको छ । यस सन्दर्भले विशेष अलौकिक परिवेशको चित्रण गरेको देखिन्छ । लामाका शरीरबाट सेतो पदार्थ आएपछि नेपाली सेनाले प्रस्तत् गरेको रूढीगत विचार पनि यहाँको विशेष परिवेशका रूपमा आएको छ । युद्ध मान्छेलाई समाई काटेको रगत बगेको आदि सन्दर्भले यस कथाको भयावह परिवेशलाई पनि सङ्केत गरेको छ ।

### ३.२.८.१० निष्कर्ष

'युद्धको कथा' कथामा शीर्षक अनुसार नै युद्धको विषयवस्तुलाई मुख्य कथानकका रूपमा प्रस्तुत गरिएको छ । कथानक छोटो भएपनि रोचक छ । ापत्रका रूपमा पृथ्वीनारायण शाह, रणबहादुर शाह, नेपाली फौजीहरू, तिब्बती फौजहरू, भाइभारदारहरू, नेपाली फौजको नाइके, दुई तिब्बती लामा रहेका छन् । यहाँ मञ्चीय र नेपथ्य पात्रहरूको प्रयोग पनि भएको छ । सामान्यतः लौकिक र युद्धको परिवेश नै यस कथामा प्रयोग भएको छ । कथोपकथन शुन्यप्रायः देखिन्छ । द्वन्द्वका सन्दर्भमा नेपाल र तिब्बतका तर्फको युद्ध नै बाह्य द्वन्द्वका रूपमै आएको छ । नेपालीहरूको वीरता र चतुरताको सन्दर्भलाई गौरवपूर्ण रूपमा प्रस्तुत गर्नु नै यस कथामा मुख्य उद्देश्यका रूपमा रहेको देखिन्छ । सरल भाषा र वर्णनात्मक शैलीको प्रयोग भएको यस कथामा विशेष अभिप्रायको पनि सामान्य झल्को देख्न सकिन्छ ।

### ३.२.८.९ लोभी बाहुनका कथा

एउटा लोभी बाहुन थियो रे । एक दिन त्यो लोभी बाहुन पूजा गर्न गएको थियो रे । जजमानकामा पूजाको लागि विभिन्न परिकारहरू साथै खीर पनि पकाएको रहेछ । बाहुन पूजा गराउन थाल्यो तर उसका मनमा खीर खाने कुरा मात्र खोलिरहेको रहेछ । उसले पूजामा भन्दा खीरमा बढी ध्यान दिएछ । त्यस घरमा पूजा हेर्न भनेर छिमेकीको छोरो पनि आएको रहेछ । छिमेकीका छोरालाई पनि खीर खाने रहर असाध्यै लागेछ । उता त्यो लोभी बाहुनलाई कतिखेर पूजा सकिएला र खीर खाउँला भइरहेको रहेछ । पूजा सक्न मात्र के लागेको थियो छिमेकीका छोराले एकछेउबाट खीर झिकेर खाएछ र पूरै खीर जुठो पारिदिएछ ।

अब पऱ्यो बाहुनलाई फसाद । बाहुनले अरूको जुठो त के छोएको पनि खान हुन्न भन्ने चलन थियो । अझ त्यो केटा सानो जातको परेछ बाहुनले त्यो खीर खाएको केही गरे अरूले थाहा पाए भने वित्यास पर्थ्यो । बाहुनलाई त्यो घटना देखेर खपिनसक्नु थियो । जजमानका घरमा फेरि खीर पकाउने सरजाम थिएन । बाहुनले खीर खाने आशा त्याग्नु पर्ने भयो । बिचरो बाहुन, एक त लोभी अर्को कति दिनदेखि खीर खान नपाएको, बल्ल मिलेको अवसर कसरी त्याग्न सक्थ्यो र । उसले त्यो केटालाई मनमनै सराप्यो । जति सरापे पनि केही हुनेवाला थिएन । बाहुनले खीर खान कुनै जुक्ति लगाउनै पर्ने भयो । उसले त्यस्तो उपयुक्त जुक्त केही पाउन सकेन । उनका जजमान पनि त्यो केटाले गरेको व्यवहारबाट रिसाए तर केही भन्न सकेका थिएनन् । उनीहरूलाई बाहुनलाई खीर खुवाउन नपाइने भइयो भन्ने चिन्ताले सतायो । उनीहरूलाई बाहुनले कुनै जुक्ति निकालिदिए हुन्थ्यो भन्ने भइरहेको थियो । अथवा तन्त्रमन्त्र गरेर अर्को भाँडोमा बाहुनले पाकेको खीर निकालिदिएर हुन्थ्यो भन्ने पनि जजमानले सोचेछन् । बिचरा बाहुन, त्यो तन्त्रमन्त्र गर्न के सक्थ्यो र ।

कतिवेर सोच्दासोच्दा वल्ल बाहुनलाई एउटा जुक्ति फुरेछ । बाहुनले भनेछ, “घिउ शुद्ध वस्तु हो । यो यज्ञयज्ञादिमा पनि चल्छ । यसलाई शास्त्रले पनि शुद्ध र पवित्र मानेका छन् । यसले अशुद्ध खाद्य वस्तुलाई शुद्ध बनाउँछ । त्यसैले यो खीरमा पनि अलिकति घिउ हालौं र यसलाई शुद्ध बनाऔं अनि मात्र यसको सेवन गर्न मिल्छ ।” बाहुनका यी कुराबाट जजमान अत्यन्त खुशी भएछन् । उनीहरूले बाहुनले भनेभन्दा बढी नै घिउखीरमा हालिदिएछन् । बाहुनले पनि खुशी भएर खीर टन्न खाएछ र ढ्याउढ्याउ डकार्दै आफ्नो बाटो

तताएछ । यही कुरा पछि प्रचलनका रूपमा विकसित भएछ । त्यसैले आजभोलि पनि केही चिजलाई चोख्याउन घिउ हाल्ने चलन छँदैछ । यसरी जे चिजलाई पनि चोख्याउने भएकाले घिउलाई चोख्यान पनि भन्ने गरिएको हो ।

**सुन्यलाई सुनको माला, भन्नेलाई फूलको माला**
**यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा खुरूखुरू आइजाला**

स्रोत : भिमप्रसाद ढकाल
सौरपानी, १ गौरिगाउँ, गोरखा

## ३.२.९.१ कथानक

प्रस्तुत कथामा प्रयुक्त कथानक समाज र सामाजिक संस्कारसँग सम्बन्धित छ । यहाँ बाहुनले आफ्ना जजमानका घरमा गएर पूजा लगाउने सन्दर्भ तथा ब्राह्मण समुदायमा घिउलाई चोख्यानका रूपमा प्रयोग गर्ने सन्दर्भ मुख्य कथानकका रूपमा प्रयोग भएको छ । कथानक यसप्रकार आएको छ :

एक जना बाहुन एक दिन जजमानका घरमा पूजा लगाउन जानु, प्रसादका रूपमा खीर पकाइनु, बाहुनले पूजामा भन्दा खीरमा बढी ध्यान दिनु, सानो जातको छिमेकीका छोराले एक छेउबाट खीर झिकेर खाई पुरै खीर जुठो पारिदिनु, बाहुनलाई खीर खाने साह्रै ठूलो इच्छा हुनु, जजमानका घरमा फेरि खीर पकाउने सरजाम नहुनु बाहुनले घिउ हाली चोख्याउने सल्लाह दिनु र सोही अनुसार खीर चोख्याई सेवन गर्नु यस कथाका कथानकका मुख्य तन्तुहरू हुन् ।

यस कथाको कथानक रैखिक ढाँचामा अगाडि बढेको छ । बाहुन पूजा गर्न जानुदेखि सानो जातको छिमेकीका छोराले खीर जुठो पार्नुसम्मलाई कथानकको आदि भाग मान्न सकिन्छ भने खीर जुठो भएपछि जजमानका मनमा चिन्ता उत्पन्न हुनु, बाहुन, चिन्तित हुनु, विकल्पको खोजी गर्नु आदि कथानकका मध्य भागमा पर्दछन् । बाहुनले खीर चोख्याउने उपाय निकालेदेखि अन्त्यसम्म अन्त्य भागमा पर्दछन् ।

यस कथामा कार्यकारण सम्बन्ध पनि यथोचित रूपमै आएको छ । पूजा लगाउने निधो नै पहिलो कार्य भएको छ । पूजाकै लागि प्रसादका रूपमा खीर पकाइएको छ । खीर देख्दा बाहुन र छिमेकीको छोरो लोभिएका छन् । त्यही लोभका कारणले छिमेकीका छोराले खीर खाएको छ । त्यो घटना नै यस कथाको मुख्य समस्याको कारण बनेको छ । जुठो

खीरको विकल्प खोज्ने क्रममा चोख्यानको कुरा आएको छ । यसरी यस कथामा कार्यकारण सम्बन्ध पनि प्रष्ट रूपमा आएकै छ ।

### ३.२.९.२ अभिप्राय

अभिप्रायका दृष्टिले यो कथा कमजोर रहेको छ । लोककथामा पाइने अभिप्रायगत् अलौकिक घटना तथा वर्णन पाउन सकिँदैन । यहाँ खीर जुठो भएपछि बाहुनले विशेष मुद्रामा रही ध्यान अथवा तन्त्रमन्त्रले समस्याको समाधान निकाल्ला कि भन्ने अनुमान जजमानले सोच्दछन् । त्यहाँ विशेष अभिप्रायको कल्पना मात्र भएको छ तर यथार्थ अभिप्राय भने यस कथामा कतै पनि देखिएको छैन ।

### ३.२.९.३ पात्र/चरित्र

यस कथामा सबै मानवीय पात्रहरूकै प्रयोग भएको छ । ती मानवीय पात्रहरू हाम्रै गाउँसमाजमा देखिने मानिस जस्तै सामान्य छन् । तिनीहरूमा कुनै अलौकिक विशेषता देखिएको छैन ।

बाहुन यस कथाको मुख्य पात्र हो । छिमेकीको छोरो सहायक पात्र हो भने जजमान तथा अन्य पात्रहरू गौण पात्रका रूपमा उपस्थित भएका छन् । नारी पात्रहरूको कुनै भूमिका देखिएको छैन । कुनै मान वेतर पात्रहरूको सन्दर्भ पनि देखिँदैन । छिमेकीको छोराले नकाम गरे पनि त्यो अन्जानमा भएका कारण उसलाई खल पात्र मान्न सकिन्न अन्य पात्रहरू पनि असत नदेखिएकाले स्वभावगत रूपमा सबै पात्रहरू सत पात्र नै छन् । बाहुन र छिमेकीको छोरो मञ्चीयका साथै बद्ध पात्र पनि हुन् ।

### ३.२.९.४ कथोपकथन

यस कथामा कथोपकथनको खासै प्रयोग भएको छैन । यो कथा कथावाचकको एकोहोरो वर्णनबाट नै अगाडि बढेको छ । पात्रका मन भित्रका कुराहरू पनि कथावाचकले नै वर्णन गरिदिएको छ । यति हुँदा हुँदै पनि एक ठाउँमा मुख्य पात्र बाहुनले आफ्ना विचार आफै राखेको छ । अन्य पात्रहरूले बाहुनका कुरा सुनी सोही अनुसार कार्य गरेको देखिन्छ । त्यही सन्दर्भलाई कथोपकथनको सामान्य रूपमा लिन सकिन्छ ।

बाहुन : घिउ शुद्ध वस्तु हो । यो यज्ञयज्ञादिमा पनि चल्छ । यसलाई शास्त्रले पनि शुद्ध र पवित्र मानेको छ । यसले अशुद्ध खाद्य वस्तुलाई शुद्ध बनाउँछ । त्यसैले यो खीरमा पनि अलिकति घिउ हालौं र यसलाई शुद्ध बनाऔं अनि मात्र यसको सेवन गर्न मिल्छ ।

बाहुनको यो भनाई पनि वर्णनात्मक नै छ । तथापि कथाभित्रकै मुख्य पात्र बोलेको हुँदा यस सन्दर्भलाई कथोपकथनको अंशका रूपमा लिन सकिन्छ ।

### ३.२.९.५ द्वन्द्व

यस कथामा बाह्यभन्दा आन्तरिक द्वन्द्व नै चित्रण गरिएको छ । मुख्य पात्र बाहुनका मनमा खीर र पूजाका बीचको द्वन्द्व छ । छिमेकीका छोरा मनमा धैर्य र छटपटीका बीचको द्वन्द्व छ । ऊ धैर्य गरी बस्न खोज्दछ तर छटपटीले उसलाई सताएको छ । त्यसैले उसले प्रसादका रूपमा पकाइएको खीर आफै खाई जुठो समेत हालेको छ । जजमानहरूका मनमा बाहुनलाई खीर खुवाउन नपाउँदा अब के गरौ र कसो गरौंका बीचको द्वन्द्व छ । छिमेकीको छोरो र बाहुन अनि फेरि छिमेकीको छोरो र जजमानका बीचमा पनि द्वन्द्वात्मक स्थिति देखिएको छ ।

### ३.२.९.६ उद्देश्य

मनोरञ्जन प्रदान गर्नु तथा संस्कारको मिथक प्रस्तुत गर्नु यस कथाको मुख्य उद्देश्य हो । कथावाचकको हाउभाउ तथा वाचन शैलीले मनोरञ्जनपूर्ण वातावरण सिर्जना गर्दछ । यस कथाले घिउको महिमा प्रस्तुत गर्ने उद्देश्य पनि राखेको छ । "घिउ शुद्ध वस्तु हो । यो यज्ञयज्ञादिमा पनि चल्छ । यसलाई शास्त्रले पनि शुद्ध र पवित्र मानेको छ । यसले अशुद्ध खाद्य वस्तुलाई शुद्ध बनाउँछ । त्यसैले यो खीरमा पनि अलिकति घिउ हालौ र यसलाई शुद्ध बनाऔं अनि मात्र यसको सेवन गर्न मिल्छ ।" बाहुनका उक्त भनाइमा घिउको महत्त्व र महिमा बढाएको छ । यही सन्दर्भबाट ब्राह्मण समुदायमा घिउलाई चोख्यानका रूपमा प्रयोग गर्ने सन्दर्भ पनि उजागर गरिएको छ ।

### ३.२.९.७ भाषा

यस कथामा सरल ग्राम्य भाषाको प्रयोग भएको छ । वाक्य गठन र शब्द विन्यासमा पनि सरलता नै पाइन्छ । छिमेकी, छोरा, रहर, असाध्यै, कति, खेर, फसाद, वित्यास, सरजाम, बिचरो, बल्ल, मनमनै, सराप्यो, जुक्ति, रिसाएर, खुवाउन, भाँडा, चिन्ता तन्त्रमन्त्र,

सोच्दासोच्दा, फरेछ, टन्न, ढ्याउढ्याउ डकार्दै, चोख्यान, आदि जस्ता ठेट नेपाली शब्दहरूको प्रयोगले यस कथालाई निकै आकर्षक बनाएको छ । शुद्ध वस्तु, यज्ञयज्ञादि, भगवान, पवित्र, खाद्य, सेवन, आदि जस्ता तत्सम शब्दहरूको प्रयोग पनि यस कथामा भएकै देखिन्छ । यस कथामा आगन्तुक शब्दहरूको प्रयोग भने भएको देखिँदैन । र, नि जस्ता निपातको निकै आकर्षक प्रयोग भएको छ । टन्न र ढ्याढ्याउ जस्ता अनुकरणात्मक शब्दको प्रयोग पनि भएको छ । वाक्यका तहमा हेर्दा सरल र जटिल दुवै प्रकारका वाक्यहरूको प्रयोग भएका छन् । जस्तै :

(क) त्यो केटो सानो जातको परेछ ।

(ख) अब पऱ्यो बाहुनलाई फसाद ।

(ग) बाहुन पूजा गराउन थाल्यो तर उसका मनमा खीर खाने कुरा मात्र खेलिरहेको रहेछ ।

संरचनाका आधारमा माथि 'क' र 'ख' मा दिइए वाक्यहरू सरल हुन भने 'ग' मा दिइएको वाक्य जटिल हो । यसरी बनोटका आधारमा सरल र जटिल दुवै प्रकारका वाक्यहरू प्रयोग भए पनि बोधगम्यताका दृष्टिले सबै वाक्यहरू सरल नै छन् । त्यहाँ अर्थगत जटिलता छैन । त्यसै गरी यस कथाका वाक्यगठनमा पदविचलन पनि पाइन्छ । माथि 'ख' मा दिइएको वाक्यमा पदविचलन भएको छ । जहाँ पदान्तमा आउने क्रियापद पदमध्यमा आएको छ ।

### ३.२.९.८ शैली

यस कथामा वर्णनात्मक शैली प्रयोग गरिएको छ । कथावाचकले सरासर अविरल रूपमा घटनाको वर्णन गरेको छ । यहाँ एउटा लोभी बाहुन थियो रे । बाट कथाको प्रारम्भ भएको र 'सुन्ने लाई सुनको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा तुरून्तै आइजाला' बाट कथान्त भएको छ । कथामा गद्य शैलीको प्रयोग भए पनि कथावाचकले लयात्मक रूपमा कथावचन गर्न सक्ने स्थिति छ । कथाको अन्तिम सन्दर्भ 'भन्नेलाई फूलको माला......' चाहिँ प्रष्टै लयात्मक शैलीमा प्रस्तुत गरिएको छ । पात्रहरूका बीचमा हुने संवादहरूलाई पनि कथावाचकले वर्णनात्मक रूपमकै प्रस्तुत गरेको छ । कथाभित्र नाटकीकरणको अवस्था देखिएको छैन तथापि कथावाचकले वाचन गर्दाको अवस्थामा

शारीरिक हाउभाउ भने देखिन्छ । कथाभरि एउटा सन्दर्भमा कथाको मुख्य पात्र बाहुन आफै बोलेको छ :

जस्तै :

"घिउ शुद्ध वस्तु हो । यो यज्ञयज्ञादिमा पनि चल्छ । यसलाई शास्त्रले पनि शुद्ध र पवित्र मानेको छ । यसले अशुद्ध खाद्य वस्तुलाई शुद्ध बनाउँछ । त्यसैले यो खीरमा पनि अलिकति घिउ हालौं र यसलाई शुद्ध बनाऔं अनि मात्र यसको सेवन गर्न मिल्छ ।" यो बाहेक अन्य सन्दर्भमा कथावाचकको वर्णन नै मुख्य रूपमा आएको छ ।

### ३.२.९.९ परिवेश

यस कथामा लौकिक ग्रामीण परिवेश देखिएको छ । बाहुनको लोभी स्वभाव पनि यस कथाको परिवेशले देखाएको छ । जातिय छुवाछुतमा आधारित सामाजिक परिवेश यहाँ चित्रण गरिएको छ । यहाँको परिवेशमा एक अर्काको कुरा काट्ने सन्दर्भलाई पनि चित्रण गरिएको छ । बाहुनले गरेको चोख्यानको कुरालाई सबैले स्वीकारेको हुँदा बाहुनलाई सर्वेसर्वा ठान्ने बाहुनवादी सामाजिक परिवेशको झलक पाइन्छ ।

### ३.२.९.१० निष्कर्ष

'लोभी बाहुनको कथा' कथामा सामाजिक विषयवस्तुलाई किवदन्तीका रूपमा प्रस्तुत गरिएको छ । यसको कथानक सरल, छोटो र रैखिक ढाँचामा आएको छ । पात्रगत स्थितिको खोजी गर्दा सबै मानवीय र पुरूष पात्रकै प्रयोग भएको छ । लौकिक परिवेशका आधारमा संस्कारगत किवदन्ती प्रस्तुत गर्ने उद्देश्य यस कथाले लिएको छ । कथोपकथन सघन रूपमा नआए पनि द्वन्द्वगत स्थिति बलियो रहेको छ । सरल, ग्राम्य, बोगम्य भाषाको प्रयोग भएको छ भने शैलीमा वर्णनात्मकतालाई नै स्वीकारिएको छ । यस कथामा लोककथागत विशेष अभिप्रायको प्रयोग भएको छैन ।

## ३.३ सङ्कलित लोककथाको वर्गीकरण

बहुभाषिक र बहुसांस्कृतिक राष्ट्रका रूपमा चिनिएको नेपालका विभिन्न समुदायमा लोककथाको आ-आफ्नै भाषिक तथा सांस्कृतिक परम्परा रहेको पाइन्छ ।[२०] गोरखा जिल्लाका

---

२०. चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, (काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्यूटर्स, २०५८), पृ. ३८६ ।

ताकुकोट, ताकुमाभ्कलाँकुरीबोट, स्वाँरा र सौरपानी गा.वि.स. मा पनि लोककथा भन्ने र सुन्ने परम्परा रहेको पाइन्छ । ती लोककथाहरू विभिन्न प्रकारका रहेका छन् ।

मुलतः नेपाली लोककथाको वर्गीकरणका सन्दर्भमा भन्नुपर्दा यसमा मात्रै केन्द्रित भएर पूर्ण रूपमा अध्ययन गरिएको पाइँदैन । नेपाली लोककथाको वर्गीकरण सम्बन्धी पहिलो तथा विस्तृत काम तुलसी दिवसबाट भएको पाइन्छ । उपयुक्त वर्गीकरणलाई आधार मानी यहाँ गोरखा जिल्लाका सङ्कलित लोककथाहरूको वर्गीकरण गरिन्छ :

### ३.३.१ धार्मिक लोककथा

रामायण, महाभारत पुराण आदि धर्मग्रन्थहरूमा आधारित लोककथाहरू, धार्मिक लोककथाअन्तर्गत पर्दछन् । यस्ता लोक कथाहरूले नैतिक दृष्टान्त एवम् अर्ती उपदेश दिने अभिप्राय बोकेको हुन्छन् । धार्मिक लोककथाहरू विश्वब्रम्हाण्डको सृष्टि, प्रकृति, अलौकिक शक्ति, महत्त्वपूर्ण चरित्र अथवा घटना आदिसँग सम्बन्धित रहेका हुन्छन् । धर्मप्रति अगाध आस्था राख्ने गोखावासीहरू धार्मिक लोककथामा निकै लोकप्रिय रहेका छन् । यस क्षेत्रमा यहीका स्थानीय देवीदेवतासँग सम्बन्धित धार्मिक लोककथाहरू प्रचलित छन् । ती कथाहरू देवीदेवताको उत्पत्ति र आस्थासँग सम्बन्धित छन् । चिर्केश्वर महादेव उत्पत्तिको कथा, जालपादेवी उत्पत्तिको कथा, युद्धको कथा आदि यस क्षेत्रका चर्चित धार्मिक लोककथा हुन् ।

### ३.३.२ सामाजिक लोककथा

सामाजिक जीवनबाट लिएका पात्र र घटनामा आधारित लोककथालाई सामाजिक लोककथा भनिन्छ ।[२१] त्यस्ता लोककथाहरूमा सामाजिक परिवेशमा आधारित जीवनगत भोगाइ र समस्याहरू प्रतिविम्बित भएका हुन्छन् । यस्ता लोककथाहरू ईर्ष्या, डाह, विश्वासघात प्रतिशोध न्याय, अन्याय, पारिवारिक भ्कै-भ्कगडा अन्धविश्वास आचार व्यवहार आदि विषयवस्तुमा आधारित हुन्छन् । माइला तामाङको कथा बाहुन र लोभी बूढीको कथा आदि यस क्षेत्रमा प्रचलित सामाजिक लोककथाहरू हुन् ।

२१. मोहनराज शर्मा, खगेन्द्रप्रसाद लुइँटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य,** (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६३), पृ. ३८६ ।

### ३.३.३ धुर्त्याइँ र चतुऱ्याइँका लोककथा

बहादुर र चखाल चरित्र भएका लोककथाहरू यसअन्तर्गत पर्दछन् । साहस, बहादुरी र चलाखी मार्फत् आफ्नो कार्य सफल गराउने पात्रहरूबाट साहस, आँट र चलाखीयुक्त गुणहरू विकसित गर्ने उद्देश्यका साथ यस्ता लोककथाहरूको रचना भएको पाइन्छ । त्यसैगरी अत्यधिक मनोरञ्जन प्रदान गर्नु पनि यस्ता लोककथाको विशेषता हो । यस अन्तर्गत चलाखी गरेर ठगी गर्ने कथाहरू पनि पर्दछन् । यहाँ सङ्कलन गरिएका कथाहरूमध्ये 'ठग साधु' को कथा यस अन्तर्गत पर्दछ ।

### ३.३.४ पशुपन्छी र भूतप्रेतका लोककथा

पशुपन्छी र भूतप्रेतलाई प्रमुख पात्रका रूपमा उभ्याइएका लोककथाहरूलाई पशुपन्छी र भूतप्रेतका लोककथा भनिन्छ । यस्ता लोककथामा पशु पन्छीहरू मानिसजस्तै बोल्ने हिड्ने आदि कामहरू गर्नेगर्ष्दछन् । यस्ता लोक कथामा पशुपन्छीहरूलाई मानवीकरण गरिएको हुन्छ । गोरखाका लोककथामा पशुपन्छीको जस्तै भूतप्रेत तथा राक्षहरूको पनि उत्तिकै मह□वपूर्ण भूमिका रहेको पाइन्छ । अनौठा-अनौठा भूतप्रेत तथा राक्षसहरूलाई पात्रका रूपमा उभ्याएर यहाँका लोकाथाहरू निकै मनोरञ्जनपूर्ण बनेका पाइन्छन् । भूतको कथा यस प्रकारको प्रचलित कथा हो । माइला तामाङको कथा आधा भूत र आधा समाजसँग सम्बन्धित कथा हो ।

### ३.३.५ अतिमानवीय लोककथा

मानवेतर पात्रहरूलाई छनौट गरी तिनका विषयमा बनाइएका कथाहरू यस अन्तर्गत पर्दछन् । यस्ता लोककथाहरूमा अप्राकृतिक अद्‌भूत र अलौकिक व्यक्ति वस्तु वा वनस्पति आदिको वर्णन गरिएको हुन्छ । अतिप्राकृतिक वस्तुहरू मुख्यतः मानवेत्तर विषयवस्तुमा आधारित हुन्छन् । गोरखामा यस्ता किसिमका लोककथाहरू भन्ने-सुन्न परम्परा निकै लोकप्रिय रहेको पाइन्छ न्याउरी मुसाको कथा यस प्रकारको कथा हो ।

### ३.३.६ किंवदन्तीमूलक लोककथा

लोकमा प्रचलित असत्य वा अर्धसत्य पुराकथालाई किंवदन्ती भनिन्छ । किंवदन्तीहरूलाई प्राचिनता तथा पारम्परिक्ताका कारण इतिहासँजस्तै हो भन्ने पनि गरिएको पाइन्छ । पुराकथा, दन्त्यकथा, अनुभूति आदि विषयवस्तुमा आधारित लोककथालाई किंवदन्ती

मूलक लोककथा भनिन्छ । यहाँ किंवदन्तीमूलक लोककथाहरूमा धार्मिक राजा, स्थानीय वीर, स्थानीय खोलानाला, चराचुरूङ्गी आदिका विषयमा वर्णन गरिएको पाइन्छ । चिर्केश्वर महादेव उत्पत्तिको कथा जालपादेवी उत्पत्तिको कथा, युद्धको कथा आदि लोककथाहरूलाई किंवदन्तीमूलक लोककथाका रूपमा लिन सकिन्छ ।

# चौथो परिच्छेद
# सारांश तथा निष्कर्ष

## ४.१ सारांश

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने गण्डकी अञ्चलको एउटा जिल्ला गोरखा हो । यस जिल्लाको बनोटमा पहाड, डाँडा-पखेरा जङ्गल, छाँगा-छहरा एवम् विभिन्न नदी र खोलाहरू रहेका छन् । यहाँ विभिन्न चाडपर्वहरू मनाइन्छन् । यस जिल्लाको आफ्नै संस्कृति छ । यही लोकसंस्कृतिको सेरोफेरोमा हुर्किएको लोकजीवनमा सुनिने र भनिने लोककथाहरू नै गोरखा जिल्लाका लोककथा हुन् ।

गोरखा जिल्लाका लोककथाहरूमा मानवीय जनजीवनका सम्पूर्ण पक्षका साथै समसामयिक झलक पनि पाइन्छ । यी लोककथाहरू एक पुस्ताबाट अर्को पुस्तामा र एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दै जीवित र विकसित हुँदै आएका छन् । यी लोककथाहरू लोकको जिब्राबाट कुनै घटना वा प्रसङ्गअनुसार कथात्मक रूपमा प्रस्फुटित हुन थालेपछि जन्मिन गएका हुन् । लोककथाको सम्बन्ध परम्परागत संस्कृति र रीतिरिवाजसँग मात्र नभएर आधुनिकतासँग पनि गाँसिएको हुन्छ र आधुनिक सभ्यताको विकासमा पनि यिनको उल्लेखनीय योगदान रहेको पाइन्छ । सामाजिक, सांस्कृतिक जीवनका विविध घटना, विभिन्न किसिमका प्रसङ्ग, क्रियाकलाप र जीविकोपार्जनसित सम्बन्धित पेसाका साथै सामाजिक अवस्थिति आदिको पनि यी लोककथाहरूमा अभिव्यक्ति पाइन्छ ।

यस अध्ययनमा जम्मा ९ वटा कथाहरू सङ्कलित छन् जसमध्ये ‘चिर्केश्वर महादेवको उत्पत्तिको कथा’ प्रथम कथा हो । यसमा गोरखाको चिर्केश्वर महादेवसँग सम्बन्धित किंवदन्ती मूलक कथानक प्रयोग गरिएको छ । गुरुङ, तामाङ र वराम जस्ता पात्रहरू जातिगत रूपमा आएका छन् । सपनामा महादेव बोल्नेदेखि बाहेक अन्य पात्रहरूका बीचमा कुनै बोलचाल नभएको हुँदा कथोपकथन अत्यन्त न्यून रूपमा आएको देखिन्छ । संरचनागत रूपमा केही जटिल वाक्यहरू भए पनि अर्थगत रूपमा सरलता देखिन्छ । शैलीपूर्ण रूपमा वर्णनात्मक रहेको छ । मानसिक द्वन्द्वलाई मुख्य रूपमा प्रस्तुत गरिएको उक्त कथाले देवताप्रतिको विश्वासलाई प्रगाढ बनाउने उद्देश्य रहेको छ । महादेवको उपस्थिति विशेष अभिप्रायको रूपमा आएको छ ।

'जालपादेवीको उत्पत्ति' यस अध्ययनमा समावेश गरिएको दोस्रो कथा हो । आदि, मध्य र अन्त्य भागमा प्रस्टसँग विभाजित यो कथाको कथानक ग्रामीण समाज र त्यहाँकै परिवेशसँग सम्बन्धित छ । व्यक्ति पात्रको प्रयोग नगरेर सामूहिक रूपमा पात्रगत उपस्थिति देखाउनु यस कथाको पात्रगत विशेष प्रस्तुति हो । मुख्यतः मानसिक द्वन्द्व र आंशिक रूपमा बाह्य द्वन्द्वको प्रयोग गरिएको छ । मनोरञ्जन र जालपादेवीको उत्पत्तिमूलक किंवदन्तीको जानकारी दिने यस कथामा भाषागत सरलता र शैलीगत वर्णनात्मकताका साथै ढुङ्गो र देवीको सन्दर्भ विशेष अभिप्रायका रूपमा आएका छन् ।

'ठग साधु' समाजमा ठग्ने र ठगिने व्यक्तिहरूलाई नै मुख्य पात्र बनाई ठगिनबाट जोगिने सन्देश दिने खालको सामान्य सामाजिक विषयवस्तुमा आधारित कथा हो । सरल र बोधगम्य भाषाका साथै वर्णनात्मक र संवादात्मक शैली यस कथामा प्रयोग गरिएको छ । सत र असत पात्रका बीचमा भएको सामान्य द्वन्द्व देखिए पनि यस कथामा विशेष अभिप्रायगत प्रस्तुति देखिँदैन ।

लौकिक र अलौकिक विषयवस्तुको संयोजनबाट निर्मित 'न्याउरी मुसाको कथा' कथाले मानवीयर मानवेतर पात्रहरूको उपस्थिति देखाएको छ । विषयवस्तुअनुसार नै लौकिक र अलौकिक दुवै प्रकारका परिवेश चित्रण गरे पनि बाह्य भन्दा आन्तरिक द्वन्द्वमा बढी जोड दिएको छ। यथास्थानमा यथोचित कथोपकथन प्रयोग गरी सरल भाषा तथा वर्णनात्मक शैलीमा विशेष अभिप्रायको प्रस्तुतिका साथ मनोरञ्जन र विभिन्न प्रकारका उपदेशात्मक शिक्षा प्रदान गर्ने जमर्को गरेको छ ।

लोग्नेस्वास्नीको सम्बन्धसँग सम्बन्धित सामान्य ग्रामीण विषयवस्तुमा आधारित 'पाहुना र लोभी बूढी' कथामा नर र नारी दुवै वर्गका पात्रको उपस्थिति देखिए पनि मानवेत्तर पात्र प्रयोग भएका छैनन् । सामान्य मानसिक द्वन्द्वका साथ कथोपकथनको यथोचित प्रयोग भए पनि विशेष अभिप्रायको प्रयोग देखिँदैन ।

सरल रैखिक ढाँचामा निर्मित छोटो आयाम भएको 'भूतको कथा' मानवीय-मानवेतर, स्त्री-पुरूष, मुख्य सहायक र गौण जस्ता विभिन्न प्रकारका पात्रको प्रयोगले जीवन्त बनेको छ । सामान्य लौकिक र विशेष परिवेशको प्रयोग भए पनि कथोपकथनका दृष्टिले प्रस्तुत कथा अशक्त नै देखिन्छ । यसमा द्वन्द्वको सामान्य प्रयोग देखिनुका साथै सरल भाषा र

वर्णनात्मक शैलीको प्रयोग भएको छ कथामा विशेष अभिप्रायको पनि सामान्य मात्रामा प्रयोग भएको पाइन्छ ।

लौकिक र अलौकिक परिवेशलाई मुख्य आधार बनाइएको 'माइला तामाङ' शीर्षकको कथामा चरित्रप्रधान विषयवस्तु मुख्य कथानकका रूपमा आएको छ । यो कथोपकथन, सरल सम्प्रेक्ष्य भाषा र वर्णनात्मक शैली तथा भुतको अलौकिक सन्दर्भसँग विशेष अभिप्रायगत प्रस्तुति यस कथाका विशेषता हुन् ।

युद्धलाई नै मुख्य विषयवस्तु बनाइएको 'युद्धको कथा' कथामा पृथ्वीनारायण शाह, रणबहादुर शाह, नेपाली फौजीहरू, तिब्बती फौजहरू, भाइभारदारहरू, जस्ता नेपालका ऐतिहाँसिक पात्रहरूको प्रयोग भएको छ । सामान्यतः लौकिक र युद्धको परिवेशको प्रयोग भएको यस कथामा कथोपकथनगत शून्यता देखिन्छ । नेपाल र तिब्बतका तर्फको युद्ध नै बाह्य द्वन्द्वका रूपमा आउनुका साथै सामान्य आन्तरिक द्वन्द्व पनि प्रयोग भएको छ । नेपालीहरूको वीरता र चतुरताको सन्देश मुख्य उद्देश्यका रूपमा रहेको यस कथामा सरल भाषा र वर्णनात्मक शैलीको प्रयोग हुनुका साथै विशेष अभिप्रायगत झल्को देख्न सकिन्छ ।

सामाजिक विषयवस्तुलाई किंवदन्तीका रूपमा प्रस्तुत गरिएको 'लोभी बाहुनको कथा' कथामा सबै मानवीय र पुरूष पात्रकै प्रयोग भएको छ । कथोपकथन सघन रूपमा नआए पनि द्वन्द्वगत स्थिति बलियो रहेको यस कथामा सरल, ग्राम्य, बोधगम्य भाषा तथा वर्णनात्मक शैलीका साथ लोककथागत विशेष अभिप्रायको कमजोर प्रस्तुति पाइन्छ ।

यसरी यस अध्ययनमा सङ्कलित ९ (नौ) ओटा कथाहरूले विषयगत तथा उद्देश्यगत विविधता प्रस्तुत गरे पनि प्रस्तुतिगत एकरूपता नै देखाएका छन् । यहाँ कथावाचकको मुख्य भूमिका रहेको छ । उसले आफ्नै शैलीमा कथा वाचन गरेको छ ।

## ४.२ निष्कर्ष

निष्कर्षमा के भन्न सकिन्छ भने गोरखा जिल्लामा प्रचलित लोककथाहरूमा त्यहाँको स्थानीय रङ्ग, सामाजिक परिवेश, आर्थिक अवस्था, धार्मिक विश्वास धुर्त्याइँ र चतुऱ्याइँ, आदिको चित्रण पाइनाका साथै ऐतिहासिक झलक र प्राकृतिक दृश्यावलीका यथार्थ चित्रण पाइन्छन् । यहाँका लोककथामा विषयगत विविधता, श्रुतिमाधुर्य तथा प्रस्तुतिका विविध ढाँचा स्थानीय जनजीवनमा व्याप्त छन् । तिनलाई लोकजीवनले संरक्षण गर्दै नयाँ नयाँ स्वाद लिँदै

आएको छ । यहाँका लोककथाहरूले सिङ्गो लोकसाहित्यको गरिमा बढाउने काममा आफ्नो क्षेत्रबाट विशिष्ट सहयोग पुऱ्याउन सफल भएका छन् ।

प्रस्तुत अध्ययनमा गोरखा जिल्लामा ताकुकोट, ताकुमाझ लाँकुरीबोट स्वाँरा र सौरपानी गा.वि.स. मा प्रचलित लोककथाहरू मात्र समेट्ने प्रयास गरिए पनि तिनले समग्र गोरखा जिल्लाकै लोककथाको प्रतिनिधित्व गरेका छन् । समग्र रूपमा नेपाली लोकसाहित्यकै व्यवस्थित अध्ययन नभइसकेको वर्तमान अवस्थामा यहाँ गरिएका विविध लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषणले केही आधारसामग्री प्रदान गर्ने छ ।

लोककथा कथालेखनको शास्त्रीय नियम र सिद्धान्तभन्दा बिल्कुलै टाढा र स्वतन्त्र रहेको हुन्छ । यसमा कथागत तत्त्वहरूको सङ्गठनात्मक पक्षलाई भन्दा कथा वा घटनालाई नै मूलरूपमा जोड दिएको हुन्छ, त्यही लोकस्तरीय बोलीमा नै लोककथालाई ग्रहण गरिन्छ । त्यस्तै सामाजिक, सांस्कृतिक, धार्मिक आदि विविध विषयवस्तु र प्रवृत्तिका लोककथाहरूको सङ्कलन यहाँ हुन गएको छ ।

समग्रमा गोरखा जिल्लामा लोकसाहित्यका पक्षमा वर्तमान समयसम्म कुनै पनि अध्ययनअनुसन्धान नभएको परिप्रेक्ष्यमा यहाँ प्रचलित लोककथासँग सम्बन्धित प्रस्तुत अध्ययनले त्यहाँका लोककथाको क्षमता र वैशिष्ठ्य प्रस्तुत गरेको छ । वास्तवमा गोरखाको विगत र वर्तमानलाई बुझ्न र यस क्षेत्रका भावी सम्भावनालाई निम्त्याउन प्रस्तुत अध्ययनले विशेष योगदान पुऱ्याउने देखिन्छ भने यसबाट भाषिक क्षेत्रका अन्य विविध क्षेत्र पनि लाभान्वित हुने तथा गोरखा जिल्लामा प्रचलित साहित्यका विविध विधाहरूको सैद्धान्तिक पहिचान गर्न समेत टेवा पुऱ्याउने विश्वास गर्न सकिन्छ ।

## ४.३ भावी अनुसन्धानका लागि सुझाव

गोरखा जिल्ला लोकसाहित्यका दृष्टिले निकै धनी देखिन्छ । यहाँको लोकसाहित्यको अध्ययन र अनुसन्धानका सिलसिलामा प्रस्तुत शोधपत्र नै पहिलो खुड्किलोका रूपमा प्रस्तुत छ । अतः लोकसाहित्यका कुनै पनि पक्षको अध्ययन अनुसन्धान हुन नसकेको वर्तमान परिप्रेक्ष्यमा ती विविध क्षेत्रको पहिचान गरी लोकसाहित्यको क्षेत्रबाट जिल्लालाई राष्ट्रिय स्तरमा चिनाउनका लागि भावी अनुसन्धानकर्ताले निम्न लिखित शीर्षकमा अनुसन्धान गर्न सक्नेछन् :

(क) गोरखा जिल्लामा प्रचलित लोकगीतहरूको अध्ययन

(ख) गोरखा जिल्लामा प्रचलित लोकनाटकको अध्ययन

(ग) गोरखा जिल्लामा प्रचलित उखान-टुक्को अध्ययन

# परिशिष्ट १

## सङ्कयिलत लोककथावाचहरूको परिचय

| क्र.सं. | लोककथाको शीर्षक | कथावाचकको नाम | ठेगाना |
|---|---|---|---|
| १. | चिर्केश्वर महादेवको उत्पत्तिको कथा | धनकाजी तामाङ | स्वाँरा-८, थला, गोरखा |
| २. | जालपादेवीको उत्पत्तिको कथा | रूद्रबहादुर बराम | सौरपानी-९, तुक्राङ्ग, गोरखा |
| ३. | ठग साधुको कथा | लोकबहादुर खड्का | ताकुकोट-२, भालेढुङ्गा, गोरखा |
| ४. | न्याउरी मुसाको कथा | मीनबहादुर थापा | ता.मा.ला. बोट-२, कुमाल्टारी |
| ५. | पाहुना र लोभी बूढाको कथा | आइतमान गुरूङ | सौरपानी-६, जौवारी, गोरखा |
| ६. | भुतको कथा | शिवप्रसाद पनेरू | ताकुकोट-९, उल्टे, गोरखा |
| ७. | माइला तामाङ | जितबहादुर तामाङ | स्वाँरा-१, काफलडाँडा, गोरखा |
| ८. | युद्धको कथा | क्या. हर्कवीर मगर | ताकुकोट-१, डाँडाथोक, गोरखा |
| ९. | लोभी बाहुनको कथा | भीमप्रसाद ढकाल | सौरपानी-१, गैरीगाउँ, गोरखा |

# सन्दर्भ सामग्री सूची

उपाध्याय, कृष्णदेव, **लोकसाहित्य की भूमिका**, इलाहावाद : साहित्यभवन, इ.सं. १९७७ ।

उप्रेती, कुन्दनलाल, **लोकसाहित्य को प्रतिमान** (दो.सं.) अलीगढ : भारत प्रकाशन मन्दिर, ई. १९८० ।

कोइराला, शंकरप्रसाद, लो**कसाहित्य सिद्धान्त र विश्लेषण**, (दो.सं.) विराटनगर : धरणीधर प्रज्ञाप्रतिष्ठान, २०५६ ।

गिरी, जीवेन्द्रदेव, **लोकसाहित्यको अवलोकन**, काठमाडौँ : एकता प्रकाशन २०५७ ।

गुरूङ कैयए सिङ्, **हाम्रो नेपाली लोककथा**, लमजुङ : प्रेमगुरूङ, २०५६ ।

जोशी, शम्भुराम र अन्य, **भिलेज डेमलोपमेन्ट रिपोट**, (पुतलीसडक, काठमाडौँ : इन्टेसिभ स्टडी एण्ड रीसर्च सेन्टर) इ. २००८ ।

जोशी, सत्यमोहन, **हाम्रो लोक संस्कृति**, काठमाडौँ : रत्नपुस्तक भण्डार २०४१ ।

त्रिपाठी, वासुदेव, **सिंहावलोकन**, काठमाडौँ : रत्नपुस्तक भण्डार, २०१४ ।

थापा, धर्मराज र सुवेदी, हंसपुरे, **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौँ : पा.वि.के. त्रि.वि. २०४१ ।

दिवस, तुलसी, **नेपाली लोककथा केही अध्ययन**, काठमाडौँ : ने.रा.प्र.प्र. २०३२ ।

पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक**, काठमाडौँ : वीणा प्रकाशन ।

पराजुली, ठाकुरप्रसाद, **नेपाली साहित्यको परिक्रमा**, (दो.सं.), काठमाडौँ : विद्या प्रकाशन, २०४५ ।

पराजुली, मोतीलाल, **नेपाली लोकगाथा**, पोखरा : श्रीमती तारादेवी पराजुली, २०४९ ।

..........., **नेपाली लोककथाका अभिप्रायहरूको अध्ययन**, त्रि.वि. विद्यावारिधि शोध प्रबन्ध, २०५५।

पोखरेल, बालकृष्ण, **नेपाली बृहत् शब्दकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४० ।

बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य**, काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स, २०५८ ।

बर्मा, धिरेन्द्र, **हिन्दी साहित्यकोश**, (ते.सं.) वनारस : ज्ञानमण्डल प्रकाशन, १९८५ ।

रिजाल, लोकना, “धादिङ जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण”, अप्रकाशित एम.ए. शोधपत्र त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६२ ।

लोच, मरिया, **स्टयाण्डर्ड डिक्सनरी अफ फोकलर**, मिथलोजी एण्ड लिजेण्ड बगन्लस कम्पनी, इ. १९४७ ।

शर्मा मोहनराज र लुइँटेल खगेन्द्रप्रसाद, **लोकवार्ता विज्ञान र लोकसाहित्य**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

सत्येन्द्र, **लोकसाहित्य विज्ञान**, (दो.सं.) आगरा : शिवलाल अग्रवाल एण्ड कम्पनी, इ. १९७१ ।

ज्ञवाली, सविना, “गुल्मी जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण”, अप्रकाशित शोध पत्र, त्रि.वि. कीर्तिपुर, २०६१ ।

**गोरखा दर्पण**, (जि.शि.का. गोरखा) प्रकाशित २०५४ ।